# परिच्छेद - एक

# परिचय

## १.१ परिचय

मानव समाजले प्रारम्भदेखि हालसम्म विभिन्न उतारचढावहरू पार गर्दै आएको देखिन्छ । आज विश्वका विभिन्न देश र ती देशभित्रका फरक-फरक समाजको स्तरीकरण फरक-फरक ढंगबाट विकास हुँदै आएको पाइन्छ, कारण त्यस देशको र समाजको शिक्षाको अवस्था, चेतनाको विकास, व्यवहार एवं सोँचमा आएको परिवर्तनलाई नै प्रमुख कारण मान्न सकिन्छ । सामाजिक विकासमा शिक्षाको भूमिका अति नै महत्त्पूर्ण रहेको पाइन्छ । शिक्षाको विस्तारले समाजको विभिन्न क्षेत्रमा अनुकूल प्रभाव पारेको देखिन्छ ।

बृहत नेपाली शब्दकोशका अनुशार “शिक्षा भन्नाले विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम अथवा ज्ञान लिने वा दिने कार्यलाई बुझाउँछ ।” शिक्षा भनेको सुनेर वा सिकेर वा अन्य कुनै प्रकारले समाजबाट र प्रकृतिबाट ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारीक विषयको बोध हो । शिक्षाले हामीलाई तालिम वा अर्ती उपदेश दिने काम गर्दछ । शिक्षा विकास, सभ्यता र सुसंस्कारको लागि नभई नहुने पूर्वाधार हो । शिक्षा औपचारिक, अनौपचारिक, नियमित वा अनियमित जुनसुकै किसिमले लिन वा दिन सकिन्छ । यस जीवनको सुरूवातदेखि मृत्युपर्यन्त चलिरहने नियमित प्रक्रिया हो । आधुनिक युगमा शिक्षा प्राप्त गर्नु मनिसको जन्मसिद्ध अधिकार मानिन्छ ।

संक्षेपमा भन्नुपर्दा शिक्षाको सामान्य अर्थ मस्तिष्कको विस्तृतीकरण तालिम वा दक्षता, विश्वव्यापी दृष्टि, सच्चरित्र, क्षमता, विश्वसनीयता, उच्च विचार सर्वज्ञान शान्त स्वभाव आदि भन्ने बुझिन्छ ।

नेपालको शैक्षिक इतिहासलाई फर्केर हेर्ने हो भने वैदिक कालदेखि वेदवेदाश्रम, देवदेवालय, गुरूकुल, पाठशाला हुँदै आधुनिक शिक्षाको सुरूवात राणाशासन कालमा वि.सं. १९०६ मा जङ्गबहादुर राणा वेलायत भ्रमणबाट फर्कदा सँगै ल्याएका Mr. Canning लाई प्रधानाध्यापक र Mr. Ross लाई सुपरीवेक्षक बनाई वि.सं. १९१० असोज २७ गते थापाथलीस्थित दाखचोकमा अंग्रेजी शिक्षाको प्रारम्भ गरेबाट भएको थियो ।

वर्तमान समयमा आएर संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (१९४८) को धारा २६ मा न्यूनतम प्राथमिक शिक्षासम्बन्धी व्यवस्था गरिएको छ । सबैका लागि शिक्षा कार्यक्रम (EFA) थाइल्याण्डको जोम्तिनमा सन् १९९० मा आयोजना गरिएपछि आधारभूत शिक्षाका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विशेष चासो बढेको पाइन्छ । नेपालमा पनि सन् २०१५ सम्ममा सबैका लागि प्राथमिक शिक्षा सुनिश्चित गराउने, शिक्षामा सर्वसुलभता, समान अवसर प्रदान गर्ने, लैङ्गिक असमानता न्यून गर्ने, सामाजिक, आर्थिक पहुँच, विविध जनजाति, भाषाभाषी, दलित/पीडित महिला, केटाकेटी, अपाङ्ग, सीमान्त वर्गलाई समेत आनिवार्य प्राथमिक शिक्षा प्रदान गरी उनीहरूको ज्ञान, सीप, क्षमता, योग्यता र व्यवहारमा विशेष परिवर्तन ल्याउने प्रयास गरिएको छ ।

आ.व. २०६६/६७ देखि नेपालको शैक्षिक क्षेत्रमा गुणस्तरीय शिक्षा, व्यावसायिक सीपमूलक एवं समावेशी शिक्षामा सबैको पहुँच विस्तार गर्नुको साथै संरचनागत रूपबाट पनि सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) लागू भएको छ ।

एक्काईसौँ शताब्दीमा पुगिसक्दा पनि नेपालका लगभग आधाजसो मानिसहरू अशिक्षित नै छन् । वि.सं. २०५८ सालको जनगणनाअनुसार नेपालको साक्षरता ५३.६४ रहेको छ । कुनै पनि देशको शिक्षामा त्यस देशको आर्थिक, सामाजिक पक्षले अत्यन्तै प्रभाव पारेको हुन्छ । नेपालको समग्र साक्षरता प्रतिशत अति नै न्यून रहेको पाइन्छ । त्यसमा पनि सबै जातजातिका मानिसहरू समान रूपमा साक्षर भने छैनन् । नेपालका धेरै जनजातिहरूको शैक्षिक स्तर अति नै न्यून रहेको छ । नेपालमा ५९ जनजातिहरूमध्ये तनहूँका दरै जाति र त्यसमा पनि सदरमुकामबाट सुदूर पश्चिम दक्षिणमा अवस्थित गजरकोटका दरै जातिको शैक्षिक तथा आर्थिका अवस्था ज्यादै दयनीय रहेको छ ।

शैक्षिक उपलब्धि शिक्षा आर्जनको गुणात्मक पक्ष हो । साक्षरता दर सङ्ख्यात्मक हुन्छ भने उपलब्धिको मापन गुणात्मक हुन्छ । कुनै पनि नागरिकले शिक्षा आर्जन पश्चात् त्यसको प्रभाव उसको भौतिक जीवनमा के कस्तो परिवर्तन वा सुधार ल्याउन सक्यो? भन्ने कुरा शैक्षिक उपलब्धिबाट मापन गर्न सकिन्छ । साक्षरता अवस्थाबाट कक्षागत तहगत श्रेणीगत वृद्धि कुन रूपमा भएको छ, त्यसबाट उसले आफ्नो व्यक्तिगत पारिवारिक जीवनका साथै समुदायका लागि के कस्तो योगदान गर्न सक्यो? भन्ने कुरा उपलब्धिबाट मापन गर्न सकिन्छ । हामीले आर्जन गरेको शिक्षा वा ज्ञान देशभित्र र बाहिर पनि के कति व्यावहारिकतामा आउन सक्यो र फाइदा लिन सक्यो ? भन्ने कुरा उसले हासिल गरेको

उपलब्धिस्तरमा भर पर्दछ जस्तो कि हाम्रो देशको शिक्षाले व्यावहारिकतामा भन्दा बढि सिद्धान्तमा जोडदिएको हुनाले जुनसुकै तह पार गरे पनि सैद्धान्तिक ज्ञान र कागजी प्रमाणपत्रमात्र हासिल गरेको हुन्छ । त्यसले व्यावहारिकतामा धेरै परिवर्तन ल्याउन सकेको हुँदैन । सामान्य साक्षर वा निरक्षर व्यक्ति र आधारभूत तहको ज्ञान हासिल गरेको व्यत्तिलाई कोरा जनशक्तिको रूपमा लिने गरिन्छ । देशभित्र र विदेशमा पनि उनीहरूले पाउने रोजगारीको प्रकृति र पारिश्रमीक दर उस्तै रहन्छ । अझ विदेशको परिवेशलाई हेर्ने हो भने एस.एल.सि.वा आइ.ए. सम्मको शिक्षा हासिल गरेको व्यक्ति र सामान्य साक्षर व्यक्तिलाई एउटै रूपमा हेर्ने र कामको प्रकृति र पारिश्रमिक पनि उस्तै रहने हुनाले अधिकांश युवाहरूमा पढाइ प्रतिको रूचि घटेको देखिन्छ ।

अध्ययन क्षेत्रका दरैहरूले पढाइप्रति खासै चासो राख्दैनन् । पढेर भन्दा काम गरेर खान पाइन्छ भन्ने उनीहरूको बुझाइ छ । सानो छँदा घरमा काम गर्न नसक्ने र सामान्य अक्षर चिन्नु पर्छ भन्ने उद्देश्यले बच्चाहरूलाई स्कूलमा भर्ना गराउँदछन् त्यसपछि पढ्यो वा पढेन र कति पढ्ाउने ? भन्ने विषयमा बाबु आमालाई त्यति चासो रहेको पाइएन् । अर्को तर्फ काम गर्न सक्ने भएपछि पढाइमा भन्दा काममा बढि महत्त्व दिने  हुँदा विद्यालयमा नियमित नहुने वा बीचमै पढाइ छाडने सङ्ख्या बढेको पाइन्छ । शैक्षिक उपलब्धि कमजोर हुनुमा आर्थिक प्रभाव नै जिम्मेवार हुने सम्भावना देखिएकाले वास्तविकता अध्ययन गरी यथार्थता पत्ता लगाउन र आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावबारे अनुसन्धान गर्नाका लागि यो प्रस्ताव पत्र तयार पारिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा राष्ट्र उन्नतिको पहिलो सूचक हो । अन्य पूर्वाधारहरूको पनि पूर्वाधार हो । सामाजिक, आर्थिक र साँस्कृतिक विकासको महत्त्वपूर्ण पक्ष हो । व्यक्तिको सामाजिकीरण र आर्थिक विकासमा सहयोग पुऱ्याउनु शिक्षाको प्रमुख उद्देश्य हो । व्यक्तिको अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन गराई व्यक्तित्व विकासका साथै राष्ट्रिय रूपमा राष्ट्रप्रति जिम्मेवार योग्य, दक्ष र सक्षम नागरिक जनशक्ति उत्पादन गर्ने काम पनि शिक्षाको हो । हरेक राष्ट्रले शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा राखेको हुन्छ ।

शिक्षा मानव जीवनका लागि महत्त्वपूर्ण सावित हुँदा हुँदै पनि हाम्रो समाजमा शिक्षा प्राप्तिका लागि जुन रूपबाट सक्रियता बढ्नु पर्ने हो, संलग्नता र निरन्तरता देखिनु पर्ने हो

त्यो क्रमशः घटिरहेको पाइन्छ । अझै पनि ग्रामीण क्षेत्रमा विद्यालयबाहिर रहने सङ्ख्या, भर्ना भएर बीचैमा छोड्नेको सङ्ख्या, माध्यमिक तह पूरा नगर्नेहरूको सङ्ख्यामा कमि ल्याउन सकिएको छैन ।

सदरमुकामदेखि सुदूर दक्षिण पश्चिम भेगमा रहेको यो बस्ती कालिगण्डकी नदीको समथर तथा सुख्खा टारमा अवस्थित छ । आर्थिक र शैक्षिक रूपले पछाडि परेका दरै जातिको समग्रता 'जनजीवन'को अध्ययन सामान्य रूपबाट भए पनि यस क्षेत्रका दरै जातिहरूको शैक्षिक र आर्थिक अवस्था किन पछाडि पऱ्यो ? जग्गा जमीनको हिसाबले सम्म परेको टार, मिश्रित बसोवास शैक्षिक संस्थाको हकमा वि.स. २०१७ सालमा स्वयं दरैहरूको पनि सक्रियतामा स्थापित श्री कृष्ण प्रा.वि. (हाल उच्च मा.वि.) यसै वडामा रहेको हुँदाहुदै पनि शिक्षा आर्जनमा दरैहरू किन पछाडि परे ? यसरी पछाडि पर्नुमा अन्य थुप्रै कारणहरू हुनसक्छन् तापनि आर्थिक पक्ष सबैभन्दा महत्त्वपूर्ण हुनसक्ने सम्भावना रहेकाले शैक्षिक उन्नतिमा आर्थिक पक्षको भूमिका विषयमा अध्ययन अनुसन्धान गरी वास्तविक यथार्थता पत्ता लगाई त्यस जातिको शैक्षिक अवस्थामा सुधार ल्याउन सत्य तथ्य अध्ययन गरी आवश्यक राय सुझाव सङ्कलन नै यस अध्ययनको मुख्य समस्याको कथन रहेको छ

## १.३ अध्ययनको उद्देश्य

नेपाल आर्थिक एवं शैक्षिक दुवै पक्षमा विश्वमा नै पछाडि परेको मुलुक भएकै कारण निश्चित रूपमा यस राष्ट्रका विविध जात जातिहरूको आर्थिक र शैक्षिक स्तर पनि फरक फरक भएको अध्ययनहरूले देखाइरहेको छ । यद्यपि कुनै एक जाति विशेषमा र स्थान विशेषमा त्यसको सूक्ष्म अध्ययन गरी विश्लेषण गरेर हेर्ने हो भने कारक तत्त्वहरूको भूमिका पनि फरक देख्न सकिन्छ ।

प्रस्तावित दरै समुदायको शैक्षिक अवस्थामा प्रभाव पार्ने आर्थिक पक्षको साथै अन्य सामाजिक तथा साँस्कृतिक पक्षबारे अध्ययन गर्नु यसको साधारण उद्देश्य रहे तापनि विशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् ।

क) दरै जातिको शैक्षिक अवस्थाका साथै सामाजिक, साँस्कृतिक अवस्था अध्ययन गर्नु ।

ख) दरै जातिको आर्थिक अवस्थाको यथार्थता पत्ता लगाउनु ।

ग) दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावबारे विश्लेषण गर्नु, र सुधारको लागि आवश्यक राय सुझाव सङ्कलन गर्नु ।

## १.४ अध्ययनको महत्त्व

शैक्षिक अवस्था, सामाजिक/साँस्कृतिक परिवेश र आर्थिक अवस्था एक अर्कामा अन्तर्सम्बन्धित र प्रभावमूलक रहन्छन् । कुनैपनि जातजातिको शैक्षिक प्रगतिमा त्यस समाजको आर्थिक अवस्था र साँस्कृतिक परिवेश जिम्मेवार रहेको हुन्छ । कुनै एउटा समुदायभित्र पनि फरक फरक आर्थिक अवस्थाको कारण शैक्षिक अवस्थामा अन्तर देखिन्छ, राम्रो आर्थिक अवस्था भएको परिवारमा शैक्षिक सुधार भएको पाइन्छ भने कमजोर आर्थिक अवस्था भएको परिवार शिक्षा आर्जनमा पछाडि परेको पनि देखिन्छ ।

नेपालमा जनजातीय अध्ययन अनुसन्धान धेरै भएको पाइन्छ । दरै जातिको समग्र जनजीवनबारे अध्ययन अनुसन्धान पनि भएका छन् तर विशेष गरी स्थान विशेषका उनीहरूको मुख्य समस्यालाई आधार बनाई त्यसको सत्यतथ्य खोजी गर्ने कार्य भने कमै भएको पाइन्छ ।

प्रस्तावित समस्याको बारेमा अनुसन्धान गरी दरै जातिको आर्थिक अवस्थालगायत अन्य सम्बन्धित पक्षले उनीहरूको शैक्षिक अवस्थामा के कस्तो प्रभाव पारेको छ यसको सुधारका लागि के कस्ता सुझाव पेश गर्न सकिन्छ हालसम्म यस ठाउँमा, यस जातिका बारेमा यस किसिमको अध्ययन हुन नसकेकोले यसले समग्रमा त्यस दरै समुदायको शैक्षिक उत्थानमा थप योगदान पुऱ्याउन सकिने पक्ष नै यस अनुसन्धानको महत्त्व रहने अपेक्षा गरिएको छ । साथै उनीहरूको शैक्षिक विकासमा बाधक रहेका पक्षहरूको उजागर भई आवश्यक सुधारमा सहयोग पुऱ्याउन स्थानीय निकाय गै.स.स. एवम् सरकारको दृष्टि पुऱ्याई उनीहरूको चौतर्फी उत्थानमा सहयोग पुऱ्याउनु यसको महत्त्व रहेको छ ।

## १.५ अध्ययनको सीमा

नेपाल एक बहुजाति बहुभाषिक र बहुसाँस्कृतिक विशेषता रहेको देश हो । यसको पूर्व मेची, पश्चिम महाकाली, हिमालदेखि तराईसम्म विभिन्न जातजाति छरिएर रहेका छन् । तिनै विविध जनजातिमध्ये दरै जाति नेपालको मध्य पहाडी र भित्री मधेशमा बसोबास गर्दै आइरहेको आदिवासी हो । तनहूँ जिल्लाकै विभिन्न ठाउँमा पनि यस जातिको बसोबास रहेको पाइन्छ । यस जातिको अध्ययनको लागि भौगोलिक कठिनाइ, स्रोत साधन तथा निश्चित समयको कारण निम्न सीमाहरूमा आबद्ध हुनुपरेको छ ।


- गजरकोट गा.वि.स. वडा नं. ५ मा बसोबास गर्ने ४२ घर परिवारको आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ ।
- ४२ घरपरिवारको आर्थिक र शैक्षिक अवस्थाबारे विश्लेषण गरिएको छ ।
- यो शोध कार्यको उपलब्धि सोही ठाउँमा लागि उपयुक्त भए पनि अन्य ठाउँका सोही जातिहरूमा लागू नहुन पनि सक्दछ । कारण सबै ठाउँको सामाजिक चेतनास्तर आर्थिक स्तर साँस्कृतिक परिवेश फरक हुनसक्छ ।
- अध्ययनका लागि आवश्यक तथ्याङ्क द्वितीय स्रोतबाट पनि सङ्कलन गरी त्यसैको आधारमा विश्लेषण गरिएको हुँदा प्रतिवेदनको शुद्धता र सान्दर्भिकता तथ्याङ्क उपलब्ध गराउने स्रोतको विश्वसनीयतामा पनि निर्भर रहेको छ ।

## १.६ अवधारणागत खाका

अध्ययन अनुसन्धानको क्रममा एउटा अवधारण जन्मिन्छ, जसले शोधपत्रलाई निश्चित दिशा प्रदान गर्दछ । कुनै पनि घटना तत्कालीन परिस्थितिको उपजमात्र नभई त्यस घटनालाई सामाजिक व्यवस्थाका अन्य तत्त्वहरूले प्रभाव पारेको हुन्छ । यिनै तत्त्वहरूको पहिचान गरी सूक्ष्म विश्लेषणबाट स्पष्ट सैद्धान्तिक खाका प्रस्तुत गर्न पनि यो शोधपत्रमा महत्त्वपूर्ण मानिन्छ जस्तैः

- शैक्षिक पक्ष - साक्षरता, परम्परागत जातीय सीप
- सामाजिक पक्ष - धर्म, थर, भाषा, मनोरञ्जन, स्वास्थय, खानपान, सामाजिक प्रतिष्ठा
- आर्थिक पक्ष - परम्परागत पेशा, रोजगारी, कृषि, व्यापार, नोकरी
- साँस्कृतिक पक्ष - चाडपर्व, जन्म, छैटी, विवाह, मृत्यु संस्कार आदि ।

दरै जातिको आर्थिक र शैक्षिक अवस्थाको बारेमा विश्लेषण गर्ने भनीए तापनि उक्त समुदायको सामाजिक, साँस्कृतिक पक्षले पनि कुनै न कुनै रूपमा शिक्षा क्षेत्रमा प्रभाव पार्ने हुँदा यस अवधारणागत खाकामा ती पक्षहरूलाई समेत समेटेर अध्ययन गरिएको छ ।




उपर्युक्त अवधारणात्मक खाकामा दरैसमुदायलाई केन्द्रमा राखेर उनीहरूको आर्थिक अवस्थाअन्तर्गतका चलहरू कृषि, पशुपालन, व्यापार, उद्यम व्यवसाय, नोकरीको अवस्थाको आधारमा उनीहरूले आर्जन गरेको शैक्षिक उपलब्धिलाई पनि उक्त चलहरूसँगै विश्लेषण गरिएको छ । साथै सामाजिक र सांस्कृतिक पक्षसँग सम्बन्धित भई आउने जन्म, मृत्यु, विवाह, धर्म, भाषा, चाडपर्व, मनोरञ्जन, स्वास्थ्य तथा खानेपानी आदिका बारेमा पनि सामान्य चर्चा गरिएको छ ।

शैक्षिक उपलब्धिसँग सम्बन्धित साक्षरताको िस्थिति, तहगत शैक्षिक अवस्था, विद्यालय (सामुदायिक, निजी) को भर्नाको अवस्था र बीचमा नै विद्यालय छाड्ने सङ्ख्या आदिलाई आर्थिक अवस्थासँग तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको संगठनात्मक ढाँचा

यस शोधपत्रमा ७ वटा अध्यायहरू रहेका छन् ।

पहिलो अध्यायमा अनुसन्धान शीर्षकको परिचय राखिएको छ । जसमा सामान्य परिचय समस्याको कथन, अध्ययनको उद्देश्य, महत्त्व सीमा क्षेत्र र अध्ययनको अवधारणात्मक खाका र संगठनात्मक ढाँचा रहेका छन् ।

दोस्रो अध्यायमा पूर्व साहित्य अध्ययन शीर्षक रहेको छ । जसअन्तर्गत ऐतिहासिक पृष्ठभूमि नेपालको आदिवासी जनजातिमा दरै, दरै जातिका शीर्षगत (शैक्षिक साँस्कृतिक, आर्थिक) साहित्यिक अध्ययन रहेका छन् ।

तेस्रो अध्यायमा अनुसन्धान विधि रहेको छ । यसअन्तर्गत अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनौट, समग्रता र नमूना छनौट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलनका विधि, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण रहेका छन् । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय, सामाजिक/साँस्कृतिक तथा शैक्षिक अवस्थाको बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायमा दरैहरूको समग्र आर्थिक अवस्थाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । छैटौं अध्यायमा दरैहरूको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव वारे व्याख्या र विश्लेषण गरिएको छ । सातौं अध्याय अनुसन्धानको अन्तिम अध्याय भएकाले सारांश, निष्कर्ष र सुझावहरू राखिएको छ । अन्त्यमा प्रश्नाबलि, सूची र सन्दर्भ सूची राखिएको छ ।

परिच्छेद - दुई

# साहित्यिक पुनरवलोकन

## २.१ ऐतिहासिक पृष्ठभूमि

पृथ्वीमा मानव जातिका अस्तित्व करोडौं वर्षदेखि रहँदै आएको विश्वास गरिएको छ । आजभन्दा करीब ८० लाख वर्ष अघिदेखि वानर गुण छोडेर मानव रूप धारण गरेपछि संगठित रूपमा मानव बसोवास गर्न थालेको पाइन्छ । तथापि प्राचीन युगमा मानव जनजीवन अति नै जटिल भएको तथ्यलाई नकार्न सकिँदैन । सामूहिक उत्तरदायित्वको भावनाको विकास नहुने समयसम्म मानिसको जीवन सुरक्षित थिएन । मानव सभ्यताको प्रारम्भिक इतिहास पूर्ण तथ्यका साथ अगाडि ल्याउनु अति नै जटिल कार्य हो । हामी कुन कुरामा स्पष्ट हुन सक्छौं भने वर्तमान समयका मानिसहरूले भन्दा प्राचीन युगका मानिसहरूले विभिन्न समस्याहरू भागेका थिए । न त खानाको प्रबन्ध, न घर, न त शरीर ढाक्ने कपडा नै थियो । नेपालको बुटवल नजिकै प्राचीन मानव अवशेष फेला परेको तथा विभिन्न गुफा कन्दराहरूमा प्राचीन ढुङ्गे युगका हतियारहरू भेटिएपछि नेपालका विभिन्न ठाउँहरूमा प्राचीन समयदेखि नै मानव बस्ती रहेको तथ्यलाई नकार्न मिल्दैन ।

नेपाल परापूर्वकालदेखि नै प्राकृतिक रूपमै मानव बस्तीका लागि सुरक्षित स्थलको रूपमा विकसित हुन पुग्यो । तराईतर्फ विशाल घना जङ्गल, अत्यधिक गर्मी, विभिन्न हिंस्रक वन्यजन्तुको भय, उत्तरतर्फ विशाल हिमशृंखलाले घेरिएका विभिन्न वंश एवं जातिको विस्तार उपयुक्त स्थल भएकाले विभिन्न जातिहरू आफ्नो संकट टार्न यहाँ आई बसोबास गर्दथे । त्यसैले गर्दा वर्तमान नेपालमा धेरै किसिमका जातजातिका मानिसहरूले बसोबास गरेको तथ्याङ्क भेटिन्छ । पछिल्लो जनगणनाअनुसार १०१ जातजातिको अस्तित्व भेटिन्छ । आर्यन तथा मंगोल दुई वर्णका विभिन्न जातजातिहरू हिमालदेखि तराईसम्म विभिन्न ठाउँहरूमा आफ्नो बसोबासको केन्द्र बनाई बसिरहेका छन् ।

पृथ्वीनारायण शाहले “मेरा साना दुःषले आर्ज्याको मुलुक होईन नेपाल चार वर्ण सवै जातको फूलवारी हो, सबैलाई चेतना भया” भनी टिप्पणी गरेका छन् । वास्तवमा नेपालको हिमालदेखी तराईसम्मका विभिन्न जाति र संस्कृतिलाई हेर्दा साच्चै नै यस देशलाई एउटा सुन्दर फूलवारीसँग दाँज्न सकिन्छ ।

यो नेपाल र नेपालीको गौरवको विषय पनि हो । यति सानो भौगोलिक क्षत्रीभत्र सीमित भएर पनि विभिन्न जातजातिहरू माझमा आफ्नो जातीय अस्तित्व मौलिकता जोगाउँदै आदिवासी जनजातिको रूपमा रहेको एक जाति हो- 'दरै' ।

दरैहरू किन 'दरै' भनीए ? उनीहरूको उत्पत्तिको इतिहास र नामकरणका सम्बन्धमा के कस्तो पृष्ठभूमि छ ? यिनीहरू नेपालका अन्य जातिसँग के कति सम्बद्ध छन् ? यस्ता प्रश्नहरूमा विद्वानहरूको एकमत देखिँदैन । दरैहरू स्वयं पनि आफ्ना पुर्ख्यौलीबारे त्यति जानकारी राख्दैनन, तथापि तनहूँमा दरैहरू सरल र संकुचित स्वभावका, कुनै विषयमा अरूसँग मिल्दोजुल्दो देखिने हुँदा विद्वानहरूले दरैलाई दनुवार र माझीसँगै को जात भनी वर्गिकरण गरेर यिनीहरूको जातीय सामीप्यलाई स्वीकार गरेका छन् । विष्ट (२०३०) ले दरै दनुवार र माझी, दरै र थारू एकै मूलका जाति हुन् भन्ने प्रमाणित गर्ने प्रयास पनि गरेका छन् । तर दरै, दनुवार, माझी एकै जातिका हुन् भन्ने कुरा स्पष्ट देखिदैन ।

दरै जाति नेपालको आदिवासी नै हो या कतैबाट आएको आप्रवासी हो भन्ने कुनै प्रमाणिक आधार भेटिदैन तथापी यस सम्बन्धमा दरै स्वयं तथा उनीहरूलाई नजिकबाट जान्नेहरू अधिकांशको दुईथरी तर्क रहेको पाइन्छ ।

प्रथम नेपालका विभिन्न भूभागमा दरैको आगमनबारे प्रामाणिक आधार अहिलेसम्म केही पाइएको छैन तथापि केही दरैहरू आफ्ना पूर्वजहरू भारतवर्षको दरभङ्गा जिल्लाको बासिन्दा भएको र त्यतैबाट विस्तार विस्तार नेपाल प्रवेश गरेको कुरामा विश्वास गर्दछन् । दरभङ्गाबाट आएकाले उनीहरूलाई पहिले पहिले दरभङ्गे भन्ने गरिन्थ्यो र पछि उक्त शब्द अपभ्रंश भई दरै भएको हो भनीन्छ, भारतको दरभङ्गामा अहिले पनि दरै जाति बस्ने गरेका र आफूहरू त्यही जातिसँग सम्बद्ध भएको कुरामा दृढ विश्वास गर्दछन् भनी कुने कुनै विद्धवानले भनेका छन् । उनीहरूका अनुसार "दरै", 'दरभङ्गे' शब्दको अपभ्रंश रूप नभई पहिले र अहिले पनि एकै रूपमा रहेको शब्द हो ।

दोस्रो तर्क के छ भने भारतमा मध्ययुगमा मुसलमानहरूको आक्रमणबाट तर्सिएर पलायन भएका आर्य नारी र पहाडी खण्डका मंगोलियनहरूको संयोगको परिणामस्वरूप दरै जातिको उतपत्ति भएको कुरामा विश्वस्त छन् । कोही-कोही दरै र उनीहरूको वरपरि बस्ने अन्य जातजाति पनि यही कुरामा विश्वास गर्दछन् । पहाडी बेसी र भित्री मधेशका कुनै कुनै भागमा वर्षौंदेखि छिपेर बस्दै आएका दरै जातिको लिखित इतिहास प्राप्त हुन सकेको छैन । यसैले उनीहरूको भेषभूषा, चलनचल्ती, सामाजिक रीतिरिवाज र बूढापाकाहरूबाट

सुन्न पाइने किम्वदन्तीकै आधारमा यिनीहरूको इतिहासको खोजी गर्नुपर्ने स्थिति अद्यावधि विद्यमान छ ।

दरै प्राचीन किराँत जातिका सन्तान हुन् भन्ने कुरामा विश्वास गर्दछन् । उनका अनुसार प्राचीन किराँत जाति कालक्रममा विभिन्न शाखामा विभक्त हुँदै गए दुरा, दनुवार, राई, दरै, थारू आदिका रूपमा कालान्तरमा बसाइँ सर्ने क्रममा कोही तराईतर्फ लागेर दरै हुन पुगे । त र द दुवै दन्त्य वर्णका अक्षर हुन् र जनजिब्रोमा तराई बस्ने एकाथरीलाई दरै भन्न लागेको प्रतीत हुन्छ भनी उनले उल्लेख गरेका छन् (अधिकारी, २०५१) ।

ई.सं. १९७० मा पृथ्वीनारायण शाहद्वारा सिद्धभगवन्त नाथलाई मण्डल्याई प्रदान गरिएको लालमोहरमा कुमाल, दनुवार, थारू जस्तै 'दरोही' भनी उल्लेख गरिएको छ । तिनै 'दरोही'आजकलका प्रचलित दरैहरू नै हुन् भन्ने विश्वास उनले लिएका छन् । गोरखाका धेरै बेसी र टारहरूमा दरैहरूको सङ्ख्या अहिले पनि प्रशस्त देखिन्छ । त्यसबेलादेखि माछा मार्ने र नदी किनारतिर रहने दरैहरूको आर्थिक अवस्था कमजोर देखी राजाले यिनीहरूलाई अन्य जातिहरू तथा राज्यले समेत रेखदेख र संरक्षण गर्नु पर्छ भनेर घोषणा गरेको अनुमान लगाई उक्त पत्रमा उल्लेखित 'दरोही' अहिलेका दरै जाति नै हुन् भन्ने कुरामा धेरैले विश्वास लिएको देखिन्छ ।

आजकल दरैहरू अधिराज्यको विभिन्न जिल्लामा छरिइसकेका छन् तापनि नेपालको मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्र उनीहरुको प्रमुख बसोबास क्षेत्र मानिन्छ । मध्यमाञ्चलको धादिङ्ग, चितवन, पश्चिमाञ्चलको गोरखा, तनहूँ, पाल्पा, नवलपरासीमा धेरै दरै बस्तीहरू भेटिन्छन् ।

तनहूँ जिल्ला पनि दरै बस्तीको प्रमुख जिल्लाको रूपमा चिनिन्छ यस जिल्लाभित्र व्यास नगरपालिका अन्तर्गत भादगाउँ, साँखर, अत्रौली, पतेनी, खर्कोली, रतौली गाउँ, डिही रानी गाउँ आदि । यसबाहेक रूपाटार, पीपलटार, बेलटार, पुट्टार जस्ता दक्षिण पश्चिमी गाउँहरूमा पनि ठूला ठूला दरै बस्तीहरू रहेका छन् ।

वि.सं. २०४८ को जनगणना अनुसार नेपालभरी बसोबास गर्ने दरैको सङ्ख्या १०७५९ र वि.सं. २०५८ अनुसार १४८५९ जनसङ्ख्या पुगेको उल्लेख छ । दरै समाजको संरचना स्थायी गोत्रमूलका आधारमा भएको देखिन्छ । उनीहरू आफूलाई काश्यप गोत्रका बताउँछन् । गोत्रभित्र अनेक उपगोत्र र थरहरू हुने र पेशाअनुसार जात, थर विभाजन भएको भने देखिदैन । डा.सूर्यमणि अधिकारीका अनुसार- कोकलशाही, चम्पाफूल, राजवंशी,

खजुवार, सूर्यवंशी, खतनपुरे, खुल्पचौर, हाँडीकाले, वनपाले, नरवंशी, बूढा र भिडी राना दरैका थरहरू उल्लेख गरेका छन् ।

नेपाल जातजाति भाषा संस्कृतिमा सम्पन्न राष्ट्रको रूपमा अग्रस्थानमा आउँछ तथापि त्यस क्षेत्रमा कलम चलाउने विद्वानहरूको सङ्ख्या भने न्यून नै छ । नेपालको शैक्षिक इतिहासलाई फर्केर हेर्ने हो भने धेरै छोटो छ । २००७ सालसम्म २% साक्षरता रहेको नेपाल २०५८ सम्म आइपुग्दा करीब ५४% पुगेको देखिन्छ ।

वि.सं २००७ सालभन्दा अघिल्लो बन्द राजनैतीक अवस्थामा नगण्य मात्रामा विदेशी विद्वानहरूबाट नेपालको जातजातिका बारेमा अध्ययन हुने गरेको पाइन्छ । त्यसपछि क्रमशः खुल्ला परिवेशमा विदेशी तथा स्वदेशी विद्वानहरूको लेख रचनाहरू र अनुसन्धानात्मक कार्यहरू बढ्न गएको पाइए तापनि विशेष जाति जनजातिहरूका बारेमा अझै पर्याप्त मात्रामा साहित्यिक कृतिहरू प्राप्त गर्न सकिँदैन ।

वर्तमान अवस्थामा जनजातीय अध्ययनको क्षेत्रमा धेरै अनुसन्धानकर्ताहरूले रूचि देखाएको भए तापनि दरै जातिको आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा सामान्यबाहेक गहिरो अध्ययन भएको कृतिहरू नगण्य छन् जुन प्राप्त गर्न कठिन पनि छन् । तथापि यस अध्ययनलाई सार्थक बनाउन विभिन्न विद्वानहरूको जनजातीय लेख रचना पुस्तक तथा शोधपत्र, पत्रिकाहरू, अनुसन्धानपूर्व अध्ययन गरियो । यस्ता अध्ययनका महत्त्वपूर्ण केही पुस्तक र ती पुस्तकको विषयवस्तुबारे यहाँ सामान्य चर्चा गरिएको छ ।

## २.२ नेपालका आदिवासी जनजातिमा 'दरै'

**(आदिवासी जनजाति उत्थान प्रतिस्ठान ऐन २०५८ को परिच्छेद १ धारा–२)**

क) आदिवासी जनजाति भन्नाले

- आफ्नै मातृभाषा भएको
- परम्परागत रीतिरिवाज भएको
- छुट्टै साँस्कृतिक पहिचान भएको
- छुट्टै सामाजिक संरचना र लिखित अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झाउँछ ।

ख) जनजाति महासँघले ५९ वटा जनजातिलाई ५ भागमा वर्गीकरण गरेका छन् ।

जस्तैः

| क्र.सं. | वर्गीकरण समूह | सङ्ख्या | समूह |
|---|---|---|---|
| १ | लोपोन्मुख | १० | कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया । |
| २ | अतिसीमान्तकृत् | १२ | माझी, सियार, ल्होमी, युदाम, धानुक, चेपाङ, सतार, झागड, थामी, वोटे, दनुवार, वरामु । |
| ३ | सीमान्तकृत् | २० | सुनुवार, थारू, तामाङ, भुजेल, कुमाल, ताजपुरीया, राजवंशी, पहरी, तोप्केगोला, डोल्पा, फ्री, गन्गाई, धिमाल, लार्के, ल्होया, दुरा, वालुङ, मुग, भोटे, दरै । |
| ४ | सुविधावञ्चित | १५ | छैरोत्तन, तावे, तीनगाउँले थकाली, बाह्रगाउँले, मार्फाली थकाली, गुरूङ, मगर, राई, लिम्बु, शेर्पा, याख्या, छन्त्याल, जिरेल, व्यासी, ह्योल्यो । |
| ५ | उन्नत | २ | नेवार, थकाली |

उपर्युक्त वर्गीकरणअनुसार दरै जाति सीमान्तकृत समूहमा पर्दछ ।

नेपालमा विभिन्न जनजाति अन्तर्गत दनुवार, माझी र दरै एउटै शीर्षकमा उल्लेख गर्दै जङ्गली जातिले जस्तै जीवनयापन गर्ने यिनीहरू खेतीपातीका साथै माछा मार्ने डुङ्गा चलाउने गर्दछन् । जो चितवन कालिगण्डकी क्षेत्रमा बढि देखिन्छन् । माझी दरैले खोला तार्ने पेशा मुख्य रूपमा गर्दछन् । तिनीहरूका थरहरूमा राय, खान सिंह, कछोर, थरवेट, वाटे, कशर मुख्य छन् । विवाहको कुनै विधि नभएको यिनीहरू वनदेवीको र कुल देवताको पूजा गर्दछन्, (विष्ट, २०३० वि.सं.) ।

आदिवासी जनजाति ऐनमा उल्लेख भएका ५९ जनजातिहरूमध्ये प्रस्तावित दरै जातिको बारेमा यस प्रकार उल्लेख भएको पाइन्छन् । दरै जाति नेपालका अल्पसंख्यक जातिहरूमध्येको एक हो । अस्तित्व नै लोप हुने खालको जाति भन्दा पनि फरक नपर्ला र दरै जातिहरूको मुख्य वासस्थान भएको जिल्ला नारायणी अञ्चलको चितवन र गण्डकी अञ्चलको तनहूँ हो । चितवन जिल्लाको जङ्गलका खोँच र खोलाका बगरहरूमा यिनीहरूको बसोबास भएको पाइन्छ भने तनहूँका दरैहरूको बसोबास मादीनदी  र कालिगण्डकी नदीको किनारामा रहेको पाइन्छ  (पाण्डे, २०६५) ।

नेपालको सामाजिक संरचनामा जातीय व्यवस्थाले ल्याएको स्तरीकरणलाई लेखकले यहाँ व्याख्या गरेका छन् । यस जातीय संरचनालाई पूरानो वैधानिक ऐनले संस्थागत गऱ्यो । हिन्दू वर्णाश्रम व्यवस्थाले उल्लेख गरेको ब्राह्मण, क्षत्री, वैश्य र शूद्रको विभाजनलाई कानूनी मान्यता दियो । मुलुकी ऐनले पूरानो वैधानिक कानूनले नेपालमा सबै जातिलाई चार वर्ण छत्तिस वर्णको विभाजनभित्र राख्न कोसिस गरेको देखिन्छ । जस्तै :

क) तागाधारी- जनै लगाउने वा दुईपटक जन्मिने जात तागाधारी जात हुन् जसमा उपाध्याय ब्राह्मण, राजपूत, जैसी, बाहुन र क्षत्री पर्दछन् ।

ख) मतवाली : मदिरा पिउने जात यसमा पर्दछन् । यसमा पनि दुई उपजातहरू छन् ।

१) नमासिने जात - उपल्लो मतवाली जस्तै : गुरूङ्ग, मगर, राई, नेवार, लिमबु आदि ।

२) मासिने जात - तल्लो मतवाली जस्तै : भोटे, चेपाङ्ग, माझी, दनुवार दरै, हायु, कुमाल पहारी आदि ।

ग) पानी नचल्ने छोइ-छिटो हाल्नुपर्ने ।

घ) अछूत जात

शर्माको अनुसार- दरै जाति मासिने जाति अन्तर्गत सूचीकृत भएको हुनाले पनि यिनीहरूलाई हाल सीमान्तकृत् जनजातिको सूचीमा राखिएको छ (शर्मा, १९७७) ।

दरै प्राचीन किराँत जातिका सन्तान हुन् भन्ने कुरामा विश्वास गर्दछन् । उनका अनुसार प्राचीन किराँत जाति कालक्रममा विभिन्न शाखामा विभक्त हुँदै गए । दुरा दनुवार, राई, दरै थारू आदिको रूपमा कालन्तरमा बसाइँ सर्ने क्रममा कोही तराईतर्फ लागेर दरै हुन पुगे । 'त' र 'द' दुवै 'त' वर्गका अक्षर हुन् र जनजिब्रोमा तराई बस्ने एकाथरीलाई दरै भन्न लागेको प्रतीत हुन्छ भनी उल्लेख गरेका छन् (अधिकारी, २०५१) ।

## २.३ दरै जातिसँग सम्बन्धित पूर्व साहित्यिक अध्ययनको समीक्षा

### २.३.१ शैक्षिक पक्ष

अध्ययनमा समावेश ६ जिल्लाका (चितवन, गोर्खा, धादिङ्ग, नवलपरासी, तनहूँ र पाल्पा) दरैहरूको शैक्षिक अवस्था त्यति सन्तोषजनक देखिएन । दरै बस्तीका नजिकै विद्यालय नभएको होइन तापनि दरैका अधिकांश केटाकेटी विद्यालय गएका देखिदैनन् ।

देशको बदलिँदो परिस्थिति तथा अन्य जातजातिको प्रभाव हुँदाहुदै पनि दरैको शैक्षिक अवस्थामा उल्लेख्य सुधार हुन नसकेको प्रतीत हुन्छ (कैनी, २०६५) ।

दरैहरूको आफ्नो दरै भाषा भए पनि आफ्नै लिपि छैन । चितवन जगतपुरनिवासी लक्ष्मण दरैले वि.सं. २०३४ मा दरै भाषा नामक पुस्तिका प्रकाशित गरी नेपाली भाषा र दरै भाषाको बीचमा तुलनात्मक विवेचना गर्ने प्रयास गरेका छन् (कैनी २०६५) ।

नेपालमा जातिगत रूपले शैक्षिक तथ्याङ्क लिने गरेको (सरकारी रूपमा) कमै देखिन्छ । गैर सरकारी एवं व्यक्तिगत कसै-कसैबाट आंशिक रूपमा पाउन सकिन्छ । चितवन जिल्लामा "नेपाल दरै उत्थान समाजद्वारा २०६२ मा लिएको शैक्षिक तथ्याङ्कले ४३ वटा गाउँको छुट्टाछुट्टै तहगत रूपमा हेर्दा प्रा.वि. तहमा २२६६ जना, नि.मा.वि. तहमा ११२३, मा.वि.तहमा ४१९ र उच्च मा.वि. तहमा २०१ गरी ३, ९७९ जना अध्ययनरत रहेको देखिन्छ (विष्णुप्रसाद घिमिरे, २०६४) ।

तनहूँको दमौली र यसको आसपासका दरैहरू अन्यत्रका दरै भन्दा पढेलेखेका भेटिन्छन् । तनहूँको पीपलटारमा ३ जनाले, रूपटारमा २ जनाले एस.एल.सी. पास गरेका छन् । वि.सं. २०५७ सम्म दमौली वरिपरि एस.एल.सी. पास गर्ने दरैहरूको सङ्ख्या ३३ थियो भने १२ जना आइ.ए. पढेका र ७ जना वि.ए. र ३ जनाले एम.ए. सकेका थिए । अध्ययनको क्रममा ६ वटै जिल्लामा विभिन्न ठाउँमा गरेर १०० जनाभन्दा धेरै एस.एल.सी. गर्नेहरू थिएनन् । आजकाल यस सङ्ख्यामा निकै वृद्धि भइरहेको हुनसक्ने अनुमान छ तापनि दरैहरूको कुल सङ्ख्याको तुलनामा शिक्षित दरैहरूको सङ्ख्या अहिले पनि न्यून देखिन्छ (कैनी २०६५) ।

क्रिश्चियन धर्म प्रचारक दम्पत्ती कार्ल कोटापिस तथा स्यारोन कोटापिसले धर्म प्रचारको क्रममा तनहूँ र पाल्पामा दुई वर्ष बिताएका थिए । सन् १९७४ ताका वाइवल ग्रन्थलाई दरै भाषामा उल्था गरेका र अहिले पनि पाल्पा, चितवनमा कहीँ कतै उक्त पुस्तक जतनसाथ राखेको पाइन्छ । यी बाहेक दरै भाषामा लेखिएका पुस्तक पाउन सकिएको छैन (कैनी, २०६५) ।

दरै जातिले बोल्ने भाषा भोजपुरी, मैथिली, मगर र गुरूङ्ग भाषा हुन् । सम्पर्क भाषाका रूपमा यिनीहरू नेपाली भाषालाई नै प्रयोग गर्दछन् (पाण्डे, २०६५) ।

### २.३.२ आर्थिक पक्ष

नेपालका अधिकांश दरैहरूको जीविकोपार्जनको प्रमुख स्रोत खेतीपाती नै भएको र प्रारम्भमा भित्री मधेश र पहाडका वेशीहरूमा दरै जातिको प्रशस्त जमीन भएको उल्लेख गरेका छन् । जब २०२० देखि औलो उन्मूलन कार्यक्रम शुरू भयो त्यसपछिको पहाड, हिमालबाट बेसी र तराईतर्फ अन्य जातिको बसाइँसराइले दरैहरू विस्थापित हुँदै जान थाले । चितवनमा र नवलपरासीमा दरैहरू आफूलाई तनहूँबाट बसाइँ सरेको मान्दछन् । हाल अन्य जातिको बसाइँसराई र जग्गाजमीनको खरीद बिक्रीको होडले दरैहरू भएको जमीन बेच्दै भूमिहीन बन्न पुगेका छन् ।

दरैहरू गाई, गोरू, सुँगुर, बाखा, भैंसी तथा हाँस पनि पाल्ने गर्दछन् । गाईहरू गोरूका लागि, सुँगुर, कुखुरा मासुका लागि र बलिका लागि पाल्ने गरेको पाइन्छ । खेतीपाती बाहेक हाल आएर केहीँ दरैहरू उद्योग कलकारखानामा भारतीय र नेपाली सेनामा, शिक्षण तथा वैदेशिक रोजगारीतर्फ लागेको पनि भेटिन्छ ।

जीविकोपार्जनका लागि दैनिक ज्याला, निमेक, गर्न भूमिपतिकामा जाने त्यस्तै हरूवा चरूवा बस्ने प्रचलन पहाडतिर क्रमशः हराउँदै गएको छ भने तराईतर्फ अझै पनि हरूवा चरूवा छिटफुट रूपमा कायम रहेको नारायणगढका साहूहरूले चरूवाको लागि वर्षको रू ६०००-१५००० सम्म तिर्ने गरेको उल्लेख छ ।

कृषिसँगै फुर्सदमा माछा मार्ने, शिकार खेल्ने, आफ्नै घरायसी उत्पादनहरू स्थानीय बजारमा लागी बेचबिखन गर्ने घरमा पालेका गाई, गोरू, खसी, कुखुरा, बाखा, सुँगुर बेचेर आफ्नो समस्या टार्ने गर्दछन् । दरैहरूको आर्थिक व्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण कुरा उनीहरूको खर्च हो । प्रायजसो दरैहरू फजुल खर्ची भनेर चिनिन्छन् । १०/१५ रोपनी जग्गा हुने दरै वर्षभरीलाई खान नपुगेर अरूको काम गर्न गएको तर ८/१० रोपनी जग्गा हुने बाहुन क्षत्रीले राम्रैसँग घर परिवार चलाएको उदाहरण पनि तनहूँभित्रै पाइएको तथ्य उल्लेख छ (कैनी, २०६५) ।

पाण्डेको भनाई अनुसार जङ्गलका छेउछाउमा र खोला, नदीकिनारामा बस्ने हुनाले यिनीहरूको जीविकोपार्जनको पेशा माछा मार्नु र नदीमा डुङ्गा चलाउनु हो । यिनीहरूको घर स-साना झुपडी, चित्राको भित्तो, फुसको छानो प्रायः भेटिन्छन् । घर छाडेर टाढा नजाने, धेरै सम्पत्ति जोर्ने बानी हुँदैन, कमायो, खायो, लायो ठिक्क (पाण्डे, २०६५) ।

सामान्यतः दरै समुदायको परम्परागत पेशा कृषि, पशुपालन र माछा मार्ने रहेको हाल यिनीहरूको स्वामित्वमा धेरै जमीन पनि देखिँदैन । अधियाँ र ठेक्कामा अरूको जग्गा कमाउने । कतिले खेतमै र कतिले पाखो बारी टार आदिमा खेती गरी, गाई, भईंसी, गोरू

पालेर जीविका चलाउने गर्दछन् । कतिपय काठ, बाँस, निगालो आदिबाट कृषि एवं घरेलु उपकरण निर्माण गर्ने, सिकर्मी, डकर्मी बन्ने कतिपय अन्यको ज्यालादारी काम गर्ने, कुनै सरकारी वा गैरसरकारी संघ संस्थामा साना जागीर पनि गर्दछन् । यिनीहरूका व्यवसायलाई समग्रमा हेर्दा आर्थिक जीवन वडा कठिनले चल्दै गरेको देखिन्छ (घिमिरे, २०६४) ।

शोधपत्रमा अनुसन्धान गर्दै पदमराज सिग्देल-तनहूँका दरैहरूले आफ्नो पेशा कृषि नै भएको माछा मार्ने र डुङ्गा तार्ने कार्य पेशाको रूपमा नलिएको बताउँछन् । यिनीहरू जीविकोपार्जनका लागि, अर्काको खेतबारी कमाउने, ज्याला मजदूरी गर्ने र त्यसैबाट आएको नगद र जिन्सीबाट घरखर्च चलाउने गर्दछन् । हातमा सीप भएकाहरू सिकर्मी, डकर्मी काम गर्ने, काठ, बाँस, निगालोबाट डोको छत्री बुन्ने काम गर्दछन् । माछा मार्ने काम फुर्सदको समयमा र डुङ्गा तार्ने काम चाहिँ पुल निर्माण पछि हराएको बताउँछन् । हाल वैदेशिक रोजगारीतर्फ युवाहरूको आकर्षण बढेको उल्लेख गरेका छन् (सिग्देल, २०५९) ।

डोर बहादुर विष्ट भन्नुहुन्छ- दरै/माझीमा घर छोडेर टाढा जाने बानी हुँदैन । भयङ्कर वन्यजन्तु र गोही जस्ता जन्तुसँग सामना गर्ने यी अन्तर्मुखी जातिका मानिस कोही नौला मानिस देखेर तर्सने, भाग्ने, लुक्ने गर्दछन् । घाट कुरेर डुङ्गा चलाउने, बटुवालाई वारिपारि तारेर ज्याला लिई जीविका गर्ने गर्दछन् । धेरैजसोले आफूले काम गर्ने घाटकै छेउमा् घर बनाएका हुन्छन् । यिनीहरूको जीविका यहीँ सुरू भएर यहीँ अन्त्य हुन्छ (विष्ट, २०३०) ।

कृषिका अतिरिक्त जागीर खान अथवा अन्य ठूला व्यापारमा संलग्न दरैहरू एकदमै थोरै छन् । जनसङ्ख्या वृद्धि, जमीनको खण्डीकरणका साथै जमीन बेच्ने प्रवृत्तिले गर्दा पनि कृषिजन्य वस्तु बेच्ने धेरै दरैहरू देखिँदैनन् । आफ्नो घर खर्चलाई पुगेपछि धान, मकै, गहूँ र तोरी बेच्ने गर्दछन् तर यस्ता दरैहरू तनहूँमा ३, चितवनमा ५, नवलपरासीमा ५, गोरखामा १ र धादिङमा १ परिवार गरी १५ परिवार भेटिए । अन्यथा खान नपुग्ने र जेनतेन जेनतेन वर्षभरी खान पुऱ्याउनेहरूको बाहुल्य देखिन्छ (कैनी, २०६५) ।

### २.३.३ सांस्कृतिक पक्ष

दरै समाज साधारण र थारै तहमा विभाजित छ । समाजमा मुखिया र गुराउ पछि सामाजिक कार्यकर्ता, गाउँसुधार विकासमा लाग्ने मानिस नै पर्दछन् । घरपरिवार पुरूष प्रधान भए पनि महिलाहरूको भूमिका पनि उत्तिकै बढि छ । दरै जाति परम्परा र रितीरिवाजका आधारमा नेपालका आदिवासी जनजाति वर्गमा राख्न सकिन्छ । दलितभन्दा भिन्न हिन्दू परम्परा अँगाल्ने गुरूङ्ग समुदायसँग मिल्दो, मतवाली वर्गमा पर्ने भेषभूषामा

छोटो कछाड, लगौँटी, लगाउने, पुर्ख्यौली परम्परामा आधारित सामाजिक सङ्गठनमा आवद्ध रहेको ।

दरैहरू परापूर्वकालदेखि नै आफ्नै भाषा प्रयोग गर्दै आएका छन् । अरूसँग बोल्दा उनीहरू नेपाली भाषा बोल्दछन् । दरै भाषा सम्बन्धी अध्ययन धेरै विदेशी विद्वान्हरूले गरेको देखिन्छ । ग्रियर्स (Grieson) ले सन् १९०३ मा भारतवर्षका विभिन्न भाषा भाषीहरूको सर्वेक्षण गर्दा दरै भाषालाई पनि समावेश गरेका थिए । उनले अहिले प्रयोग हुने Darai को सट्टा Darhi, Dadhi भई उल्लेख गरेको पाइन्छ । उनको भनाई अनुसार दरै भाषाको प्रकृति अन्यान्य आर्य भाषासँग सम्बद्ध छ । B.H. Hodgson का अनुसार दरै भाषाका आधारभूत लक्षणहरू टुरानियत भाषाका जस्ता छन् । सन् १९७२/६३ मा Carl Kotapish र Sharon Kotapish ले गरेको तनहूँका दरै भाषाको अध्ययनमा पनि दरै भाषा हिन्दी, नेपाली र मैथली भाषाबाट प्रभावित भाषा हो भनी उल्लेख गरिएको छ (कैनी, २०६५) ।

डा. घिमिरे भन्नुहुन्छ- दरै जातिको खानामा सामान्यतः मास, मुसुरो, रहर आदिको दाल, भात रोटी, सागपात, फलफूल, माछा, मासु, जाँड, रक्सी आदि पर्दछन् । पितृपूजामा पनि कालो मासको दाल,जाँड, रक्सी आदि अनिवार्य जस्तै हुन्छ । दरैहरू, प्रकृतिक पुजक हुन् । यिनीहरू हिन्दूधर्मबाट प्रभावित भएको पाइन्छ । साथै धामी झाँक्री, तन्त्रमन्त्र, भूतप्रेत, डाइनी, बोक्सी आदि देखिएका तिनको भाकल गर्ने, डम्फू बजाउँदै मन्त्र फलाकी कुखुरा, पाडा आदि काटेर मन्साउने झारफूक गर्ने जस्ता कार्य गर्दछन् । देवी देवताको नाममा हाँस, कुखुरा, परेवा, पाडी आदि बलि दिई पूजा गरौला भनी भाकल गरी पूजा गर्ने गर्दछन् । यस्ता कार्य प्रायः ब्रह्मस्थान, संसारी, ग्राम देवता आदिमा गरिन्छ ।

दरै जातिहरूको चाडपर्वमा-जेठापावनी (साउने सक्रान्ति), जर्माठी, तीज, अमौसा, दशही (दशैँ), साहोराई (तिहार), फगुवा माघेसंक्रान्ति चैते दशैँ आदि हुन् । त्यस्तै विभिन्न संस्कारहरूमा उठौली (न्वारान), मुहु-चुठाइके (पास्नी), विवाह, साटो प्रथा, फुट्टै प्रथा, कजिया (अन्त्यष्टि) आदि (घिमिरे, २०६४) ।

कुनै दरै जाति वुद्ध धर्मावलम्वी हुन् । यिनीहरूले कुलदेवतालाई मुख्य देवताका रूपमा र वनदेवीलाई घरबाहिरको देवीका रूपमा पुज्ने प्रचलन छ । यिनीहरूको भाषा तिब्बत/वर्मेली समूहमा पर्दछ । थारू, बोटे, माझी, दनुवार, दरै आदिमा एक जातले अर्का जातसँग विहे गर्न हुन्छ । यस्तो गरेपछि जन्मेका छोराछोरीमा छोराले बावुको जात र छोरीले आमाको जात लिन्छन् (विष्ट, २०३०) ।

दरैहरूले आफूलाई हिन्दू धर्मावलम्बी भन्ने गर्दछन् । कतिपय संस्कारहरू चाडपर्वहरू हुवहु लिएका छन् भने कतिचाहिँ आफ्नै तरीकाले सम्पन्न गर्दछन् । जुन हिन्दूधर्म र

संस्कारसँग मेल खाँदैनन् । ढुङ्गा, ओडार, रूख, नदी र खोलाको छेउछाउ जताततै देवी देवताको स्थापना गरी पूजा गर्ने र बलि चढाउने गर्दछन् । यिनीहरू आरोग्य, सुख र संमृद्धिका लागि देवतालाई खुशी पार्न पूजा गर्ने र बलि चढाउने गर्दछन् । हत्या गर्नु पाप ठानिन्छ तर बलि चढाउनुलाई हत्या मानिदैन (कैनी, २०६५) ।

विभिन्न विद्वानहरूको साहित्यिक अध्ययनको समीक्षात्मक निष्कर्षमा पुग्दा- अध्ययन क्षेत्रमा रहेका दरैहरू, अन्य क्षेत्रका दरै वा सीमान्तकृत् जनजातिहरूको अवस्था मिल्दो देखिन्छ । पुर्ख्यौली पेशालाई शुरूवातदेखि नै यस ठाउँका दरैहरूले नअपनाएको भिन्न परिवेश रह्यो  आर्थिक रूपले शुरूवातमा धेरै जग्गा जमीन भएका दरैहरू पछि गएर अन्य जातीको अतिक्रमणको र शोषणका कारण क्रमशः आश्रित र भूमिहीन बन्दै गए जबकि औलो उन्मूलन अघि नदीकिनार फाँटहरूका मालिक दरैहरू नै थिए । शिक्षा आर्जनको बाटामा दरैहरू पछि नै दखिन्छन् । अज्ञानताको कारण ठूलाठालूहरूको नियन्त्रणमा काम गर्ने बानी परेका दरैहरू उनीहरूको अनुमति विना स्वतन्त्र रूपले पढ्न वा अन्य व्यवसाय गर्न सक्दैन थिए ।

बढ्दो परिवार सङ्ख्या सीमित खेतीयोग्य जमीन दैनिक गुजारा गर्न मुश्किल भइरहेको अवस्थामा दरैहरू आफ्ना केटाकेटीहरूलाई आय आर्जनपट्टी लगाउन नै बाध्य हुन्थे । साक्षरता दर सन्तोषजनक देखिए पनि शैक्षिक उपलब्धिस्तर भने कमजोर देखिन्छ । प्राथमिक तहदेखि उच्च शिक्षा हासिल गरिएको तथ्याङ्कलाई हेर्दा घट्दो दर वा पीरामीढ आकारमा देख्न पाइन्छ । साक्षरता दर बढि हुनुको मुख्य कारण राष्ट्रिय साक्षरता अभियान नै हो ,जुन दिगो र प्रभावकारी देखिँदैन ।

साहित्यिक अध्ययनबाट विभिन्न जनजातिहरूले अवलम्बन गर्दै आएका आर्थिक गतिविधि र शैक्षिक उन्नतिका लागि उनीहरूले पनि आफ्नो जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा गर्नुपर्ने सुधार वा परिवर्तनका बारेमा स्पष्ट धारणा उजागर गरी शोधकार्यलाई परिणाममुखी बनाउन महत्त्वपूर्ण योगदान मिलेको छ  ।

# परिच्छेद - तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धानात्मक कार्यमा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधिको पूर्व तयारी स्वरूप तयार पारिएको बृहत योजना नै अनुसन्धान ढाँचा हो । यस अनुसन्धानमा मुख्यतः दुई प्रकृतिका ढाँचा प्रयोगमा ल्याइएको छ ।

(क) वर्णनात्मक

यस ढाँचा अन्तर्गत सो शोधकार्यमा प्राप्त भएका तथ्याङ्क र सूनाहरूलाई व्याख्या तथा वर्णन गर्ने कार्य गरिएको छ ।

(ख) विश्लेषणात्मक

यस ढाँचामा शोधकार्यमा भेटिएका कतिपय तथ्याङ्क र सूचनाहरूको कारण र अवस्थाको अनुसन्धान र प्रमाणित गर्ने विषयवस्तुहरू रहेका छन् ।

## ३.२ अध्ययन क्षेत्र छनौट

पश्चिमाञ्चल विकास क्षेत्र तनहूँ जिल्ला गाजरकोट गा.वि.स. वडा नं. ५ दरै गाउँमा बसोबास गर्दै आइरहेका करीव ४२ घर परिवारका दरै जातिहरूलाई अध्ययनको लागि छनौट गरिएको छ । सदरमुकामदेखि करीब ५२ कि.मि. (पश्चिम, दक्षिण) कालिगण्डकी नदी किनारामा समथर तर सुख्खा टारमा बस्ती रहेको यो जाति अन्य जातिको तुलनामा आर्थिक सामाजिक/शैक्षिक रूपले पिछडिएको देखिन्छ । विद्यालयको पहुँच क्षत्रीभत्र रहेर पनि शिक्षा आर्जनमा किन पछाडि परेको छ ? भन्ने विषयवस्तुलाई उनीहरूको आर्थिक पक्षसँग सम्बन्धित गरी अध्ययन गरी यथार्थता पत्ता लगाउन अनुसन्धानकर्ताले यस बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

## ३.३ समग्रता वा नमूना छनौट

यस अनुसन्धानात्मक कार्यमा गजरकोट गा.वि.स. वडा नं. ५ पुट्टारस्थित बसोबास गर्ने दरै जातिलाई छनौट गरिएको र उक्त बस्तीमा जम्मा ४२ घर परिवगार बसोबास

गरिरहेका छन् । गजरकोट गा.वि.स.को नौवटा वडामध्ये वडा नं. ५ मात्र दरै जातिको बसोबास रहेको पाइन्छ । यो नै यस भेगको सबैभन्दा ठूलो दरै बस्ती हो ।

यस जातिको अध्ययन अनुसन्धानका लागि ४२ वटै घर परिवारको समग्रता अध्ययन (घरधुरी सर्वेक्षण) गरी उनीहरूको वास्तविक अवस्थालाई बाहिर ल्याउने प्रयास गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानको लागि प्राथमिक र द्वितीय दुवै खालका स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएका छन् । जस्तैः

**(क) प्राथमिक स्रोत**

यस स्रोतअन्तर्गत-घरधुरी सर्वेक्षण, समूह छलफल, अवलोकन, अन्तर्वार्ता र घटना अध्ययन आदि ।

**(ख) द्वितीय स्रोत अन्तर्गत**

दरै समुदायसँग सम्बन्धित लेख रचना विद्यालय प्रोफाइल, गा.वि.स. प्रोफाइल, जि.वि.स. तथ्याङ्क, विभिन्न शोध पत्रहरू स्थानीय पत्रपत्रिका आदि ।

## ३.५ तथ्याङ्कको प्रकृति

यस अनुसन्धान कार्यमा तथ्याङ्कको प्रकृतिको हिसाबले दुई खालका तथ्याङ्कलाई समेटिएको छ । जस्तैः

**(क) मात्रात्मक पक्षः**

यस मात्रात्मक पक्षभित्र उमेरअनुसारको वर्गीकरण, लिङ्गका आधारमा वर्गीकरण शैक्षिक स्थिति, आर्थिक सूचक आदिलाई समेटिएको छ ।

**(ख) गुणात्मक पक्षः**

यस गुणात्मक पक्ष अन्तर्गत संस्कृति, परम्परा, रहन सहन सामाजिक/ आर्थिक विश्लेषणको अवस्थालाई समेटिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान कार्यलाई परिणाममुखी बनाउनु तथ्याङ्क सङ्कलन कार्य वा प्रक्रियाको महत्त्वपूर्ण भूमिका रहन्छ । तथ्याङ्क विश्वासिलो र भरपर्दो हुनुपर्दछ, जसको लागि निम्न विधिको अवलम्बन गरियो ।

(क) स्थलगत अध्ययन (घरधुरी सर्वेक्षण)

(ख) प्रश्नाबलि सूची (अन्तर्वार्ता)

(ग) अवलोकन

(घ) समूहगत छलफल (संस्थागत प्रतिनिधिमूलक)

(ङ) घटना अध्ययन आदि ।

### ३.६.१ प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन विधिअन्तर्गत प्राथमिक स्रोतका तथ्याङ्कहरू निम्न शीर्षकगत रूपमा लिइएको छ ।

(क) घरधुरी सर्वेक्षण

तथ्याङ्क सङ्कलनको सबैभन्दा महत्त्वपूर्ण र भरपर्दो सूचनाको स्रोत नै घरधुरी सर्वेक्षण हो । यस विधिबाट तथ्याङ्क सङ्कलन गर्दा अनुसन्धानको लागि छनौट भएको जातिको समग्रता वा नमूना दुवै प्रक्रियाबाट घरधुरी सर्वेक्षण गरिन्छ । यस अनुसन्धानमा ४२ घर परिवार रहेको दरै जातिको ४२ घरधुरीको नै सर्वेक्षण गरिएको छ ।

**(ख) प्रश्नाबलि सूचीमा (अन्तर्वार्ता)**

तथ्याङ्क सङ्कलनको भरपर्दा र प्रभावकारी विधिको रूपमा प्रश्नाबलि सूची र अन्तर्वार्तालाई लिइन्छ । यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयम नै घरधुरी सर्वेक्षणमा प्रत्येक घर पुगी मुख्य व्यक्तिसँग नै प्रत्यक्ष संवाद गरी आवश्यक सूचीकृत प्रश्नहरू एवं अन्य समसामयिक प्रश्नहरू पनि सोधिएको उत्तर सङ्कलन पनि गरिएकाले अन्तर्वार्ताको लागि छुट्टै समय र शीर्षक नराखी यसैमा एकीकृत गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**(ग) अवलोकन**

तथ्याङ्क सङ्कलनका लागि अवलोकन पनि महत्त्वपूर्ण मानिन्छ । शोधकर्ता कतिपय अवस्थामा स्वयं त्यस समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक गतिविधिहरू एवं घटनाहरूमा प्रत्यक्ष सरीक भई यथार्थ जानकारी लिई सो सूचनालाई शोध कार्यको विषयवस्तुभित्र समावेश गराइएको छ ।

### (घ) समूहगत छलफल

समूहगत छलफलबाट पनि उक्त दरै समुदायको आर्थिक तथा शैक्षिक सूचकहरू लिने कार्य भयो । जसअन्तर्गत स्थानीय दरै समाज हिमालय युवाक्लव, प्रगतिशील आमा समूह, बालक्लव, श्री कृष्ण उ.मा.वि. शिक्षक स्टाफलगायत स्थानीय वयोवृद्ध, बुद्धिजीवीहरूसँग समूहगत र प्रतिनिधिमूलक रूपबाट तथ्याङ्क सङ्कलन गरियो ।

### (ङ) घटना अध्ययनः

यस अनुसन्धानात्मक कार्यलाई थप प्रमाणहरू जुटाई प्रमाणित गराउने र शोध कार्यलाई सत्यताको नजिक पुऱ्याउने उद्देश्यले ५ वटा घटना अध्ययनलाई समावेश गराइएको छ ।

### ३.६.२ द्वितीय स्रोतको तथ्याङ्क सङ्कलन

यस अनुसन्धानात्मक कार्यको लागि आवश्यक द्वितीय स्रोतको तथ्याङ्क एवं सूचनाहरू समावेश गरिएको छ, जस्तैः-

गा.वि.स.को प्रोफाइलबाट

श्री कृष्ण उ.मा.वि.को प्रोफाइलबाट

सम्बन्धित जातिको अन्य शोध कर्ताहरूको शोधपत्र

स्थानीय, पत्रपत्रिका, लेख, रचना आदि।

## ३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

यस अनुसन्धान कार्यसँग सम्बन्धित तथ्याङ्कहरूलाई आवश्यकताअनुसार वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । कतिपय तथ्याङ्कलाई तालिकीरण र प्रतिशताङ्कमा उल्लेख गरी आवश्यकताअनुसार व्याख्या र विश्लेषण पनि गरिएको छ । अध्ययन कार्य दुर्गम र सुविधा विहीन क्षेत्रमा रहेकाले आवश्यकता हुँदाहुँदै पनि कम्प्युटर प्रोग्राम (एस.पी.एस.एस) लाई प्रयोगमा ल्याउन सकिएन ।

## परिच्छेद- चार

## अध्ययन क्षेत्रको संक्षिप्त परिचय र शैक्षिक (सामाजिक, सांस्कृतिक) अवस्था

### ४.१ दरै गाउँको संक्षिप्त परिचय

नेपालका ५ विकास क्षेत्रअन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल तनहूँ जिल्ला, इलाका नं. ९, गजरकोट गा.वि.स., वडा नं. ५, पुट्टार फाँट दमौली सदरमुकामबाट दक्षिण पश्चिम करीब ५१ कि.मि. दुरिमा छ । पौराणिक कथन अनुसार पुलस्त्य ऋषिको तपोभूमि भएकै कारण पुट्टार नाम रहेको यस बस्तीमा वडा नं. ४ र ५ गरी दुईवटा वडामध्ये अध्ययनमा संलग्न दरै जातिको बसोबास रहेको वडा नं. ५ पुट्टार दक्षिण तर्फ पाल्पा जिल्लाको गाँडा कोट, पश्चिममा स्याङ्जा जिल्लाको केलादी घाट, दक्षिण पूर्वमा नवलपरासी डेढगाउँ, उत्तरमा घिरिङ सुन्धारा गा.वि.स. देउराली, कोलडाँडा पर्दछ । नेपालकै सुप्रसिद्ध पवित्र नदी काली गण्डकीको तटमा रहेको समुद्र सतहदेखि करीब ३५५ मिटरको उचाइमा रहेको यस टारको हावापानी समशीतोष्ण खालको छ । वर्षा राम्रै हुने यस भेगमा सालका जङ्गललगायत करम, चिलाउने, आँप, कटहर, लिची, आरू, अम्बा, नास्पती, काफल, क्यामुनो, बाँस, काउरो, राङसिङ, गिदरी, गाहे, साहज, हर्रौ, बर्रौ आदि वनपस्तिहरूले गर्दा पर्यावरणीय समस्या भने यहाँ आइ नसकेको आभास हुन्छ । विगतमा नास भएका जङ्गलहरू पनि निजी तथा सामुदायिकीकरण भएकाले संरक्षित भई सन्तोषजनक रहेको पाइन्छ । मैदी खोला, बडहरे खोला, अर्याल खोला, द्रुपदी खोलाजस्ता खोला नालाहरूको दायाँबायाँ राम्रा धानहरू फाँट र केही खोल्सी मूल ढापबाट बनेका खेतहरू कृषि उपजका राम्रा थला हुन । सुख्खा खालको टार क्षेत्र हुनाले खानेपानीका स्रोतहरू कम देखिएका छन् पानीको केही आपूर्ती छिमेकी जील्ला पाल्पाबाट भईरहेको दखिन्छ । जाडोमा केही बढि जाडो र कुहिरो लाग्ने अनि गर्मीमा केही बढि गर्मी जस्तो लागे तापनि तराईको जस्तो गर्मी भने यहाँ हुँदैन ।

यस वडाभित्र र आसपासमा थुप्रै मानव बस्तीहरू जस्तैः दरै गाउँ, नयाँ गाउँ, कुमाल गाउँ, बाहुन गाउँ, ठूली फेदी, सानो फेदी, ताले गाउँ, डुम्री घाट, पुत् गाउँ, अत्रौली, काठेकोट, बोहोछाप, खुम्लिङ्ग, जगौली, बन्टार, गड्यौलीटार आदि रहेका छन् । उक्त बस्तीहरूमा बसोबास गर्ने जातजातिहरूमाः- ब्राम्हण, क्षत्री, ठकुरी, मगर, नेवार, कुमाल,

दरै, कामी, दमाई, सार्की, सुनार, घर्ती आदि सबैको मिश्रित खालको बस्ती रहेको छ । यहाँ भौगोलिक विविधता सँगै जातीय र धार्मिक विविधता पाइन्छ । यहाँ हिन्दू धर्मकै शैव र वैष्णव, बौद्धमार्गी, इस्लाम र इसाइ धर्मावलम्बीहरू पनि भेटिन्छन् ।

धार्मिक एवं साँस्कृतिक परम्पराअनुसार उनीहरू आ-आफ्ना चाडपर्वहरू मनाउने गर्दछन् । हिन्दूहरू दशैं, तिहार, चैते दशैं, जनै पूर्णिमा, इद, बकरीद, क्रिसमसजस्ता चाडपर्वहरू मनाउदछन् भने जाति विशेषमा अन्य भिन्न भिन्न पर्व र उत्सवहरू मनाएको पाइन्छ । उनीहरू संस्कृति र रीतिरिवाजका नाममा फैलिएका विकृतिहरूको परिवर्तन र सुधार गर्दै अघि बढ्नुपर्छ, भन्ने भावनाबाट प्रेरित देखिन्छन् । सामाजिक विभेद गराउने धार्मिक जातीय, सांस्कृतिक परम्परालाई यहाँका जनता ठाडै अस्वीकार गर्दछन् । विशेष गरी यस वडाका दरै जातिहरू भने हिन्दू धर्मावलम्बी नै रहेको पाइन्छ ।

यस वडावासीहरूको मुख्य पेशा कृषि र पशुपालन नै हो । सिँचाईको अभावले गर्दा धान खेती गर्न कठिन भएको छ । यसका अलावा मकै, गहूँ, तोरी, मास, भटमास साथै पाखो बारी र खोरियाहरूमा कोदो, गहत, घैया जस्ता बालीहरू लगाइन्छ ।

## ४.२ भौगोलिक पृष्ठभूमि (क्षेत्रफल तथा भू-उपयोग)

विश्व मानचित्रमा यो गाउँ विकास समिति २७.८५$^0$ देखि २७..९१$^0$ सम्मको उत्तरी अक्षांश र ८३.८४$^0$ देखि ८४.०२ पूर्वी देशाान्तरसम्म फैलिएर रहेको छ । यस गाउँ विकास समितिको पूर्वमा घिरिङ्ग सुन्धारा गाउँ विकास समिति, पश्चिममा स्याङ्जा जिल्ला, उत्तरमा किहूँ गाउँ विकास समिति, दक्षिणमा पाल्पा जिल्ला  पर्दछन् । राजनीतिक विभाजनका हिसाबले यो गाउँ विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. ३ र इलाका नं. ९ अन्तर्गत रहेको छ । नौ वटा वडाहरू र ४६ वटा बस्तीहरूमा विभाजित यस गाउँ विकास समितिको प्रशासनिक कार्य वडा नं ८ मा रहेको कार्यालयबाट हुने गरेको छ ।

भिरालो धरातलीय स्वरूपले बनेको यस गाउँ विकास समिति समुद्र सतहबाट २९८ मिटर देखि ८८० मिटरसम्मको उचाइमा फैलिएर रहेको छ । कुल क्षेत्रफल करीब २८.२१ वर्ग कि.मी. रहेको यस गाउँ विकास समितिको भू-उपयोग िस्थिति देहाय बमोजिम छ :-

| | | |
|---|---|---|
| कृषि भूमि | : | ४८.१५% |
| जङ्गल | : | ३७.८२% |
| चरन, झाडी, बुट्यान क्षेत्र | : | ९.६०% |
| खोला नाला, आवास क्षेत्र | : | ४.४३% |

## ४.३ **जनसङ्ख्या विवरण** (**वडागत**)

यस शोधपत्र तयार गर्ने प्रयोजनका लागि गाउँ विकास समितिको प्रोफाइलको आधारमा वडास्तरीय बस्ती सङ्ख्या, घरधुरी तथा जनसङ्ख्या देहाय बमोजिम छ ।

**तालिका ४.१**

**जनसाख्यिक विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बस्ती सङ्ख्या | ४ | ७ | ३ | २ | १ | १ | ९ | ५ | १४ | ४६ |
| घर सङ्ख्या | ७१ | १४१ | ५३ | १३८ | १४८ | १२७ | १६७ | १०८ | १७९ | ११३२ |
| महिला | २२४ | ४६१ | २०७ | ४३५ | ५२६ | ३७८ | ५३९ | ३३५ | ५४२ | |
| पुरूष | २१५ | ४५० | १७२ | ४१४ | ४९८ | ३४५ | ५२८ | ३४५ | ५६४ | |
| जम्मा | ४३९ | ९११ | ३७९ | ८४९ | १०२४ | ७२३ | १०६७ | ६८० | ११०६ | ७१७८ |


**स्रोतः गा.वि.स. प्रोफाइल – २०६७.**

उपर्युक्त तालिकाअनुसार यस गाउँ विकास समितिमा प्रति बस्ती औसत घर सङ्ख्या २५ रहेको छ । उक्त बस्तीहरूमा कम्तीमा ३ घर र  बढिमा  १२७ घरहरू रहेका छन् । यी बस्तीहरूमध्ये ३५ वटा छरिएका ७ वटा बाटाको दायाँ बायाँ लहरै फैलिएर रहेका र ४ वटा गुजुमुज्ज परेका छन् । वडा नं. ५ अन्तर्गत रहेको पुट्टार गा.वि.स. कै सबैभन्दा ठूलो बस्ती हो ।

यस गा.वि.स.मा मगर, गुरूङ्गको जातीय समुदायको बाहुल्य छ । कुल जनसङ्ख्याको ३०% मगर, गुरूङ्ग बसोबास गर्दछन् । त्यस्तै बाहुन, क्षत्री, ठकुरी २६%, कामी, दमाई, सार्की २०%, नेवारहरू १६ %, कुमाल, दरै ७% रहेका छन् । मगर जातिमा संयुक्त परिवार प्रथाको प्रचलन भेटिए तापनि अन्य जातिहरूमा एकल परिवारको बाहुल्य पाइन्छ ।

चित्र ४.१

**वडास्तरीय जनसङ्ख्या विवरण(स्तम्भ ग्राफ)**




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
|---|---|---|---|---|---|---|---|---|---|
| dlxnf | 224 | 461 | 207 | 435 | 526 | 378 | 539 | 335 | 542 |
| k?if | 215 | 450 | 172 | 414 | 498 | 345 | 528 | 345 | 564 |

**स्रोतः गा.वि.स. प्रोफाइल - २०६७ ।**

उक्त स्तम्भ ग्राफमा गजरकोट गा.वि.स.को वडास्तरीय जनसङ्ख्या महिला र पुरूषलाई ग्राफमा प्रस्तुत गरिएको छ । सबैभन्दा बढि जनसङ्ख्या रहेको वडाहरू ९, ७ र ५ हुन् भने सबैभन्दा कम जनसङ्ख्या भएको वडा ३ र १ हुन् । उक्त वडाहरूमध्ये ५ नम्वर वडालाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ४.४ सामाजिक तथा साँस्कृतिक अवस्था

गजरकोट ५, पुट्टार दरै गाउँका दरै जाति हिन्दू धार्मिक परम्पराद्वारा सञ्चालित छ । यहाँको सम्पूर्ण दरैहरू (१०० %) नै हिन्दू धर्म मान्दछन् । हिन्दू संस्कारअनुसार मतवाली जातिका रूपमा रहेको दरै जातिका मानिसहरू समाजका अन्य जातिहरू जस्तै ब्राम्हण, क्षत्री, ठकुरी, नेवार, गुरूङको तुलनामा पछाडि परेको देखिन्छ । दरै जातिले वर्तमान अवस्थामा अपनाउँदै आएको साँस्कृतिक अवस्थालाई मोटामोटी रूपमा निम्न पक्षमा आधारित भएर विश्लेषण गरिएको छ ।

### ४.४.१ जन्म

दरै गाउँका दरैहरूको पारिवारिक अवस्था पितृसत्तात्मक ढाँचा अगाडि बढि रहेको भए तापनि वर्तमान अवस्थामा परिवारभित्र महिलाहरूको भूमिका बढ्दो देखिन्छ । परिवारमा जन्मलाई नयाँ शिशुको जन्मलाई खुशियालीका साथ स्वागत गर्ने चलन छ विशेष गरी छोराको जन्ममा बढि खुशी र भोज भतेर गर्ने गरिन्छ । यहाँको दरै जातिमा क्षत्री, ब्राह्मण ह्समुदायको प्रभावको कारण जन्म संस्कारमा उनीहरूको छुट्टै विशेषता केही पाउन सकिएन । उनीहरू जन्मको छैठौं दिनमा छैटी गर्ने पूरानो चलन भए तापनि अहिले त्यस्तो चलन हराइ सकेको बताउँछन् । छोरीको नवौं दिनमा र छोराको एघारौं दिनमा न्वारान गराएर नामकरण गराउने चलन रहेको छ । उक्त दिनमा आफन्तहरूलाई बोलाएर खानपान र खुशियाली मनाउछन् ।

बच्चा जन्मेको छोरा भए ६ महीना र छोरी भए ५ महीनामा भात खुवाउने चलन रहेको पाइन्छ । यो कार्य राम्रो दिन प्रायः सोमबार, शुक्रबार पारी इष्टमित्र बोलाएर बालकलाई नयाँ कपडा लगाउनुको साथै शुरूमा कन्याको हातबाट र पछि अरूले खुवाउने गरिन्छ । कसैकसैले परिस्थिति हेरी न्वारानकै दिनमा जुठो लगाउने पनि गरेको सुनिन्छ ।

### ४.४.२ विवाह

विवाह सम्पूर्ण मानव जातिको प्रचलित संस्कार हो । यो चलन यहाँका दरै जातिमा पनि महत्त्वपूर्ण मानिन्छ । यिनीहरूमा हाडनाता, दूधनाता छलेर विवाह गर्ने सामान्य चलन छ । विशेष गरी यहाँका दरैहरूमा मागी र प्रेम (भगाउने) विवाह प्रचलनमा रहेको पाइयो ।

**मागी विवाह :** यस प्रकारको विवाहमा सर्वप्रथम केटा पक्षबाट दुईजना पुइसे (लमी)को व्यवस्था हुन्छ । यिनीहरूको विवाहमा केटी माग्ने देखि विवाह नसकिएसम्म ठूलो भूमिका रहन्छ । मागी विवाह पनि साटो, प्रथा (आफ्नो छोरी दिएकै घरबाट छोरी विवाह गरेर साटो ल्याउने) र घरूहा प्रथा (शुरूमा केटाले केटीको घरमा कामदारको रूपमा बस्ने केही समय पछि विवाह गरी घरज्वाइँका रूपमा तोकिएको दिनसम्म बस्नुपर्ने) गरी दुई प्रकारको प्रथा चलनमा रहेको भए पनि आजकल यसमा परिवर्तन भई सामान्यतः घरको मुख्य अभिभावक केटीको घरमा गई केटी माग्ने र कुरा मिलाई विवाहको दिन टुङ्गो लगाउने सरल तरिका अपनाउन थालिएको  बताउँछन् ।

आजकलको युवा पिँढीहरू बढि लोकप्रिय र प्रचलित विवाह प्रथा 'प्रेम विवाह' (भगाउने विवाह) उमेरले करिव १४/१५ वर्ष पूरा भएपछि धेरैजसो केटाकेटीहरू आफ्नो खुशीराजीअनुसार प्रेमविवाह गर्ने गर्दछन् । साथै उनीहरू केही दिन घर छाडेर अन्यत्र आफन्तको घरमा गएर बस्ने गर्दछन् । त्यसैले बूढापाकाहरू यसलाई भगौटे विवाह भन्ने गर्दछन् । प्रेम विवाहमा आमा, बावु र अभिभावकको खासै कुनै भूमिका रहँदैन । स्रोत, साधन र समयको हिसाबले पनि यो विवाह मितव्ययी मानिन्छ तर धेरैजसो परिवारमा उपयुक्त समय मिलाएर मान्न जाने चलन पनि रहेको छ । मान्न जाने क्रममा विवाहकै विधिअनुसार जन्तीसहित जाने र यथाशक्य दाइजो पनि ल्याउने चलन रहेको छ ।

उक्त दरै बस्तीमा गरिएको घरधुरी सर्वेक्षणबाट मागी विवाह र प्रेम विवाह गर्नेहरू परिवारको अवस्था यस्तो पाइयो ।

**तालिका ४.२**

**दरै जातिमा प्रचलित विवाहपद्धति**

| क.सं | विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | मागी विवाह | ७ | १६.६६ | ४२ घर परिवारको औसत अवस्था |
| २ | प्रेम विवाह (भगाउने) | ३५ | ८३.३३ | |

स्रोतः स्थलगत अध्ययन - २०६७ ।

माथिको तालिकाबाट के प्रष्ट हुन आउँछ भने ४२ घर परिवारको उत्तरदाताले आफ्नो घर परिवार भित्र हुने गरेको विवाहप्रवृति बारे भागी र प्रेम (भगाउने विवाह) नै प्रचलित रहेको र धेरैजसो करीब ८३.३३% ले प्रेम विवाह गर्ने गरेको अध्ययनबाट पत्ता लागेको पाइन्छ ।

## ४.४.३ मृत्यु संस्कार

जन्मपछि मृत्यु प्राकृतिक नियम भएकाले मानिस १ दिन अवश्य मर्दछ र यो सर्वव्यापी मान्यता हो । मृत्यु संस्कार पनि धर्म र जातिपिच्छे फरक पाइन्छ । अध्ययनमा समावेश गरिएको दरै जातिको मृत्यु संस्कार भने अन्य जातिको प्रभाव परेको देखिन्छ । उनीहरू १० दिनसम्म काज क्रिया गरी ११ औं दिनमा कार्य सम्पन्न गर्दछन् ।

सानो दूधे बालक मऱ्यो भने सेतो कपडाले छोपी कुनै ठूलो वृक्षको फेदमा खाल्डो खनी गाडिन्छ । अनि पुरेर त्यसमाथि चिहान बनाइन्छ ।

ठूलो मान्छे मरेमा- ठूलो मानिसको लासलाई जालले छोपिन्छ । अनि गाउँले, इष्टमित्र, बन्धुवान्धव आदिलाई खबर गरी आवश्यक सामान खटमा राखी घाटतर्फ लगिन्छ । बाटोमा धान, चामल, पैसा मिलाएर (बुर्की) छरिन्छ । मलामीले घाटमा पुगेपछि गाड्ने हो वा जलाउने दुवै प्रकृया गर्ने गरिन्छ । जुन कार्य गरे पनि छोराद्वारा अन्तिम दागबत्ती दिई पुर्ने वा जलाउने गरिन्छ । अनि क्रियापुत्रीले स्नान गरी अन्डा मिलाई पकाएको भात, जाँड पानी मृतकका नाममा अर्पण गरिन्छ । त्यहीं पानीको भुंड्को पनि राखिएको हुन्छ । क्रियापुत्रीले त्यसलाई घरनजिकै पुगेपछि अर्कै मानिसद्वारा सुनपानी दिइन्छ । बेलुका ज्वाइँचेलाद्वारा कनिकामा अन्डा मिलाई पकाएको भात ३ भाग गरी १ भाग मानिस मरेको ठाउँमा आलो गोबरले पोती खरानी छरी त्यसको छेउमा केराको पात दुनामा राखी, पानी, जाँड रक्सीसमेत मृतकका नाममा चढाइन्छ र डोकाले छोपिन्छ । यसरी उनीहरूको परम्पराअनुसार गुरौले विधिपूर्वक मृत्युसंस्कार सम्पन्न गराउने गर्दछन् ।

### ४.४.४ परिवार प्रथा

नेपाली समाज परम्परादेखि नै पितृसत्तात्मक समाजमा आधारित भएर चलेको हो । यहाँ रहेका जात जातिहरूले परिवारमा पुरूषको प्रभुत्वलाई स्वीकार गरेका हुन्छन् । हुन त पितृसत्तात्मक परिवार खास गरेर आर्यनहरूमा बढि प्रचलित भएको भए तापनि मंगोलहरूमा नारीहरूको अधिकार बढि देखिन्छ तर पनि घर सम्पत्ति तथा वंश विकास पनि पुरूषतिरबाट नै चलेको पाइन्छ ।

दरै जातिमा नारीको अधिकार बढि हुने देखिए तापनि यथार्थतामा सो भएको पाइदैन । यस जातिको समाज पितृसत्तात्मक अथवा पुरूषप्रधान समाजमा आधारित देखिन्छ । यस जातिको बंश पनि पुरूषबाट चलेको पाइन्छ । यिनीहरू महिला तथा पुरूषका लैङ्गिक भेदभाव भए तापनि सामूहिक कार्यमा समान सहभागिता रहेको पाइन्छ, तर पैतृक सम्पत्तिको हकमा भने छोराको अधिकार रहन्छ ।

दरै जातिको आदर्श मान्यता संयुक्त परिवार हो । तर आजकलआधुनिकता सँगै एकल परिवारप्रथाको प्रचलन बढ्दो छ । यस जातिका अघिल्ला पुस्ताहरू पूर्णरूपमा कृषिमा निर्भर रहने भएकाले कृषि कार्यको लागि धेरै जनशक्तिको आवश्यकता पर्ने हुँदा संयुक्त परिवारमा नै यिनीहरू रहने गर्दथे भने अहिले कृषि पेशाको विकल्पहरूको खोजी गर्ने भएकोले एकल परिवार प्रथा बढेको पाइन्छ ।

यस जातिको परिवारमा श्रम विभाजनको आधारमा काम गर्ने भएकाले महिलाहरूले घरधन्दामा बढि समय बिताउने र यसबाहेक पशुचौपायाहरूको रेखदेखमा भान्साको काममा घरको सरसफाईमा बच्चाको हेरचाहजस्ता घरायसी काममा व्यस्त हुन्छन् । शारीरिक परिश्रमका काममा र व्यवहारिक काममा पुरूषहरू नै बढि खट्ने हुन्छन् । तर मेलापातको काममा भने महिलाहरूको सहभागिता हुने गर्दछ ।

दरै जातिको घर परिवारमा पुरूष बूढापाका घरमूली हुन्छन् भने घरमा केही चीज बिक्री गर्नु पर्ने भएमा महिलाको स्वीकृति पनि आवश्यक हुन्छ र घरमा कुनै किसिमको नयाँ कार्य गर्न लागिएको खण्डमा बूढापाकाहरूको सल्लाह आवश्यक मानिन्छ । छोरी भन्दा छोरा जन्मेको नै राम्रो मान्ने खुशियाली मनाउने छोरालाई स्कूल पढाउने छोरीहरूलाई घरको काम मेलापात गराउने परम्परा देखिन्छ, तर आजकल नयाँ पुस्तामा भने छोरा छोरीको विभेद कम हुँदै गएको पाइन्छ ।

पहिले पनि मरेको खण्डमा अर्को विवाह गर्ने चलनमात्र नभएर पत्नीले पनि अर्को विवाह गर्ने (पोइला जाने) चलन पाइन्छ । परिवारमा विवाहिता छोरीको महत्त्वपूर्ण स्थान हुनुको साथै माइतीमा हुने सम्पूर्ण कार्यमा छोरीको सहभागिता हुन्छ । अंशबन्डा गर्दा पैतृक सम्पत्ति विशेष गरी जग्गा जमीन पशुपंक्षी भाँडाकुँडा बावुआमा तथा छोरा वा छोरीमा अंशबन्डा गर्नुपर्दा विवाह भाग छुट्टयाएर सम्पत्ति भाग लगाइन्छ ।

### ४.४.५ थर, गोत्र विभाजन

दरै जातिका विभिन्न थरहरू हुन्छन् । जसलाई यिनीहरूले कैरन पनि भन्ने गरेको पाइन्छ । जस्तैः झोडे, राना, चम्का दरै, झेडी दरै, सूर्यवंशी, मद, नरबंशी, आदि छन् । तर यिनीहरू थर लेख्दा कैरनहरूको प्रयोग गर्दैनन् । जो जे कैरनका भए पनि सबैले नामको अन्त्यमा दरै लेख्ने गर्दछन् । यसो गर्दा आफ्नो जातिका मानिसहरू थरको कारणबाट अन्य जातसँग मिल्न जाने सम्भावना कम देखिन्छ । यस जातिभित्र पनि गोत्र विभाजन भएको हुन्छ । तर यिनीहरू सहजरूपमा आफ्नो गोत्र अरूलाई सुनाउदैनन् । त्यसैले कसको गोत्र कुन हो थाहा पाउन कठिन हुन्छ । यहाँका दरैहरू पन्नावंशी काश्यप गोत्र र गायत्री गोत्र गरी दुईवटा गोत्र भएको पाइन्छ । जसमा संगोत्रीहरू नजिकका मानिन्छन् भने फरक गोत्र हुनेहरू बीचमा विवाहवारी चल्ने गर्दछ ।

### ४.४.६ भाषा

दरैहरूको आफ्नै भाषा छ । उनीहरूको भाषा हजारौं वर्ष पूर्वदेखि प्रचलित हुंदै आएको भए पनि भारोपेली भाषा परिवारकै एक उपभाषिकाको रूपमा रहेको विद्वान्हरूको विश्लेषण पाइन्छ । यस सन्दर्भमा वरिष्ठ भाषाविद् डा. गणेशप्रसाद खनालले यसरी उल्लेख गरेका छन् । दरै भाषा नेपालमा बोलिने संस्कृत मूलको भाषाहरूमध्ये एक हो । यो भारोपेली भाषा परिवारअन्तर्गत पर्दछ । यस भाषामा प्राकृत र अपभ्रंशका रूपमा र ध्वनिगत केही विशेषता विद्यमान छन् । नेपालमा बोलिने भारोपेली परिवारका अन्य भाषाका तुलनामा दरै भाषामा संस्कृत शब्दहरूको बाहुल्य छ । कतिपय शब्द, प्राकृतका, निकट पनि छन् । यस्तै ह्रस्व स्वरको दीर्घीकरण र पदान्त विसर्गका स्थानमा 'ओ' ध्वनि प्रयोग हुन्छ । पैशाचीबाहेक अन्य प्राकृत भाषाका तुलनामा अर्ध मगधी प्राकृतसँग पनि दरै भाषा केही निकट देखिन्छ । शौरसेनी प्राकृत वा खस अपभ्रंशबाट विकसित नेपाली भाषा र दरै भाषाका शब्दहरूका पनि प्रायः समानता पाइन्छ । यी दुवै भाषा प्राचीन कालमा एकै समयमा विकसित हुनु पर्दछ । यस क्रममा नमुनाका रूपमा प्रस्तुत गरिएका केही शब्दहरू यस प्रकार छन् ।

**तालिका ४.३**

**दरै भाषाको नेपाली र संस्कृत भाषासँगको सम्बन्ध**

| संस्कृत | प्राकृत | दरै | नेपाली |
|---|---|---|---|
| अग्र | अग्रा, आग्र | आघु | अगाडि |
| अङ्कमाल | अंकमाल | अंगला | अंगालो |
| अङ्ग | अंग | आङ | आङ |
| अद्य | अज्ज | आजु | आज |

स्रोतः "चितवनका आदिवासी जनजातीहरूको सामाजिक र सांस्कृतिक अध्ययन" (घिमिर,२०६४) ।

### ४.४.७ धर्म र देवता

दरै सामान्यतः प्रकृतिपूजक हुन् । यिनीहरू हिन्दू धर्मप्रति आस्था राख्दछन् । पुट्टारको दरै गाउँका सम्पूर्ण दरैहरू हिन्दू धर्मावलम्बी रहेको पाइयो । धामी झाँक्री, तन्त्रमन्त्र, भूतप्रेत, डाइनी, बोक्सीप्रतिको विश्वास पनि अझै भएको पाइन्छ । यिनीहरूले प्रमुख

देवताका रूपमा गन देवता (पितृ देवता) लाई मान्दछन् । यीबाहेक शिव, विष्णु, कृष्ण, सन्सारी, भयँरलाई मान्दछन् । देवीदेवताको दोष देखिएमा विरामी (मानिस, पशुपंक्षी) निको होस् भनी सम्बन्धित देवताको नाममा हाँस, कुखुरा, परेवा, पाडी आदि बलि दिई वा पूजा गरौँला भनी भाकल पनि गर्दछन् ।

### ४.४.८ चाड पर्व र मनोरञ्जन

दरै समुदायमा औसी, पूर्णिमा बार्ने चलन छ त्यसैगरी, श्रीपञ्चमीमा हलसारो गर्ने, खेतीपातीको कामबाट विश्राम लिने चलन पनि रहेको छ । यिनीहरु उक्त दिनहरूमा रमाइलो गरी बिताउने गर्दछन् । यस्तै यिनीहरू विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् । विशेष गरी दशैं, तिहार, जन्माष्टमी, जेठापावनी (साउने सङ्क्रान्ति), तिज, माघे सङ्क्रान्ति, फगुवा (फागु), चैते दशैंआदि ।

उक्त चाडपर्वहरूलगायत विभिन्न धार्मिक तथा सांस्कृतिक अवस्थाहरूमा आ-आफना इष्टमित्रहरूकोमा गई भोजभतेर नाचगान गरी रमाइलो मनाउने चलन रहेको पाइन्छ । साथै हिउँदका दिनहरूमा दरै बस्तीमा युवा/युवतीहरू एक ठाउँमा भेला भई रोधी नाच गान गरी रमाईलो गर्ने गर्दछन् । तर आजकल घरघरमा टी.भी., भिडियो तथा मोवाइल सुविधाले यस्तो चलनमा कमी आएको देखिन्छ ।

### ४.४.९ स्वास्थ्य तथा खानेपानी

अध्ययनमा समावेश गरिएको दरै बस्तीमा स्वास्थ्य सेवाको सुविधा पुग्न सकेको देखिँदैन । गाउँमा सामान्य औषधी पसल खुलेको भए तापनि त्यसबाट उचित स्वास्थ्य सेवा सुविधा उपलब्ध हुन सकेको पाइँदैन । कतिपय बूढाबूढीहरूले अझै पनि झारफुक र धामी झांक्रीमा विश्वास गरेको पाइन्छ । परिवार नियोजनको साधनलाई आजकलका युवा पिँढीहरूले प्रयोगमा ल्याउने गरेको बताउँछन् ।

ऊर्जा तथा वायोग्याँसको कार्यक्रमअन्तर्गत उपलब्ध अनुदानले गर्दा दरै बस्तीमा घरघरमा गोबरग्याँस तथा शौचालयको निर्माण भएको पाइन्छ । अध्ययनमा सलग्न ४२ घरधुरीमा शौचालयको अवस्था सन्तोषजनक पाइन्छ । जस्तै :

**तालिका ४.४**

**शौचालयको सुविधा**

| क्र.सं. | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय भएको | ३८ | ९०.४७% |
| २ | शौचालय नभएको | ४ | ९.५२% |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०६७ ।

माथिको तालिकामा दरैबस्तीमा रहेको शौचालयको उपलब्धताको अवस्थालाई देखाइएको छ । कुल ४२ घरपरिवारमध्ये ३८ घर (९०.४७%) को घरमा गोवरग्याँस सहितको पक्कि शौचालय उपलब्ध रहेको छ भने चार घरपरिवार (९.५२%) परिवारमा शौचालय वन्न नसकेकाले अस्थायी रूपमा काम चलाएको देखिन्छ ।

उक्त दरै बस्तीमा खानेपानीको सुविधाका लागि टोलटोलमा धारो निर्माण भएको पाइन्छ । विहान बेलुका ३/३ घण्टाको दरले धारामा पानी उपलब्ध हुने गरेको पाइन्छ तर अतिरिक्त अवस्थामा उनीहरू पूरानो कुवा, धाराबाट पानी उलब्ध गराउने गर्दछन् । हाल उललब्ध धारो र पानीको उपलब्धता यस प्रकार रहेको छ ।

**तालिका ४.५**

**खानेपानीको सुविधा**

| घर सङ्ख्या | धारा सङ्ख्या | औसत प्रति घर |
|---|---|---|
| ४२ | ७ | ६ |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०६७ ।

करीब ६ घर बराबर एउटा धारो पर्ने गरी टोल टोलमा धारो राखिएको भए तापनि आवश्यक पानीको आपूर्ति हुन नसकेको साथै पानीको मूल स्रोत नै सानो भएकाले धारो सङ्ख्या र पानी उपलब्ध हुने समय बढाउन कठिन भएको बताउछन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मीनबहादुर दरै ।

सरदर नेपालको गरीबीको रेखामुनि रहेका नेपालीहरू करीब ३८% को प्रतिनिधित्व गर्ने दरै जाति भित्रकै पनि यस गजरकोट वडा नं. ५ दरैगाउँका दरैहरू आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछाडि परेको जीवननिर्वाहका लागि स्वदेशमा मात्रै नभई विदेशमा पनि संघर्षमय जीवन बिताउन बाध्य छन् । बिहान बेलुकाको छाक टार्न एकसरो आङ ढाक्न र दैनिक जीवन निर्वाहको लागि मेहनत गरिरहेका छन् । खासै बचत गरेर सुखी र विलासपूर्ण

जीवन (गुणस्तरीय) बिताउन तर्फसोच्न पनि नभ्याएका दरै जाति सामाजिक रूपले हेर्दा सहयोगी, मिलनसार छन् । मिश्रित समाज भएकाले उक्त वडामा उनीहरूको बाहुल्य भए तापनि नेतृत्व भने ब्राम्हण, क्षत्री, ठकुरीले नै गरिरहेको इतिहास छ ।

## ४.५ दरै जातिको शैक्षिक अवस्था

कुनै पनि मुलुकको विकासमा शिक्षाले प्रत्यक्ष र महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाल गरिब राष्ट्र हुनाको कारण पनि बहुसङ्ख्यक नेपालीहरूको निरक्षरता अपेक्षित प्रतिशत बढि रहेको छ । वि.सं.२००७ सालमा प्रजातन्त्रको उदय हुनुभन्दा अगाडी सर्वसाधारण नेपालीले शिक्षा आर्जन गर्न सक्ने अवस्था थिएन । प्रजातन्त्रको मिर्मिरे उज्यालोसँगै शिक्षाको ज्योति पनि शहरबजार हुँदै गाउँ गाउँसम्म फैलिदै गयो । तर दरै गाउँका दरैहरू विभिन्न कारणवश शिक्षा आर्जनबाट पछाडि परेको देखिन्छ । २०१७ सालमा यसै बस्तीमा श्री कृष्ण प्रा.वि. (हाल श्री कृष्ण उ.मा.वि.) को स्थापना भएको र उक्त विद्यालयको स्थापनामा स्वयं दरै जातिहरूको आर्थिक रूपबाट र भौतिक (श्रमदान) रूपले पनि सहयोग गरेको बताउाछन् संस्थापक सदस्य श्री रोमलाल दरै । विद्यालय खुले पनि दरै जातिमा पढ्नुपर्छ भन्ने भावनाको विकास हुन सकेन । उनीहरू घरको काम अरूको मेलापात साहुको माहारे र हली बन्नु पर्ने र शुल्क तिर्न पर्ने पैसा जुटाउन नसकेर पनि पढ्न नपाएको बताउंछन् वृद्ध दरैहरू । २०३१ सालपछि जब प्राथमिक शिक्षा निःशुल्क भयो, मुलुकमा जातीय शोषण दमनमा पनि केही सुधार हुंदै गयो त्यसपछि क्रमशः केही दरै परिवारका केटाकेटीहरू स्कूल आउन थालेको भए तापनि बीचैमा पढाइ छाड्ने मुस्किलले प्राथमिक तहसम्म पूरा गर्ने गरेको विशेष गरी छोराहरूलाई मात्र पढ्न पठाउने, छोरीहरूलाई साहूको माहारे, घरको माहारे, भाइबैनीको हेरचाह गर्ने, घाँस दाउरा, मेलापातमा पठाउने गरेको बताउाछन् वृद्ध दरै आमाहरू ।

छोरीहरूको सानैमा विवाह गरि दिने र छोराहरू कमाउन सक्ने भएपछि भारततर्फ नोकरी गर्न जाने एउटा रीति नै बनेको पाइन्छ । दरै बस्तीमा अझै पनि केही हुने खाने र बावुआमा साक्षर भएको परिवारबाहेक अन्य परिवारले आफ्ना बालबालिकाको पढाइप्रति खासै चासो राखेको पाइँदैन । पढाइमा खर्च गरेर के गर्नु हाम्रा दरैहरूले पढेर जागीर पाउादैन । बरू बेलैमा विदेशतिर गएर घर खर्च धान्ने केही पैसा पठाइदियो भने हामीलाई राहत मिल्छ भन्ने घरमूलीको सङ्ख्या बढि पाइयो ।

'बत्ती मुनिको अंध्यारो' भनेझैं आफ्नै गाउँको माझमा विद्यालय २०१७ सालमा खुलेको छ । त्यहीं निरक्षरको सङ्ख्या अधिक छ । विद्यालय खोल्न महत्त्वपूर्ण योगदान गरेका थिए उनीहरूले नगद नभएर ताउलो, गाग्री बेचेर पैसा तिरेका थिए, दिनहूँ श्रमदान गरे तर शिक्षाको महत्त्व बुझ्न नसकेका दरैहरूले विद्यालय त बनाए, आफ्ना छोराछोरीलाई पढ्न पठाउन भने सकेनन् भनछन् समाजसेवी, शिक्षाप्रेमी रोमलाल दरै । स्वयम् उनी नै निरक्षर छन् । तर उनका छोराछोरी भने साक्षर छन् ।

लोकतन्त्रको स्थापनापछि सरकारले राष्ट्रिय साक्षरता अभियान चलायो । निरक्षर दरैहरू साक्षरता कक्षामा पढेर साक्षर हुने अवसर पाएकाले निरक्षरता सङ्ख्यामा केही सुधार भएको पाइन्छ । अहिलेको नयाँ पुस्ताले भने आफ्नो बच्चालाई शिक्षा दिनुपर्छ भन्ने बुझेको छ, तर पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पुऱ्याउन सकिरहेको छैन ।

### ४.५.१ घरमूलीको साक्षरता अवस्था

उक्त दरै वास्तवमा गरिएको घरधुरी सर्वेक्षणबाट प्रत्येक घरमूलीको शैक्षिक अवस्था के कस्तो रहेको छ । घरमूली साक्षर भए परिवार साक्षर हुनुमा ठूलो मद्दत मिल्ने भएकाले उक्त तथ्याङ्कलाई सर्वेक्षणको अभिलेखबाट उतार गरिएको छ ।

**तालिका ४.६**

**घरधुरी सर्वेक्षणमा घरमूलीको साक्षरता अवस्था**

| | कुल सङ्ख्या | साक्षर | साक्षर प्रतिशत | निरक्षर | निरक्षर प्रतिशत |
|---|---|---|---|---|---|
| घरमूली महिला | ७ | ४ | ५७.१४ % | ३ | ४२.८५% |
| ,, पुरूष | ३५ | ३० | ८५.७१ % | ५ | १४.२८ % |
| जम्मा | ४२ | ३४ | ८०.९५ % | ८ | औसत १९.०४ % |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिकाअनुसार घरमूलीहरूमा धेरैजसो घरमूली पुरूष नै रहेको त्यसमा पनि तुलनात्मक रूपमा बढि साक्षर देखिन्छ तर उनीहरूको साक्षरता स्तर न्यून र टिकाउ नहुने खालको बुझिन्छ । किनकि कतिपय घरमूली हालै साक्षरता अभियानबाट साक्षर भएकाले र यसले निरन्तरता नपाए पछि लेख्न, पढ्न नजान्ने कुरा बताउँछन् । यस तालिकामा उल्लेख भएअनुसार कुल ३५ जना पुरूष घरमूलीमा ३० जना(८५.७१%)साक्षर र जना (१४.२८) निरक्षर रहेका छन् भने महिला घरमूलीमा साक्षर ४(५७.१४%) जना र ३

जना (४२.८५) निरक्षर देखिन्छ, तर उक्त साक्षरता सङ्ख्याभित्र सामान्य लेखपढ गर्नमात्र जान्नेलाई पनि समावेश गरिएको छ ।

### ४.५.२ **दरै जातिको साक्षरता अवस्था**

अनुसन्धानमा समावेश गरिएका ४२ घर परिवारको कुल जनसङ्ख्यामा महिला ११४ र पुरूष १३२ गरी जम्मा २४६ जना रहेको पाइयो । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार निम्नानुसारको साक्षरता स्थिति देखियो ।

**तालिका ४.७**

**उक्त दरै जातिको शिक्षाको अवस्था**

| | कुल सङ्ख्या | साक्षर | निरक्षर | निरक्षर प्रतिशत |
|---|---|---|---|---|
| महिला | ११४ | ८८ | २६ | २२.८०% |
| पुरूष | १३२ | १२३ | ९ | ६.८१% |
| जम्मा | २४६ | २११ | ३५ | औसत १४.२२ % |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने उक्त बस्तीमा रहेका कुल २४६ दरैमध्ये २६ जना महिला (२२.८०%) र ९ जना पुरूष (६.८१%) निरक्षर देखियो । औसतमा १४.२२ % दरैहरू निरक्षर रहेका छन् यसरी समग्रमा हेर्दा दरैहरूको साक्षरता प्रतिशत राष्ट्रिय स्तरको साक्षरता दर (५४%) २०५८ भन्दा केही राम्रो देखिए पनि यो दर दिगो र टिकाउ देखिँदैन । निरक्षता प्रतिशत (करीब ५४%) भन्दा राम्रो मानिए पनि यो सङ्ख्या र राष्ट्रिय साक्षरता अभियान पछि घटेको पाइयो ।

उक्त माथिको तालिकाअनुसार घरधुरी सर्वेक्षणमा संलग्न ४२ घरधुरीका ७ महिला र ३५ पुरूष घरमूली निरक्षरता तथ्याङ्क पत्ता लगाउने क्रममा महिला ३ जना (४२.८५%) र पुरूष ५ जना (१४.२८%) गरी औसत १९.०४ % घरमूली निरक्षर भेटिए ।

### ४.५.३ **हालसम्मको शैक्षिक अवस्थाको विश्लेषण (तहगत रूपमा)**

घरधुरी सर्वेक्षणबाट प्राप्त सूचकहरूलाई आधार बनाई प्रत्येक घरपरिवारका दरैहरूको तहगत शैक्षिक अवस्थालाई तालिकीकरण गरिएको छ । जसमा अध्ययनरत र अध्ययन छोडिसकेका शीर्षकमा छुट्याएर हेर्ने प्रयास गरिएको छ ।

**तालिका ४.८**

**तहगत रूपमा दरैजातिले हासिल गरेको समग्र शैक्षिक अवस्था**

| क्र.सं. | शिक्षाको तह | जम्मा सङ्ख्या | अध्ययनरत सङ्ख्या | अध्ययन छाडेको सङ्ख्या | छाड्नेको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्राथमिक | ८५ | ४१ | ४४ | ५१.७६% |
| २ | नि.मा.वि. | ५१ | १८ | ३३ | ६४.७०% |
| ३ | मा.वि. | १२ | ५ | ७ | ५८.३३% |
| ४ | एस.एल.सी | ५ | २ | ३ | ६०.००% |
| ५ | उच्च शिक्षा | ४ | २ | २ | ५०% |

स्रोतः विद्यालय अभिलेख ।

माथिको तालिकालाई विश्लेषण गरी हेर्दा तहगत रूपमा हाल अध्ययनरत र विगतमा उक्त तहमा अध्ययन गरेर छाडेको विवरणलाई पनि समावेश गरी तहगत रूपमा पढाइ छाड्ने (Drop Out) प्रतिशत हेर्दा प्राथमिक तहमा ५१.७६%, नि.मा.वि.मा ६४.७०%, मा.वि.तहमा ५८.३३% एस.एल.सी.मा ६०% र उच्च शिक्षा (१०+२) मा ५०% ले आफ्नो अध्ययन छाडेको पत्ता लागेको छ । यसबाट के पुष्टि हुन्छ भने सबैभन्दा बढि नि.मा. तह र एस.एल.सी.पछि पढाइ छाड्ने गरेको पुष्टि भएको छ । र समग्रमा उच्च शिक्षासम्म अध्ययन गर्ने दरैहरूको सङ्ख्या न्यून देखिन्छ हाल २ जनाले मात्र १०+२ मा अध्ययन गरेको भेटियो । साथै एस.एल.सी. र सोभन्दा माथि शिक्षा हासिल भएका करीब ९ जना दरैहरूले नेपालको सरकारी तथा निजी कुनै पनि क्षेत्रमा पनि जागीर खाएको तथ्याङ्क छैन । उनीहरू विदेश तर्फ नोकरीको लागि गएको पाइयो ।

### ४.५.४ सरकारी तथा निजी विद्यालयको भर्ना अभिलेख २०६७ को विवरण

अध्ययनमा समावेश ४२ घर परिवारबाट २०६७ सालमा श्रीकृष्ण उ.मा.वि.मा भर्ना भएका साथै निजी (बोडिङ) तर्फ पनि केही बालबालिकाहरू भर्ना गरिएका छन् । यस तथ्याङ्कबाट शुरूका अवस्थामा विद्यालय भर्ना गरिने सङ्ख्या बढि देखिए पनि पछिल्ला वर्षहरू क्रमशः कक्षा बढ्दै जाँदा सङ्ख्या घट्दै गएको देखिन्छ ।

**तालिका ४.९**

**श्री कृष्ण उ.मा.वि.को दरै वालवालिकाको भर्ना अभिलेख- २०६७ को विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| शिशु | ४ | १ | ५ |
| १ | ४ | २ | ६ |
| २ | २ | ३ | ५ |
| ३ | ३ | ८ | ११ |
| ४ | ३ | ३ | ९ |
| ५ | २ | ३ | ५ |
| ६ | ३ | ३ | ६ |
| ७ | ५ | २ | ७ |
| ८ | ३ | २ | ५ |
| ९ | २ | २ | ४ |
| १० | - | १ | १ |
| ११ | १ | १ | २ |
| जम्मा | ३२ | ३१ | ६३ |

स्रोत: विद्यालय अभिलेख २०६७।

भर्ना अभिलेखअनुसार कक्षागतरूपमा अध्ययन गर्ने दरै छात्र छात्राहरूमा छात्राको सङ्ख्या केही बढि छ साथै क्रमशः माथिल्लो कक्षाहरूमा पढ्नेहरूको सङ्ख्या घट्दै गएको देखिन्छ । विगत वर्षदेखि सोही ठाउँमा निजी क्षेत्रमा बोर्डिङ्ग स्कूल पनि खुलेको केही केटा केटीहरू त्यसतर्फ गएकाले तल्लो कक्षामा पढ्नेहरूको सङ्ख्यामा पनि कमी आएको पाइयो । उक्त विद्यालयमा २०६७ सालमा १२ कक्षा सञ्चालन भईनसकेकाले उक्त तथ्याङ्क समावेश गरिएको छैन ।

**तालिका ४.१०**

**श्री कालीगण्डकी बोर्डिङ्ग स्कूलमा भर्ना भएका दरै बाल बालिकाहरूको विवरण**

| पूर्व प्रा.वि.**तह** | **सङ्ख्या** | | **जम्मा** |
|---|---|---|---|
| | छात्रा | छात्र | |
| नर्सरी | २ | १ | ३ |
| के.जी. | १ | १ | २ |

स्रोतः स्कूल अभिलेख ।

शिक्षाको चेतनाको विचार विस्तारित हुँदै जाँदा वैदेशिक रोजगारीबाट आफ्नो आर्थिक अवस्थामा केही सुधार भएका युवाहरूले आफ्नो बालबालिका बोर्डिङ्ग शिक्षातर्फ पनि पठन-पाठन गराउन थालेको पाइन्छ । हाल निजी बोर्डिङ्गमा ३ छात्र र २ जना छात्रा गरी ५ जनाले नर्सरी र केजीमा अध्ययन गरिरहेका छन् ।

### ४.५.५ दरै जातिको शैक्षिक अवस्थाबारे समूहगत धारणा

दरै जातिको शैक्षिक अवस्था माथि उठ्न नसक्नुको मुख्य कारण के हुन सक्छ भन्ने प्रश्नमा विभिन्न क्लव आमा समूह, शिक्षक स्टाफ लगायत स्थानीय संघसंस्थाका प्रतिनिधिहरू सँगको छलफलबाट प्राप्त निष्कर्ष यस प्रकार रहेको पाइयो ।

**तालिका ४.११**

**स्थानीय सामाजिक संघसंस्था वा समूहगत छलफलको बुझाइमा**

**दरै जातिको शैक्षिक अवस्था**

| छलफमा संलग्न समूह | सहभागि सङ्ख्या | प्राप्त जवाफ |
|---|---|---|
| १. स्थानीय दरै समाज | ५ जना | आम्दानी भन्दा बढि गर्च गर्ने चलनले गर्दा घर खर्च धान्न कमाइ गर्नुपर्ने बाध्यताले गर्दा पढ्ने उमेरमा पढाइतर्फ जोड दिन नसक्नु । |
| २. हिमालय युवा क्लव, पुट्टार | ५ जना | आर्थिक कमजोरीका साथ-साथै शिक्षाको महत्त्व बुझ्न नसक्नु । |
| ३. प्रगतीशिल आमा समूह | ५ जना | केटाहरू पैसा कमाउन जानुपर्ने केटीहरूको सानै उमेरमा विवाह हुनु । |
| ४. "बाल क्लव" दरै गाउँ | ५ जना | पढाइ छाडेर बावु दाजुसँग विदेश जाने चलन । |
| ५. श्री कृष्ण उच्च मा.वि शिक्षक स्टाफ | ५ जना | सानो उमेरमा भर्ना नगर्ने, ठूलो भएपछि विद्यालय आउन नमान्ने, घरायसी काममा बढि लगाउनाले परीक्षामा फेल हुने भएपछि पढ्न छाड्ने र् पैसा कमाउन विदेश जाने परम्परा नै रहनु । |

स्रोतः स्थलगत समूह छलफल ।

उपर्युक्त समूहगत छलफलबाट प्राप्त जवाफ वा निष्कर्षलाई विश्लेषण गर्दा शैक्षिक अवस्था कमजोर हुनुमा गरीबी तथा शैक्षिक महत्त्व बुझ्न नसक्नु नै जिम्मेवार रहेको पाइयो । दरैहरूको फजूल खर्ची व्यवहार पूर्ख्यौली ऋण परिवारको दैनिक खर्च धान्न नसक्नु, मुख्य आर्थिक समस्या भएकाले उक्त समस्या समाधान गर्न छोराछोरी काम गर्न सक्ने भएपछि पढाइमा भन्दा कमाइ गर्न पट्टि नै बढि जोड दिने गरेको पाइन्छ । उक्त दरै बस्तीमा काम गर्न सक्ने उमेरका प्रौढ देखि लिएर १४/१५ वर्ष सम्मका किशोरहरू समेत भारत तर्फ नोकरी गर्न गएको अध्ययनबाट पत्ता लगाइएको छ ।

घरधुरी सर्वेक्षणकै क्रममा घरमूलीसँग तपाईको परिवारको सदस्यहरू किन पढाइतर्फ जोड दिदैनन् ? सानो उमेरका छँदा स्कूल भर्ना भएका हुन्छन् तर उनीहरूले पढाइमा निरन्तरता दिएको पाइदैन ? भन्ने प्रश्नमा ४२ घरमूली मध्ये ३४ (८०.९५%) जनाबाट गरीबीको कारण घर खर्च चलाउन नसकेर नै पढाइ छुटाउनु परेको हो भन्ने जवाफ पाइयो भने करीब ८ जना घरमूलीले अज्ञानताबाट पढाइको महत्त्व नबुझेर हो । पढेर के गर्न सकिन्छ ? कमाइ गरेपछि घर चलाउन सजिलो हुनेतर्क पेश गरेको पाइयो ।

त्यस्तै गरी पढाइसम्बन्धी अर्को प्रश्न तपाईका छोराछोरीहरूले बिचमै पढाइ छोड्नुको कारण के हो ? भन्ने प्रश्नमा करिव ३० जना घरमूलीबाट - घरको काम गर्नुपर्ने र बावुसँगै विदेशमा कमाइ गर्न जानुपर्ने भन्ने जवाफ (७१.४२%) को रह्यो । भने करिव १२ जना घर मूलीले आफ्ना केटाकेटीहरूलाई पढ्ने अनुकूल वातारण मिलाउन नसकेको र शिक्षाको महत्त्व नबुझेको कारण पढाइ छाडेको बताउँछन् । पढाइ छोडेर घरमै बसेका बालकृष्ण दरैसँग किन पढाइलाई बीचमै छोडेर बसेको ? भन्ने प्रश्न गर्दा उनी भन्छन्:- बुवा घरमा हुनुहुन्न खेतीपातीको काममा आमालाई सघाउनुपर्छ, धेरैजसो स्कूल जान नपाउने भएपछि पढाएको कुरा पनि बुझिँदैन गूरूले किन सधै स्कूल नआएको भनेर गाली गर्नुहुन्छ । नियमित स्कूल जान नपाउने भएको कारणले नै पढाइ छाडेको हो । अब के गर्ने विचार छ ? भन्ने प्रश्नमा उनी भन्छन् अब बुवा घर आएपछि बुवासँगै काश्मिर जाने र नोकरी गरी देश विदेश घुम्ने पछि कतातिर जाने हो ।

बास्तवमा नै यो बालकृष्ण दरै नै त्यस दरैबस्तीको समग्र किशोरहरूको (जो पढाइ छोडेका छन्) प्रतिनिधि पात्र हो र सबैको अवस्था मिल्दो जुल्दो देखिन्छ । ऊ बाहेक एकाध किशोरहरूको अवस्था भने भिन्न हुन सक्छ ।

समग्रमा यस बस्तीको धेरै जातिका शैक्षिक तथ्याङ्क ज्यादै कमजोर रहनुमा निम्न कारणहरू विद्यमान रहेको अध्ययनबाट पत्ता लागेको छ -

- अघिल्लो पुस्ता पूर्ण रूपमा निरक्षर रहनु,
- आफ्नो उत्पादनले वर्षभरी खान नपुग्नु, दैनिक ज्याला मजदूरीमा जानुपर्ने,
- विद्यालय जाने उमेरका केटाकेटीहरूलाई श्रममा जानुपर्ने,
- पशुचौपायको र केटाकेटीको हेरालाको रूपमा घरमै वस्नु पर्ने बाध्यता हुनु
- काम गर्न सक्ने उमेर भएपछि केटाहरू भारततर्फ नोकरीका लागि पठाइनु,
- बैदेशिक रोजगारीको अवसर ।

# परिच्छेद - पाँच

# दरै जातिको आर्थिक अवस्था

नेपाल एक कृषि प्रधान देश भएकाले करीब ८१ प्रतिशत मानिसहरू कृषि पेशामा निर्भर रहेको पाइन्छ। त्यस्तै गरी अध्ययनमा समावेश गरिएको दरै जातिको मुख्य पेशा कृषि नै भएको पाइन्छ । पुर्ख्यौलि पेशा नदी किनारामा डुङ्गा तार्ने माछा मार्ने भए पनि विस्तारै उक्त पेशाबाट बढ्दो जनसङ्ख्यालाई पाल्न नसकिने भएपछि उनीहरूले कृषि कार्य गर्न थालेको पाइन्छ । उनीहरूको आफ्नै खेतबारी पर्याप्त नभएको कारण गाउँकै जमीनदार मुखिया साहूको हलो जोत्ने खेतवारीमा कमाउने ज्याला मजदूरी गर्ने कार्य उनीहरुले गरेको पाइन्छ ।

दरै गाउँ समथर फाँटमा अवस्थित भएको कारणले अधिकांश जमीन खेती योग्य पाखोबारी रहेको छ । उक्त फाँट वि.सं.२०४८/०४९ सालमा निर्मित अत्रौली पुट्टार, बैंडी सिंचाइ योजना सम्पन्न भएको १-२ वर्ष खेत बनाई धान रोप्ने काम भए तापनि नहर ब्यवस्थित हुन नसकी भत्किएको र पर्याप्त पानीको अभाव कारण पुनः पाखो बारीमा नै परिणत भएको पाइन्छ। आफ्नै खेत भएका र आफ्नो आम्दानीबाट घरपरिवार सजिलैसँग चलाउन सकिने परिवार सङ्ख्या ज्यादै न्यून देखिन्छ। परम्परागत कृषि पेशा, खर्चिलो जीवन शैलीका कारण बचत न्यून रहेको शिक्षाको कमीले स्वदेशमा रोजगारी पाउन नसकेको कारण पनि भारततर्फ नोकरी गर्ने प्रचलन पहिलेदेखि नै रहेको पाइन्छ भने हाल भारतबाहेक अरबियन कतारतर्फ बाहिरिने युवाहरूको सङ्ख्या बढ्दो छ । व्यापार, व्यावसाय तथा घरेलु उद्यम धन्दातर्फ लाग्नेको सङ्ख्या ज्यादै कम छ।

## ५.१ कृषि

यस क्षेत्रमा बसोबास गर्ने दरैहरू सबैको जीविकोपार्जन गर्ने मुख्य आधार कृषि नै हो । पाखो समथर जमीनमा बस्ती रहेकाले कृषितर्फको कार्य सरल र उत्पादनमूलक नै देखिन्छ तापनि जनसङ्ख्याको आधारमा जमीनको भाग ज्यादै कम भएकाले करीब ९५ प्रतिशत दरैहरूलाई आफ्नो उत्पादनले वर्षभरी खान पुग्दैन जसको लागि उनीहरू विदेशको कमाइलाई खाने कुरामा नै खर्च गर्न बाध्य छन् । कृषि कार्यबाट जीवन निर्वाह नभएपछि विदेश जान बाध्य भएको देखिन्छ।

कृषि कार्यका साथै घरमूलीबाट अन्य वैकल्पिक आय आर्जनको लागि पनि जाने गरेको सर्वेक्षणबाट पत्ता लगाइएको छ । ४२ घरधुरीमध्ये विशुद्ध कृषि गर्ने, कृषिको अलवा ज्यालादारी, कृषिको साथै व्यापार व्यवसाय गर्नेहरूको विवरण निम्न अनुसार छ ।

**तालिका ५.१**

**पेशागत विवरण**

| क.सं. | पेशा | घरधुरी सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | १५ | ३५.७१ | शुद्ध कृषि कार्य गर्ने |
| २ | ज्यालादारी | २५ | ५९.५२ | कृषिसँगै ज्यालादारी |
| ३ | व्यवसाय | २ | ४.७६ | कृषिसँगै व्यापार |

स्रोतःस्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा उक्त दरै गाउँका सम्पूर्ण मानिसहरू कृषि कार्यमा संलग्न भए तापनि गुजाराका लागि कृषि पेशाले परिवारको लागि निम्नतम खर्च धान्न नसकेपछि कतिपय घरमूलीहरूले कृषिबाहेक अन्य आम्दानीको स्रोतको खोजी गर्न थाले । धेरैजसो घरमूलीहरू अर्थात् करिव ५९.५२ प्रतिशत ज्यालादारीमा संलग्न रहेका छन् ।

त्यस्तै गरी ३५.१ % घरमूलीहरू शुद्ध कृषि कार्यमा संलग्न छन् । ज्यालादारीमा काम गर्ने घरमूलीहरू धेरैजसो भारततर्फ जाने गरेको पाइन्छ ।

त्यसैगरी २ जना घरमूली मीनबहादुर दरैले गाउँघरमै किराना पसल गरी कृषिसँगै व्यवसाय अगाडि बढाइरहेका छन् भने अर्का व्यवसायी केयरसिंह दरैले गाउँमै घडी, रेडियो मर्मत केन्द्र खोलेर  थप आय आर्जन गरेका छन् ।

यस दरै बस्तीमा रहेका दरैहरूले पहिलेदेखि नै कृषि कार्य गर्दै आएका र उनीहरूसँग प्रशस्त जमीन रहेको वृद्ध दरैहरू बताउँछन् । पछि बिस्तारै अन्य जातिहरूको बस्ती बढ्दै जाँदा र जनसङ्ख्या वृद्धिका कारण जमीन बेच्ने र टुक्रिने क्रम बढेकाले हाल खेतीको लागि जमीनको कमी हुँदै गएको पाइन्छ । कतिपय दरै जातिको खेत कत्ति पनि छैन भने पाखो बारी पनि अत्यन्त कमी भएको देखिन्छ । यहाँ दरैजातिको जग्गाको वितरण के-कस्तो रहेको छ भन्ने तथ्याङ्कलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२**

**जग्गाको वितरण**

| क्र. सं. | जग्गाको वर्गीकरण | घर सङ्ख्या | | जम्मा क्षेत्रफल (रोपनी) | औसत, स्वामित्व (रोपनी) |
|---|---|---|---|---|---|
| | | बारी मात्र हुने | खेतबारी दुवै हुने | | |
| १ | ३ रोपनी भन्दा कम जमीन हुने | ७ | - | १७ | २.४२ |
| २ | ३ देखि ५ रोपनीसम्म | २० | ३ | ७६ | ३.३० |
| ३. | ५ रोपनीभन्दा बढि जग्गा हुने | ३ | ९ | ११९ | ९.९१ |
| जम्मा | | ३० | १२ | २.१२ | ५.४४ |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७।

माथिको तालिकामा यस दरै बस्तीका ४२ घर परिवारको जग्गा जमीनलाई ३ भागमा वर्गीकरण गरी देखाइएको छ जसमध्ये ३ रोपनीभन्दा कम जमीन हुने परिवारको खेत कत्ति पनि नभएको पाइयो भने ७ घर परिवारको जम्मा १७ रोपनी जमीन रहेकाले औसतमा २.४२ रोपनी प्रतिघर परिवारमा पर्न आएको पाइयो।

त्यस्तै ३-५ रोपनी भित्र पर्ने घरसङ्ख्या २३ रहेको छ जसमध्ये ३ घरको खेत पनि भएको र बाँकी २० घरको बारी मात्र भएको पाइयो। प्रतिघरपरिवारले औसत ३.३० रोपनी जमीन प्राप्त गर्ने देखियो।

तेस्रो वर्ग ५ रोपनी भन्दा माथि जग्गा जमीन भएको घर सङ्ख्या १२ रहेको छ जुन समूहको धेरथोर सबैको खेत र बारी दुवै भएको पाइन्छ। यस समूहले औसतमा ९.९१ रोपनी प्रतिघर जमीन प्राप्त गरेको देखिन्छ।

यस दरै समुदायमा खेत कत्ति पनि नहुने घर परिवार सङ्ख्या ३० रहेको छ। उनीहरूको औसत जग्गा/जमीनको उपलब्धता पनि कम छ। यस समूहलाई आफ्नो उत्पादनले मुस्किलले ३-६ महिना धान्न धौं-धौं देखिन्छ।

खेत र बारी दुवै हुने १२ घर परिवारमध्ये ८ घरपरिवारको अवस्था मध्यम खालको रहेको छ। उनीहरूको आफ्नो उत्पादनले ६-१२ महिना धान्न सक्ने अवस्था देखिन्छ। त्यस्तै गरी ४ घर परिवारमध्ये २ घर परिवारले आफ्नो उत्पादनलाई बिक्री गरी नगद समेत आर्जन गर्न सक्ने देखिन्छ।

उपलब्ध जमीन टारमा भएको कारण थोरै भएपनि उर्वर भएकाले उत्पादन राम्रै हुने तर यस जातिले अन्नहरू बढि मात्रामा जाँड रक्सी बनाउने भोज भतेरमा बढि खर्च गर्ने प्रवृत्तिको कारण पनि आफ्नो उत्पादनले धेरै समय धान्न नसक्ने अवस्था रहेको पाइन्छ ।

स्थलगत अध्ययनबाट उक्त दरै बस्तीमा दरैहरूको उत्पादनको स्थिति के-कस्तो रहेको छ र उनीहरू आफ्नै उत्पादनबाट के कति समय सम्म धान्न सकिने अवस्था रहेको छ ? भन्ने शीर्षकमा प्राप्त तथ्याङ्कलाई विश्लेषणका गरी हेर्दा यस्तो पाइयो ।

**तालिका ५.३**

**आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने स्थिति**

| क्र.सं. | खान पुग्ने अवधि | घर परिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | १-३ महिना खान पुग्ने | ४ | ९.५२ |
| २. | ४-६ महिनासम्म खान पुग्ने | २६ | ६१.९० |
| ३. | ७-१२ महिना सम्म खान पुग्ने | १० | २३.८० |
| ४. | बिक्रीसमेत गर्न पुग्ने | २ | ४.७६ |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७ ।

यस तालिका अनुसार उक्त दरै वस्तीका दरैहरूको वर्षभरी आफ्नो जमीनमा उत्पादन गरिएका खाद्यान्नले घरपरिवारलाई धान्न सक्ने अवधि १-३ महिनासम्म धान्न सक्ने ४ घरपरिवार, ४-६ महिनासम्म खान पुग्ने २६ घरपरिवार र ७-१२ महिनासम्म खान पुग्ने १० घर परिवार सर्वेक्षणबाट पत्ता लगाइयो भने २ घरपरिवारले भने आफूलाई वर्षभरी खान पुऱ्याएर पनि बिक्री गर्न सक्ने अवस्था देखियो ।

**तालिका ५.४**

**कृषि उपज**

| विवरण | धान मुरी | मकै मुरी | कोदो मुरी | गहूँ मुरी | तोरी मुरी | मास मुसुरो मुरी |
|---|---|---|---|---|---|---|
| उत्पादन (मुरी) | १८८ | २३९ | ९ | ७ | ५ | ८० |
| प्रति व्यक्ति औसत (मुरी) | ०.७६ | ०.९७ | ०.०३६ | ०.०२९ | ०.०२० | ०.३२ |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७।

माथिको तालिकाबाट उक्त दरै परिवारको कृषि उपज र औसत प्रतिव्यक्ति अन्नको हिस्सा देखाएको छ जुन उत्पादन उनीहरूको जीवन निर्वाहको लागि अत्यन्त न्यून देखिन्छ। यहाँको मुख्य बाली मकै हो भने नगद आर्जनको लागि मास, मसुरो खेती देखिन्छ। यसको अलवा अदुवा, पिँडालु, तिल, गहत पनि घरायसी खर्च र केही मात्रामा बिक्री गर्ने गरेको अध्ययनबाट देखिन्छ।

## ५.२ पशुपालन

कृषि ब्यवसायमा घर पालुवा पशुपक्षीको महत्त्व निकै रहेको हुन्छ। दूध, घिउको लागि गाई, भईंसी, मासुको लागि बाखा, कुखुरा, सुँगुर बंगुर, हाँस, परेवा आदि पाल्ने गरेको साथै कृषि कार्यमा उक्त पशुहरू मल उत्पादनको लागि पनि पालिन्छ। खेतबारी जोत्ने काम गोरूबाट गरिन्छ। विशेष गरी गाई, भईसी, गोरू, भेडा, बाखा कृषि ब्यवसायको लागि अभिन्न अङ्गका रूपमा लिने गरिन्छ।

यस दरै बस्तीका धेरैजसो दरैहरूले कुनै न कुनै पशुपंक्षी पाल्ने गरेको पाइयो। पशुपालन कृषि उत्पादनको लागि मल र आय आर्जनको लागि पाल्ने गरेको बताउंछन्। घरधुरी सर्वेक्षणबाट दरै जातिहरूको पशुपालन विवरण यस प्रकार रहेको भेटियो।

**तालिका ५.५**

**अध्ययन क्षेत्रको पशुपालनको स्थिति (प्रतिपरिवार)**

| विवरण | भईंसी | गोरू | बाखा/ भेडा | सुँगुर/बंगुर | कुखुरा | हाँस/परेवा |
|---|---|---|---|---|---|---|
| सङ्ख्या | ५५ | ४४ | ११५ | ३७ | २४० | १३ |
| प्रतिशत | १.३०% | १.०४% | २.७३% | ०.८८ % | ५.७१% | ०.३० % |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७।

उपर्युक्त तालिकाबाट प्रतिघर परिवार भईंसी औसत १ वटा, गाईगोरू १ वटा, बाखा २ वटा, कुखुरा ५ वटा अन्य पशुपंक्षी सङ्ख्या न्यून नै देखियो । सामान्यतः पशुपंक्षी घर खर्चका लागि मात्र भएको र व्यावसायिक रूपबाट पालिएको पाइएन । कारण चरण क्षेत्र डालेघासँको अभाव नै मुख्य देखियो ।

## ५.३ व्यापार

नेपाल कृषि प्रधान देश भएकाले अधिकांश व्यापार हुने सामानहरू कृषिजन्य नै हुने गर्दछ । हाम्रो देशमा व्यापारमा सलग्न हुनेहरूमा पहिलेदेखि नै नेवारजाति अग्रस्थानमा आउँछन् भने अन्य जातिहरूले आजभोली व्यापारलाई रोजगारीको विकल्पको रूपमा अपनाउन थालेको पाइन्छ । तर दरै जातिहरू भने कमै मात्रामा व्यापारतर्फ लागेको पाइन्छ। यिनीहरूले पहिलो त व्यापारमा ब्यापारिक ज्ञान सीपको कमी र अर्को लगानी गर्न आर्थिक समस्याको कारणले यस पेशामा नलागेको बताउंछन् ।

यस दरै बस्तीको ४२ घर परिवारका २४६ जनसङ्ख्यामध्ये २ जना दरैहरू मात्र व्यापारमा संलग्न रहेको पाइयो ।

**तालिका ५.६**

**व्यापारको विवरण**

| क्र.सं. | व्यापारको किसिम | संलग्न व्यक्ति | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | किराना पसल | मीनबहादुर दरै | २ | ०.००८ % | कुल सङ्ख्या २४६ |
| २ | घडी रेडियो मर्मत तथा टेफिफोन मर्मत सेवा | केयरसिंह दरै | | | |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०६७।

उपर्युक्त तालिकाबाट दरै जातिको ब्यापारिक हिस्सा ज्यादै न्यून ०.००८ % रहेकोले उनीहरूमा व्यापार/ब्यवसाय गर्ने क्षमता र ज्ञान सीपको अभाव छ भन्ने कुरा स्पष्ट हुन आउंछ । साथै व्यापारमा संलग्नद्वय मीनबहादुर दरै र केयरसिंह दरै पनि आफ्नो पेशा प्रति सन्तुष्ट नभएको पाइयो, कारण गाउँमा धेरै उधारोमा सामान बिक्री हुने र असुली गर्न कठिन भएको छ र स्थानीयबासीहरूको क्रय क्षमता पनि कमजोर भएको गुनासो रहेको पाइयो ।

## ५.४ उद्योग धन्दा

नेपाल एउटा सानो गरीब राष्ट्र हो तर पनि प्रकृतिले दिएको अथाह स्रोतहरू (खोला, नदी, जङ्गल, पहाड, हिमाल, ताल तलैया, जडीबुटीलगायत जमीनमुनि लुकेर रहेका बहुरत्न संपदाहरू) प्रयोगमा आउन सकिरहेको छैन । जलस्रोतको दृष्टिले विश्वमै दोस्रो स्थान ओगट्ने नेपाल यसको उपयोग गर्न नसकेर पानी बाहिरको माछा झैं छटपटाइ रहेको छ ।

उद्योग धन्दाको विकास विना राष्ट्रको विकास र रोजगारीको संभावना देखिदैन । नेपालको उद्योग धन्दाको स्थितिलाई हेर्ने हो भने करीब ५% भन्दा बढ्न सकेको देखिँदैन कारण देशमा राजनैतिक अस्थिरता विश्व बजारीकरण, नेपालमा औद्योगिक लगानीको लागि उपयुक्त नीति एवं आर्थिक व्यवस्थापन नै जिम्मेवार देखिन्छ । विगतमा राम्रै उत्पादन दिएका कतिपय उद्योगधन्दाहरूमात्र आज बन्द हुने अवस्थामा पुगेका छन् । पर्यटन विकासको कारणले आज हस्तकलाका केही घरेलु उद्योगहरू मात्र चालू रहेको पाइन्छ । राज्यले उपयुक्त वातावरण र नीति तय नगर्दासम्म नेपालमा उद्योगधन्दाहरूले गति लिन सक्ने अवस्था देखिदैन यसै प्रसङ्गमा पृथ्वी नारायण शाहको भनाई उल्लेख गर्न सान्दर्भिक होला, जस्तै : “देसका कपरा लगाउनालाइ मन्हाई गरिदिनु । आफ्ना देसका कपरा बन्न जान्यालाई नमना देषाई सघाउनु र बन्न लाउनु र यस्व भया नगद विदेश जादैन जाँदैन ।”

अध्ययनमा सलग्न दरै बस्तीमा स-साना घरेलु सीपमूलक ब्यवसाय पहिलेदेखि नै सञ्चालनमा रहेको र हालसम्म पनि केही बृद्ध-बृद्धाहरूले उक्त कार्यलाई निरन्तरता दिएको पाइन्छ । घरायसी प्रयोग र बिक्रीका लागि पनि उक्त सामाग्रीहरूको निर्माण गर्ने गरिन्छ ।

**तालिका ५.७**

अध्ययन क्षेत्रमा घरेलु उद्यमको स्थिति

| क्र.सं | निर्माण गरिने सामाग्री | कच्चा पदार्थ |
|---|---|---|
| १ | नाम्लो, डोरी, दाम्लो, कुचो | बाबियो, सनपाट, काभ्रो, भोर्ला आदि |
| २. | डोको, डालो, मान्द्रो, थुन्से, भकारी, छत्री, स्याखु, सोली, चित्रो, कोर्को आदि | बाँस, बेतबाँस, निगालो आदि |
| ३. | घरबुना कपडा, सुईटर, माछा मार्ने जाल रूमालमा बुट्टा भर्ने काम, आदि | सुती धागो तान, रेशम धागो, नाइलन धागो, ऊनी धागो, जुटको डोरी आदि |
| ४. | ठेको, ठेकी, भ्याल, ढोका, कुर्ची, बेञ्च, टेबल, दराज, पलङ साथै काठमा बुट्टा भर्ने काम | |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०६७ ।

माथि तालिकामा उल्लेखित घरेलु सीपमूलक व्यवसाय अबको नयाँ पुस्ताले हालसम्म अपनाउन सकेको देखिदैन । यहाँको सीमित उत्पादनले स्थानीय आवश्यकता पूरा हुन नसकेको अवस्था छ र यस्ता सामानहरू बाहिरबाट मगाउनु पर्ने अवस्था सिर्जना भईरहेको देखिन्छ, जुन कि विगतमा यिनै सामाग्री यहाँबाट बाहिर बिक्री गरेर नगद आर्जन गरिन्थ्यो ।

## ५.५ नोकरी

मर्यादित सरल जीवनयापनको निमित्त नोकरी पेशालाई सबैभन्दा उत्तम पेशा मान्ने गरिन्छ । यस पेशालाई जागीर पनि भनीन्छ । नेपालमा जागीर वा नोकरी गर्नुलाई सम्मानित पेशाका रूपमा हेरिन्छ । किनभने यसका लागि शिक्षाका वा योग्यताको अनिवार्यता भएकाले सरकारी होस् वा गैरसरकारी सेवामा प्रवेश गर्ने त्यो वर्ग विद्धत वर्ग मानिन्छ । त्यसैले धेरै पढी राम्रो जागीर पाउने आशाले मानिसहरू शिक्षा आर्जनतर्फ प्रयत्नशील रहेको देखिन्छ ।

नेपालको रोजगारीको क्षेत्र सीमित छ, उद्योगधन्दा, कलकारखानाको विकास हुन नसकिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ विभिन्न सरकारी कार्यालय, सेना, प्रहरी, शिक्षकलगायतको क्षेत्रले देशको बढ्दो बेरोजगारीलाई थेग्न नसकी धेरै युवाशक्ति विदेश पलायन भइरहेको छ । राजनैतिक अस्थिरता दलीय स्वार्थ, नातावाद, कृपावाद र भ्रष्टाचार हावी भईरहेकोले स्वस्थ्य प्रतिस्पर्धा भई सक्षम मानिसले रोजगारी प्राप्त गर्न नसक्ने वातावरण बढिरहेको छ । नेपालको रोजगारीको ठूलो क्षेत्र कृषि भए पनि राज्यको ध्यान

कृषिको विकास र व्यावसायीकरण तर्फ जान सकेको कारण परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिंढीलाई आकर्षण गर्न सकिरहेको छैन ।

गजरकोट ५ स्थित दरै गाउँमा बसोबास गर्ने दरै जातिका ४२ घरपरिवारका २४६ जनसङ्ख्या मध्ये ४ जना एस.एल.सी. पास, १ जना आइ.ए. पास गरी जम्मा ५ जना शिक्षित जनशक्तिमध्ये १ महिला र ४ पुरूषमा १ महिला १ पुरूष हाल ११ कक्षामा अध्ययनरत छन् भने ३ पुरूष विदेशतर्फ रोजगारीका लागी गएको देखिन्छ । यसबाट कुन कुराको पुष्टि हुन्छ भने पढे लेखेका दरै परिवार लगायत अन्य कुनै पनि दरैले पनि नेपालको सरकारी वा गैरसरकारी सेवामा जागीर गरेको देखिँदैन । यस दरै बस्तीमा ४०-४५ वर्ष उमेर काटेका प्रौढ र स्कूल जाने उमेरका केटाकेटी पनि पढाइ छोडी कमाइ गर्न भनी भारततर्फ जाने गरेको पाइन्छ भने सानै उमेरमा बिवाह गरी पढाइ छोड्ने केटीहरूको सङ्ख्या पनि कम देखिँदैन । सर्वेक्षणमा घरमूलीको पेशालाई विश्लेषण गरी हेर्दा कृषिमा संलग्न ३५.७१ प्रतिशत व्यापारमा संलग्न ४.७६ प्रतिशत र नोकरी(विदेश) मा संलग्न ५९.५२ प्रतिशत देखिन्छ । यसरी नोकरीमा संलग्न  रहने ठूलो हिस्सा ओगट्ने दरै घरमूली १ जना पनि नेपालमा रोजगारी गरेको नपाउनु ज्यादै दुःखलाग्दो र आश्चर्यजनक पक्ष मान्न सकिन्छ । अध्ययनमा समावेश दरै गाउँको रोजगारीको अवस्था निम्न तालिकामा देखाइएको छ । जुन २० देखि ५० वर्ष भित्रको उमेर समूहको मात्र)

**तालिका ५.८**

अध्ययन क्षेत्रको दरैहरूको वैदेशिक रोजगारीको अवस्था (१८ वर्ष माथीको मात्र)

| क्र.सं. | देशको नाम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भारत | १९ जना | ४२.२३% |
| २. | कतार | १५ जना | ३५.७१% |
| ३. | साउदी | १ जना | २.३८% |
| जम्मा | | ३५ जना | |

स्रोत : स्थलगत अध्ययन प्रतिवेदन, २०६७ ।

माथिको तालिकाबाट सबैभन्दा बढि  रोजगारीमा गएको देश भारत र त्यसपछि कतार हो  जहाँ ४२.२३ प्रतिशत र ३५.७१ प्रतिशत मानिसहरू रहेका छन् भने सबैभन्दा कम साउदी, जहाँ २.३८ प्रतिशत अर्थात १ जनामात्र गएको देखिन्छ । सबैभन्दा ठूलो सङ्ख्या भारततर्फ नै देखिन्छ यहाँ १८ वर्षभन्दा मुनिका धेरै बालबालिकाहरू भारततर्फ गएको देखिन्छ, जुन उक्त तालिकामा उल्लेख भएको छैन । किनकि पढ्ने उमेरका केटाकेटीहरू जो स्वइच्छाले वा बाध्यताले वा दुवै किसिमले भारत भएको पाइन्छ ।

परिच्छेद - छ

# दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## ६.१ आर्थिक/शैक्षिक पृष्ठभूमि

गजरकोट वडा नं. ५ पुट्टारको समथर फाँटमा रहेको दरै बस्ती त्यस वडामा उनीहरूको नै बाहुल्य रहेको छ । पछि बसाइँ सरी वा गाउँबाट फाँटमा झरेका ब्राम्हण, क्षत्री, ठकुरी, कामी, दमै, मगरलगायतका जातिहरूको पनि सङ्ख्या बढ्दो छ ।

बस्ती विकासको क्रममा जब फाँटमा औलो, विफरको महामारी थियो । त्यति बेला दरैहरू सानो सङ्ख्यामा भए पनि जमीनदारका रूपमा आफूले चाहेजतिको जमीनको मालिक बन्न सक्ने अवस्था देखिन्छ । त्यतिबेला उनीहरू खेतिपातिमा भन्दा पनि पुर्ख्यौली पेशा माछा मार्ने, डुङ्गा तार्ने कार्यमा लाग्दथे भने केही अनुकूल ठाउँमा मात्र खेती गरेको बुझिन्छ । पछि विस्तारै औलो उन्मूलन हुंदै गयो । फाँटहरूमा बस्ती बढ्दै जान थाल्यो । सोझा दरैहरूको जग्गा कब्जा हुन थाल्यो । जमिनदार मुखिया/साहुहरूले उनीहरूलाई आफ्नो नियन्त्रणमा लिने हली, गोठालो बनाउने खेतबारीमा काममा लगाउने, ज्याला मजदूरीमा प्रयोग गर्ने शिक्षाको अवसरबाट बञ्चित गराउने जस्ता गतिविधि बढ्न थालेपछि दरैहरू झन् झन् गरीब र कमजोर बन्दै गए ।

२०१७ सालमा उक्त वडा अझ भनौ दरै बस्तीकै बीचमा श्री कृष्ण प्रा.वि. (हालको कृष्ण उच्च मा.वि.) स्थापना भयो । स्थापना गर्ने क्रममा दरैहरूको पनि महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । उनीहरूले नगदले, जिन्सीले र नियमित रूपमा जन श्रमदान दिएर योगदान गरेको बताउँछन्, वृद्ध अभिभावक श्री रोमलाल दरैले । तर विद्यालय खुले पनि दरैका केटाकेटीहरू पढ्न गएको भने पाइएन । किनकि बावुआमा सधैं खेतीपातीमा र साहु जमीनदारको काममा जान पर्ने केही उमेर पुगेका बच्चाहरूले गाईगोरू, बाख्राको गोठालो जानु पर्ने र स-साना बच्चाको हेरालो भएर घरमा बस्नु पर्ने बाध्यता थियो भने एक दुई जना केटा केटीहरू गइहाले पनि उनीहरूलाई पढाइ शुल्क तिर्न र नगद आर्जन गर्न ज्यादै कठिन थियो । सधैं मुखिया/साहुको दैलोमा गुहार्नु पर्ने अवस्थाले गर्दा उनीहरूले सहज तरिकाले नियमित रूपमा पढ्न जान नसक्ने हुन्थे केही समयपछि पढ्न छोड्न बाध्य हुन्थे भन्छन् वयोवृद्ध समाजसेवी श्री रोमलाल दरै ।

समयको परिवर्तन सँगै राजनितीक ब्यवस्थामा पनि परिवर्तन आयो । वि.सं २०३१ सालपछि प्राथमिक तह निःशुल्क भएपछि विद्यालयमा भर्ना हुने दरै केटाकेटीहरूको सङ्ख्या बढे पनि टिकाउ दर भने बढ्न सकेन, केही समयसम्म पढ्ने अनि छोड्ने क्रम रहिरह्यो । विद्यालय अभिलेखबाट सोही कुराको पुष्टि हुन्छ । २०४६ सालको आन्दोलन पछि प्रजातन्त्रको पुनस्थापना पछि गाउँमा जागरण आयो, मौलिक हक अधिकारको खोजी

जमीनदारी र मुखियाली प्रवृतिको अन्त्य जातीयमुक्तिको आन्दोलन देशव्यापी रूपमा चल्न थाल्यो, त्यसैको परिणामस्वरूप उक्त दरै जातिमा पनि केही जागरण आएको र शिक्षा क्षेत्रमा चासो बढेको देखिन्छ तर पनि माध्यमिक तहको शिक्षा हासिल गर्ने सङ्ख्या भने कमै देखिन्छ जसको कारण :

१) कृषिमा आधारित आर्थिक जीवन ।

२) ठूलो परिवार सङ्ख्या र कम उत्पादन ।

३) परिवारको खर्च धान्न नोकरी गर्नु पर्ने वा ज्यालादारीमा जानु पर्ने ।

४) कम उमेरमा विवाह हुने ।

५) सानै उमेरदेखि घरायसी काममा लाग्नु पर्ने बाध्यता ।

६) शिक्षाको महत्त्व नबुझ्नु ।

माथिका उल्लेखित कारण भए तापनि समग्रतामा गरीबी नै शिक्षा आर्जनको मुख्य बाधक हो । उक्त दरै जाति करीब ९९ प्रतिशत, नै कृषक देखिन्छ हाल आएर वैदेशिक रोजगारी आम्दानीको प्रमुख स्रोत बनेको छ । प्रतिव्यक्ति ०.३० रोपनी खेत र १.३९ रोपनी बारी औसतमा उपलब्ध छ भने ४२ घर परिवारमध्ये आफ्नो उत्पादनले ६ महिना पनि खान नपुग्ने परिवार सङ्ख्या झन्डै ३०, ३२ को हाराहारीमा छ ।

वीचमा नै पढाइ छोड्ने विद्यालय उमेरका धेरैजसो युवाहरू भारततर्फ नोकरी गर्न पुगेका देखिन्छन् भने युवतीहरू विवाह गरी गएको देखिन्छ । नागरिकता प्राप्त गर्ने उमेर पुगेपछि साउदी, कतार तिर जानेहरूको सङ्ख्या पनि बढेको छ, अध्ययनका क्रममा व्यक्तिगत वा समूहगत रूपमा बीचमा नै किन पढाइ छोड्नुपर्‍यो भन्ने प्रश्नको उत्तरमा भगवत दरै भन्दछन्: पहिलो त  घरपरिवारमा खान लाउने समस्या नै ठूलो हो, दोस्रो पढ्ने पढाइ पनि रोजगारी मूलक छैन । अन्त्यमा बिदेश नगई सुखै छैन । दरैहरू सबैको परम्परा नै त्यस्तै भईसकेको छ ।

लोकतान्त्रिक आन्दोलन (२०६२/६३) पश्चात् र देशमा शान्ति प्रकृयाको थालनी भए पछि केही परिवर्तन देख्न सकिन्छ ।  राज्यले पिछडिएको जातिको लागि शैक्षिक क्षेत्रमा थप कार्यक्रमहरू ल्याएको छ । निःशुल्क शिक्षा, छात्राबृत्तिको सङ्ख्यामा वृद्धि भएको देखिन्छ । बैदेशिक रोजगारीमा गएका युवा पुस्ताका केटाकेटीहरूको शिक्षा आर्जनतर्फ आकर्षण र लगानी पनि बढेको पाइन्छ । निजी क्षेत्रबाट सञ्चालित बोर्डिङ्गतर्फ पनि बालबच्चाहरूलाई पढाउनेको सङ्ख्या पनि बढ्दै गएको पाइन्छ । शैक्षिक सत्र ०६७ मा ५ जना नानीबावुहरू बोर्डिङ्ग तर्फ पनि बालबच्चाहरूलाई पढाउनेको सङ्ख्या बढ्दै गएको पाइन्छ । त्यस्तै गरी १०+२ मा १ जना छात्रा र १ जना छात्र अध्ययन गरि रहेको पाइन्छ ।

आर्थिक अवस्था राष्ट्रको, समाजको वा कुनै पनि परिवारको विकास वा परिवर्तनको आधारभूत तत्त्व हो । शिक्षा र अर्थ एक अर्कोमा परिपूरक हुन् । एक अर्काको अभावमा

अर्काको विकास वा प्रगति संभव देखिँदैन । शिक्षाको विकास विना आर्थिक उन्नति र राष्ट्रकै विकास पछाडि परिरहेको उदाहरण हाम्रै मूलकमा देख्न सकिन्छ भने आर्थिक उन्नतीबाट नै आधुनिक तथा प्राविधिक एवं व्यवहारिक शिक्षाको अवसर प्राप्त हुन सक्छ भन्ने प्रमाण विकसित राष्ट्रहरूमा देख्न सकिन्छ ।

## ६.२ स्थानीय परिवेशअनुसार गरीबीको अवस्था (स्थानीय मापदण्ड)

अनुसन्धान क्षेत्रमा बसोबास गर्ने दरैहरूको शैक्षिक उपलब्धिको औसत निरक्षरता प्रतिशत हेर्दा १४.२२% देखिन्छ; तर उनीहरूको साक्षरताको अवस्था निकै कमजोर छ । अघिल्लो वर्ष प्रौढ साक्षरता पढेका दरैहरू साक्षर छन् भन्ने मान्यता राखिन्छ तर अर्को वर्ष पुनः उनीहरू पढ्न लेख्न बिर्सिएर निरक्षर भईसकेका भेटिन्छन् । यस्तो अवस्थामा त्यहाँको साक्षरताको दर बढेको छ भनेर सन्तोष लिन मिल्ने ठाउँ छैन । वास्तवमै दिगो रूपमा लेख पढ् गर्न जान्ने दरैहरूको तथ्याङ्क ज्यादै कमजोर स्थितिमा रहेको छ, नेपालका औसत साक्षरता करीब ५४% छ भने त्यस भन्दा कम हुनसक्ने सम्भावना रहेको छ ।

अनुसन्धानको लागि तथ्याङ्क सङ्कलनको रूपमा दरै घरमूलीसँग उनीहरूको शैक्षिक अवस्था कमजोर हुन वा माथि उठ्न नसक्नुमा मुख्य कारण के हुन सक्छ भन्ने विषयमा जिज्ञासा राख्दा घरको आर्थिक अवस्था वा 'गरीबी' भन्नेहरूको सङ्ख्या ३४ घर परिवार अर्थात ८०.७६ प्रतिशत रहेको पाइयो भने बाँकी सङ्ख्याले अज्ञानता शिक्षाको महत्त्व नबुझेर वा पढ्न इच्छा नभएर हो भनेको पाइयो ।

यस अनुसन्धानको मुख्य विषयवस्तु पनि दरै जातिको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभावलाई अध्ययन गरी यर्थातता पत्ता लगाउनु रहेकाले-गरीबी के हो ? अथवा गरीबको पहिचान के हो ? स्थानीय परिवेश र दरैहरूको बुझाइमा गरीब भन्नाले कस्तो अवस्था रहेको भन्ने बुझिन्छ ? यस सन्र्दभमा केही सूचक वा आधारहरूलाई यहाँ उल्लेख गरिएको छ । जस्तैः-

१. गढी खेत (मूल/कुलो बाट पानी लाग्ने) नभएको परिवार ।
२. आफ्नै उत्पादनले वर्षभरी खान नपुग्ने परिवार ।
३. साहूको खेत, बारी कमाइ वा ज्यामी ज्यालाबाट दैनिक व्यवहार चलाउनु पर्ने परिवार ।
४. राम्रो कमाइ हुने नोकरी (कतार, साउदी) मा पहुँच नभएको परिवार ।

उपर्युक्त आधार अनुसार वा मापदण्डअनुसार उक्त दरै परिवारलाई आर्थिक अवस्था राम्रो वा कमजोर भनी अध्ययनमा संलग्न गरी विश्लेषण गरिएको छ । उक्त मापदण्ड अनुसार ४२ घर परिवारमध्ये १२ घर परिवारको आर्थिक अवस्था राम्रो देखिएकाले तिनै १२

घर परिवारको शैक्षिक अवस्था कस्तो छ ? आर्थिक अवस्थाले शिक्षामा कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई तुलनात्यक अध्ययन गर्न खोजिएको छ ।

**तालिका ६.१**

**आर्थिक अवस्था राम्रो मानिएका दरै परिवारको शैक्षिक अवस्था**

| क.सं. | घरमूलीको नाम | आर्थिक अवस्था | | साक्षरता सङ्ख्या | निरक्षरता सङ्ख्या | जम्मा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पहिले (पैतृक) | अहिले (आफ्नै) | | | | |
| १. | नरबहादुर दरै | राम्रो | राम्रो | २ | १ | ३ | औसत १० रोपनी भन्दा बढि खेतबारी भएका र वर्षभरी आफ्नै उत्पादनले खान पुग्ने |
| २. | विष्णु व.दरै | राम्रो | राम्रो | ५ | - | ५ | |
| ३. | रोमलाल दरै 'क' | राम्रो | राम्रो | ४ | १ | ५ | |
| ४. | वसन्त दरै | राम्रो | राम्रो | ४ | - | ४ | |
| ५. | फणीन्द्र दरै | ठिकै | राम्रो | ४ | १ | ५ | |
| ६. | केयरसिंह दरै | ठिकै | राम्रो | ६ | १ | ७ | |
| ७. | सावित्री दरै | ठिकै | राम्रो | ५ | - | ५ | |
| ८. | मीनबहादुर दरै | राम्रो | राम्रो | ६ | - | ६ | |
| ९. | तामवहादुर दरै | ठिकै | राम्रो | ७ | - | ७ | |
| १०. | रामवहादुर दरै | ठिकै | राम्रो | २ | २ | ४ | |
| ११. | रामलाल दरै | राम्रो | राम्रो | ४ | १ | ५ | |
| १२. | नरबहादुर दरै | राम्रो | राम्रो | २ | - | २ | |
| जम्मा | | | | ५१ | ७ | ५८ | |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७ ।

साक्षरता प्रतिशत ८७.९३%

निरक्षरता प्रतिशत १२.०६%

माथिको तालिकामा अध्ययनमा समावेश गरिएका ४२ घर परिवारमध्ये पूर्ख्यौली अवस्था देखि नै केही राम्रा मानिएका र हाल बैदेशीक रोजगारीबाट पनि आफ्नो अवस्थामा सुधार गरेका १२ घर परिवार जुन हामीले धनी परिवार छ भन्ने अर्थमा सूचीकृत गरिका छौं । तिनै १२ घर परिवारको आर्थिक र शैक्षिक स्थितिलाई चित्रण गर्न खोजिएको छ ।

उक्त घरपरिवारले आफ्नो उत्पादनले वर्षभरी आफूलाई खान पुऱ्याउँछ भने कुनै न कुनै सदस्य बैदेशिक रोजगारीमा गएको देखिन्छ । बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीका अतिरिक्त खर्चमा प्रयोग भएको देखिन्छ जस्तै घर, घडेरी, खरीद, बच्चा बच्चीलाई बोर्डिङ्को शिक्षा साथै भाइबैनी र आफ्नो परिवारको सदस्यलाई उच्च शिक्षामा लगानी गरिएको देखिन्छ ।

उक्त १२ परिवारमा जम्मा ५८ सङ्ख्या मध्ये निरक्षरको सङ्ख्या ७ र साक्षरसङ्ख्या ५१ देखिन्छ । करीब ८७.९३% मानिस साक्षर छन् । साक्षरताको औसत अवस्था नि.मा.वि. तह पूरा गरेको र उच्च शिक्षासमेत लिएको वर्ग यही भित्र पर्दछ ।

उक्त तुलनात्मक अध्ययनलाई विश्लेषण गर्दा जुन परिवारको आर्थिक अवस्था सबैको भन्दा राम्रो छ, त्यसै परिवारको साक्षरता दर बढि भएको पाइएको छ । निरक्षर भएका मध्ये पनि उमेर बढि भएका वृद्ध/वृद्धाहरू को सङ्ख्या बढि छ ।

यस तालिकामा आर्थिक अवस्थालाई पनि पैतृक (बावुको पालामा) र आफ्नो भन्नाले हालको अवस्था भनेर उल्लेख गरिएको छ । पैतृक अवस्था राम्रो भएकाहरूले हाल आफूले पनि राम्रो प्रगति गरेको देखियो भने बावुको पालामा ठिकै/मध्यम खालको रहेकाहरूको अहिले आफूले गरेको मेहनतबाट पनि थप राम्रो भएको पाइयो । उक्त परिवारको औसत जग्गा खेत बारी औसत १० रोपनीभन्दा बढि रहेको र आफ्नै उत्पादनले वर्षभरी परिवार पाल्नसक्ने अवस्था रहेको अध्ययनले देखाउँछ । जे होस वर्तमान अवस्थामा राम्रो आर्थिक अवस्था भएका परिवारहरूको शिक्षाको अवस्था र स्तर पनि राम्रै भएको पुष्टि भएको छ ।

**तालिका ६.२**

**आर्थिक रूपले कमजोर मानिएका दरै परिवारको शैक्षिक अवस्था**

| क्र.सं. | घरमूलीको नाम | जम्मा परिवार सङ्ख्या | साक्षर सङ्ख्या | निरक्षर सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्दवीर दरै | २ | - | २ | औसत ३ रोपनी पाखो जमीन भएका र ३ महिनासम्म आफ्नो उत्पादनले खान पुग्ने |
| २ | मनीराम दरै | ८ | २ | ६ | |
| ३ | कालिमाया दरै | ९ | ३ | ६ | |
| ४ | टीकाराम दरै | ५ | २ | ३ | |
| ५. | लाटीमायाँ दरै | ५ | २ | ३ | |
| | जम्मा | २९ | ९ | २० | |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन २०६७।

निरक्षरता प्रतिशत = ६८.९६%

साक्षरता प्रतिशत = ३१.०३

माथिको तालिकामा दरै बस्तीका कमजोर आर्थिक अवस्था भएका ५ घर परिवारलाई नमुना छनोटका रूपमा आर्थिक र शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गरिएको छ। यहाँ जम्मा २९ जना कुल जनसङ्ख्यामा ९ जना (३१.०३%) साक्षर र २० जना (६८.९६%) निरक्षर रहको पाइयो। उक्त साक्षर सङ्ख्यामध्ये धेरैजसो बालबालिका प्रौढ साक्षरतावारे पुनः साक्षर रहेका छन्। उक्त ५ परिवारको औसतमा ३ रोपनी पाखो जग्गा र आफ्नै उत्पादनले तिनी महिनासम्म खान पुग्ने अवस्था रहेको पाइन्छ।

उक्त परिवारको आर्थिक पक्ष जग्गा जमीनको हिसाबले हेर्दा औसत ३ रोपनी प्रति परिवारको सबैभन्दा ठूलो समस्या नै परिवारको दैनिक खाने लाउने समस्या हो। यसको लागि परिश्रम गर्नु सबैको दायित्व रहेको हुन्छ। बावु आमाले मात्र उक्त दायित्व वहन गर्न सक्ने वा संभव नहुने भएकाले छोरा छोरीहरू (जो काम गर्न सक्छन्) ले पनि सहयोग गर्नुपर्छ। या त केटाकेटीहरू गाई बाखा चराउन जानुपर्छ, कि साहूको काममा ज्यालादारीमा जानुपर्छ होइन भने आफ्नो बावु दाजुसँग भारततिर नोकरी गर्न जानुपर्छ यस्तो अवस्थाले गर्दा उनीहरू पढ्न जान वा पढाइ पूरा गर्न नसक्ने अवस्थामा पुगेका हुन्छन्।

बावु बाजे (पैतृक) को पालादेखि नै कमजोर आर्थिक अवस्था भएकाले आफ्नो पढ्ने वातावरण नमिलेकाले गर्दा कुनै राम्रो काम पाएका छैनन् । वर्तमान अवस्थामा पनि त्यही समस्याले गर्दा छोराछोरीको शिक्षा आर्जनको लागि अवसर दिन सकिएको छैन । उनीहरूको समस्या छोरा छोरीको पढाइको लागि कापी, कलम, ड्रेस, लगायत अन्य शुल्कहरू तिर्न नसक्ने भन्दा पनि परिवारको दैनिक समस्या टार्न उनीहरूले मद्दत गर्नुपर्ने बाध्यता नै मुख्य समस्या बनेको छ ।

## ६.३ घटना अध्ययन

अनुसन्धानमा संलग्न दरै बस्तीका ४२ घर परिवारको फरक फरक आर्थिक अवस्था र शैक्षिक, अवस्था रहेको भए पनि मुख्यतः केही राम्रो परिवार र केही कमजोर परिवारलाई लिएर उनीहरूको शैक्षिक अवस्था कमजोर हुनुमा मुख्यतः आर्थिक पक्ष नै हो । जुन कुरा घरधुरी सर्वेक्षण, समूह छलफल, तुलनात्मक अध्ययन आदिबाट पुष्टि भईसकेको छ । यसलाई थप प्रमाणित र तार्किक बनाउन र अनुसन्धानलाई पूर्णता दिन आर्थिक/शैक्षिक अवस्था राम्रो मानिसका ३ घर परिवार र कमजोर मानिसका २ घर परिवारलाई छनौट गरी यहाँ प्रस्तुत गरिएको छ ।

### ६.३.१ घटना अध्ययन १

**घरमूलीः- वसन्तबहादुर दरै (आर्थिक रूपले राम्रो मानिएको परिवार)**

वसन्तबहादुर दरै, रोमलाल दरै र आमा श्रीदेवी दरैका जेठा छोरा हुन् । वि.सं. २०३० सालमा जन्मिएका वसन्तको उमेर ३८ वर्ष भएका छन् । यिनले वि.सं. २०३६ सालदेखि श्री कृष्ण उ.मा.वि.बाट पढाइ शुरू गरी २०४७ सालमा एस.एल.सी पास गरेका थिए । उनको बावु रोमलाल दरै आफू निरक्षर भए पनि छोराछोरीहरूलाई शिक्षा दिनुपर्छ भन्ने सोच भएका र आर्थिक रूपले पनि दरै समाजमा राम्रो परिवारभित्रका पर्दथे । विद्यालय खोल्ने क्रममा उनको योगदान महत्त्वपूर्ण रहेको छ । उनी संस्थापक सदस्य पनि थिए । घरायसी अवस्था राम्रो भएकाले नै वसन्त दरै र उनका ३ भाइले र २ दिदी बहिनीले कम्तीमा पनि नि.मा. तह को शिक्षा पूरा गरेका छन् ।

वसन्तबहादुर दरै, दरैजातिमा सबैभन्दा पहिलो एस.एल.सी. पास गर्ने व्यक्ति हुन् । उनले त्यसपछि उच्च शिक्षा हासिल गर्न केही समय पोखरा पृ.ना. क्याम्पसमा भर्ना

भए पनि साथीहरूको लहैलहैमा लागेर भारततिर गएकाले पढाइ अगाडि बढ्न नसकेको बताउँछन् । त्यतिबेला गाउँघरमा एस.एल.सी. पास गर्ने व्यक्तिले शिक्षक जागीर पाउन सजिलो भए पनि उनले भने त्यो अवसर प्राप्त गर्न सकेनन् । उनी राजनैतिक पूर्वाग्रही सोंच र पहुँचका कारण शिक्षक बन्न नसकेको बताउँछन् ।

पढेर पनि कुनै अवसर नपाएको कारण भारतमा ७/८ वर्ष विताएपछि उनी कतार तर्फ लागे हाल कतार मा ३ वर्ष बिताएर छुट्टीमा घर आएका सन्त केही वर्ष अभै विदेश जाने बताउँछन् ।

एस.एल.सी पास भएपछि विवाह गरेका वसन्त दरैको श्रीमतीले प्राथमिक तह पूरा गरेकी छन् । उनका दुईजना छोराहरू छन् । जेठा छोरा वर्ष १४ का कक्षा ९ मा पढ्दै छन् भने कान्छो छोरा अम्बर दरै वर्ष १३ का कक्षा ७ मा श्री कृष्ण उ.मा.वि. मा अध्ययन गरिरहेका छन् । आफूले पनि बावुको पालामा पढ्ने अवसर पाएकोले नै एस.एल.सी.पास गर्न सकेकोले आफ्नो छोराहरूको शिक्षाको लागि पनि राम्रो वातावरण मिलाउने सोंच राखेका छन् । आफू, श्रीमती र २ छोरा गरी ४ जनाको सानो सुखी परिवार छ । यो परिवार प्राथमिक तह (न्यूनतम) पूरा गरेको साक्षर एवं शिक्षित परिवारको रूपमा रहेको छ ।

पैतृक (बावुको) सम्पत्तिको रूपमा ८ रोपनी खेत र ७ रोपनी पाखो वारी अंशको रूपमा प्राप्त गरेका वसन्त दरैले आफ्नै कमाइबाट एउटा घडेरी थप गरेको बताउँछन् । आफ्नै खेतबारी बाट १५/१६ मुरी धान, १० मुरी मकै, १ मुरी मास, तोरीलगायत मिश्रित अन्न उत्पादन गरीरहेको, साथै ३ वटा भैंसी, २ वटा गोरू, ४ वटा बाखा, सुँगुर १ वटा, २०-३० वटा कुखुरा पालेर घर खर्च राम्रै सँग धानेको बताउछिन श्रीमती दलीमायाँ दरै ।

वसन्तबहादुर दरै कतारमा मासिक २०,०००।- रूपैयाँ तलब बचत गर्न सक्छन् । वर्षको भन्डै २ लाख कमाइ गरिरहेका छन् । उनको कमाइ घरखर्चमा लगानी गर्न नपर्ने भएकाले आवश्यक परे छोराहरूको पढाइको लागि खर्च गर्न सकिने अवस्था छ । उनले आफ्नो पढाइलाई अगाडि बढाउन नसके पनि छोराहरूले चाहेसम्म पढ्ने वातावरण मिलाउने र उनीहरूलाइ कुनै प्रकारको अभाव को अनुभव गर्न नदिने सोंच रहेको कुरा व्यक्त गर्दछन् वसन्त दरै ।

तपाई र तपाईको परिवारको शैक्षिक अवस्था राम्रो हुनको मुख्य कारण केलाई ठान्नु हुन्छ ? भन्ने प्रश्नमा वसन्त दरैको भनाइ यस्तो रहेको छः- "हाम्रो जस्तो पिछडिएको दरै

जातिहरूको लागि मुख्य समस्या भनेकै परिवारको घर खर्च धान्नु नै हो । जुन परिवारमा खाने लाउने समस्या छैन त्यस परिवारले आफ्ना केटाकेटीहरूलाई नियमित विद्यालय पढाउन सक्छन र उनीहरू कम्तीमा पनि लेख पढ गर्न सक्ने बन्दछन्, त्यसैले आर्थिक पक्ष राम्रो हुन नै शिक्षाआर्जनको लागि पहिलो शर्त हो, हाम्रो लागि ।"

बुवा रोमलाल दरै आफै निरक्षर हुनुहुन्छ । उहाँ आर्थिक रूपबाट सम्पन्न भएकै कारण छोरा छोरीको पढाइलाई कहिल्यै छोड्न परेन । आफूसँगै भर्ना भएका कतिपय साथीहरू घरको समस्याका कारण पढ्न छुटाइएका उदाहरण पनि छन् । उनीहरू साना छँदा घरमा भाइबैनी हेर्नुपर्ने बुवा आमा अरूको काममा जानुपर्ने, केही ठूलो भए आफै पनि गाइबाख्रा चराउन जानुपर्ने, दैनिक ज्यालादारी काममा हिडनुपर्ने हुँदा कामको दुःखले गर्दा पछि भारततिर नोकरी गर्न जाने क्रम बढ्दै गयो भने हाल उमेर पुगेका र पढ्न छोडेका युवाहरू कतार, साउदी जस्ता वैदेशिक रोजगारतर्फ आर्कषित भएका छन् । त्यसैले निरक्षतासँग निर्धनता जिम्मेवार रहेको यस घटना अध्ययनले पुष्टि गर्दछ ।

### ६.३.२ **घटना अध्ययन नं २**

**घरमूलीः-** सावित्री दरै, वर्ष ३० (आर्थिक रूपले राम्रो परिवार)

आजभन्दा १५ वर्षअगाडि रामपुर पाल्याबाट पुट्टार बलबहादुर दरैसँग विवाह गरी आएकी सावित्री दरैले त्यति बेला १५ वर्ष पुगेकी ७ कक्षासम्म अध्ययन गरेकी थिइन् । अहिले उनका ३ वटा छोरी छन् । जेठी छोरी १३ वर्षकी कक्षा ७ मा पढ्दै छिन् भने माइली छोरी वर्ष १० की कक्षा ४ मा र कान्छी छोरी वर्ष ४ की बोर्डिङमा नर्सरी कक्षामा पढ्दै गरेकी छिन् । सावित्री दरैको अझै पढ्ने रहर थियो । विवाहको कारण रोकिएको गुनासो गर्छिन् ।

वि.सं. २०५२ सालमा बल बहादुर दरैसँग विवाह हुँदा उनले एस.एल.सी. पास गरी आइ.ए. पढ्दै गरेका थिए । शायद दरै जातिमा आइ.ए. पास गर्ने मध्येका बल बहादुर दरै नै पहिलो व्यक्ति हुन् । बावु बाजेको पूर्ख्यौली सम्पत्तिमा २ रोपनी खेत र १० रोपनी पाखो वारी अंशमा पाएका बल बहादुरको घरायसी अवस्था राम्रो मान्नुपर्छ । बावु बाजेको पालादेखी नै खानलाउन समस्या नभएकाले नै सबै दाजुभाइ (३ जना) ले पढ्ने मौका पाएका छन् । अन्य दुईजना दाजुहरूले कक्षा ८ पास गरेका छन् भने ३ जना दिदी बहिनीहरू सामान्य साक्षर थिए उनीहरूको विवाह भई सकेको छ ।

बलबहादुर दरैले आइ.ए.पास गरी सकेपछि (वि.सं.२०५८ साल) विद्यालयमा शिक्षक हुने वा सरकारी जागीर खाने इच्छाले धेरै मेहनत गरे । तर त्यस्तो कुनै क्षेत्रमा पनि अवसर नपाएपछि भारततर्फ गई ३-४ वर्ष बिताउने काम गरे । भारतबाट फर्केर आएपछि पुन २०६२-६३ सालपछि गाउँकै निजी बोर्डिङ खोली त्यसैमा पढाउने काम गरे । त्यहाँपनि आफूले सोचे जस्तो पारिश्रमीक नपाएपछि बैदेशिक रोजगारका क्रममा हाल कतारमा पुगेका छन् र २ वर्ष विताइसकेका छन् । उनी विदेश गएपछि उनकी सानी छोरी सृष्टि दरै बोर्डिङको नर्सरी कक्षामा पढिरहेकी छन् । जेठी छोरी र माइली छोरी सरकारी स्कूलमा क्रमशः कक्षा ७ र ४ मा पढ्दैछन् ।

घरमा बसेकी उनकी श्रीमतीले भने आफ्नो जग्गा जमीनमा खेतीपाती गरेर धान ५ मुरी, मकै १० मुरी, गहुँ १ मुरी, मास २ मुरी र अन्य खेतीपाती वर्सेनी भित्र्याउने गर्दछिन् । त्यसै गरी भईसी १ गाई २, बाखा ४, सुँगुर १ कुखुरा २० वटा पाल्ने गरेकाले कतिपय अवस्थामा आफ्नै कृषि, पशुपालनबाट नै घर खर्च चल्दै आएको छ । श्रीमानको कमाइ केही मात्रामा चामल खरीद लगायत शिक्षा र स्वास्थ्यमा खर्च हुने गर्दछ । नयाँ घर निर्माण गरी वारी बिराउने जस्ता कार्यहरू पनि यसै वर्ष भएकोले बचतको सम्भावना देखिदैन ।

बलबहादुर दरै हाल कतारमा नोकरी गर्छन् । उनले मासिक २५०००।- तलब बुझ्ने हुदाँ केही वर्षभित्र उनीहरूको पारिवारिक स्तर माथि उठ्ने देखिन्छ । अझै ८-१० वर्ष कतार बस्ने र छोरीहरूको शिक्षा दीक्षा राम्रोसँग दिलाउने श्रीमान्को इच्छा रहेको र घरमा पनि सोही खालको वातावरण बनाउने प्रयास गरेका छौं । बिहान बेलुका टयूसन कक्षामा २ वटा छोरीहरू लाई पठाइन्छ । बोर्डिङमा मासिक ३५०-५५० सम्म शुल्क तिर्न पर्ने हुँदा शिक्षामा बढि लगानी भईरहेको छ भनी उनकी श्रीमतीले भन्ने गर्छिन् ।

सावित्री दरैको श्रीमान् र ३ वटा छोरी गरी ५ जनाको परिवार सुखी परिवारको रूपमा रहेको छ । पढाइको हिसाबले घरका सबै जना साक्षर र शिक्षित पनि रहेका छन्, शिक्षाप्रति सचेत भएकै कारण बालबच्चाहरूले राम्रो अवसर प्राप्त गरेका छन् । १०० प्रतिशत नै साक्षर परिवारको लागि आर्थिक पक्ष कति जिम्मेवार रहेको छ भन्ने जिज्ञासामा सावित्री दरै भन्छिन्:- "घरको समस्या नपरे खान लाउन कुनै दुःख नभएर मात्रै परिवारले ढुक्कसँग पढ्न पाउँछन्, पहिलेदेखि नै हाम्रो घरको अवस्था राम्रो भएकाले नै श्रीमान्ले पढ्ने अवसर पाउनुभयो । उहाँहरूलाई पढ्ने बेलामा कुनै अवरोध भएन । माथिको पढाइलाई अगाडि बढाउन नसक्ने अवस्था थिएन चाँहेको भए पढ्न सक्नुहुने स्थिति हुदाँहुदै पनि

छोरीहरू जन्मिसकेका र उनीहरूको दायित्व बढेकाले नोकरी गर्नुपर्ने बाध्यता परेको थियो । आर्थिक अवस्था राम्रो नभएका परिवारका बच्चाहरू पढाइमा नियमित हुन सक्तैनन् । काममा बढि जानुपर्ने, बावु आमालाई सहयोग गर्नुपर्ने हुँदा बीचैमा पढाइ छोडेका छन् । सबभन्दा पहिलो शर्त भनेको घरको आम्दानी राम्रो हुनुपर्छ । जबसम्म आफ्नै उत्पादनले घर खर्च धान्न सकिदैन तबसम्म त्यस परिवारको अभिभावकले पनि बच्चालाई स्कुलमा नियमित गराउन सक्दैन किनकि दैनिक गुजारा चलाउन बावुआमाले र घरमा काम गर्न सक्नेले काम गर्नुपर्ने बाध्यता भएकाले स्कूल छुट्न सक्ने हुन्छ त्यसैले उनीहरू पढाइलाई निरन्तरता दिन सक्दैनन् । पढाइलाई निरन्तरता नदिएकै कारण फेल भएर स्कूल जान मन नगर्ने कारणले गर्दा उक्त बच्चाहरूले बीचमै पढाइ छोडने गर्दछन् । यस्ता थुप्रै उदाहरणहरू हाम्रै सामु रहेकोले हाम्रो जस्तो पिछडिएको जातिमा पढाइलाई प्रत्यक्ष प्रभाव पार्ने तत्व आर्थिक अवस्था हो भन्ने भनाई सावित्री दरैको पाइन्छ ।

### ६.३.३ **घटना अभ्ययन नं. ३**

**घरमूली:-** मीनबहादुर दरै (आर्थिक अवस्था राम्रो भएको परिवार)

मीनबहादुर दरैको मुख्य पेशा कृषि भए पनि उनी विगत १० वर्षदेखि व्यापार गर्दै आएका छन् । आफ्नै घरमा किराना सामानहरू बिक्री गर्छन् । आफ्नो व्यापारबाट खासै सन्तुष्ट नभए तापनि पनि पहिलेदेखि गरिआएको र उमेरले पनि बाहिर जान नसक्ने भएकाले यस पेशालाई अगाडि बढाइरहेका छन् ।

मीनबहादुर दरै आफू ४५ वर्ष भईसक्नु भएको छ । श्रीमती ४२ वर्ष, जेठा छोरा उदय दरै २२ वर्ष, बुहारी सीता दरै २१ वर्ष, माइलो छोरा दानबहादुर दरै १७ वर्ष, र छोरी फूलमायाँ दरै १४ वर्षकी गरी जम्मा ६ जनाको परिवार रहेको छ ।

मीनबहादुर दरै आफूले कक्षा ५ पास गरेका छन् । उनकी श्रीमती मनकुमारी दरै साक्षर छन् । छोरा उदयबहादुर दरै ९ कक्षा पास छन् । अर्को छोरा दानबहादुर दरै ६ कक्षा पास छन् र छोरी फूलमाया कक्षा ६ मा पढ्दै छन् भने बुहारी सीता दरैले ७ कक्षा पास गरेकी छन् । यसरी साक्षरताको हिसाबले हेर्ने हो भने उनको परिवार पूरै साक्षर छ अर्थात् १००% नै साक्षर देखिन्छ ।

मीनबहादुर दरैले पैतृक सम्पत्तिमा ३ रोपनी खेत, ७ रोपनी बारी र २ रोपनी घरवारी गरी जम्मा १२ रोपनी जग्गा जामिन प्राप्त गरेका छन् ।

बाबु बाजेको पालादेखि नै धनी परिवार भित्र पर्ने मीनबहादुर दरैले कक्षा ५ भन्दा बढि पढाइ हुने विद्यालय नजीकमा नभएको र घर छोडेर बस्नुपर्ने हुँदा पढाइ बीचमै छुटेको बताउँछन् । आफ्नो भाइ र बैनीहरूले पनि प्राथमिक तहको अध्ययन पूरा गरेका छन् । पढ्ने समयमा त्यस्तो कुनै पनि अवरोध थिएन, घरायसी समस्याले पढाइलाई वाधा पुगेको थिएन । आफूले प्राथमिक तहसम्म पढ्न सकेकोले नै अहिले व्यापार व्यवसाय गर्न सक्ने भएको बताउँछन् ।

सुरूका दिनहरूमा व्यापारबाट राम्रै फाइदा भएकाले केही बचत गर्न सकिएको र आजकल बढि उधारो जाने र अन्य थप पसलहरू पनि खुलेकाले कमाइ घटेको बताउँछन् । कृषि कार्य र व्यापारबाट भएको आम्दानीले आफ्नो परिवार पाल्न कुनै कठिनाइ नभएको साथै, छोरा छोरीको पढाइलाई बढि महत्त्व दिएको भए तापनि जेठो छोराले आफूखुशी विवाह गरी पढाइ छोडेपछि उसलाई कतारतर्फ पठाइ दिएका छन् । अहिले उनले कतारबाट मासिक १५०००।- का दरले कमाइ गरिरहेका छन् । उनी भन्छन् छोराको कमाइले मेरो आर्थिक भार कम गरिदिएको छ । यतातिर बुहारी र श्रीमतीले पनि कृषि कार्यमा बढि ध्यान दिएकाले उत्पादनमा पनि वृद्धि भएको छ भनी मीन बहादुरले भन्ने गर्छन् ।

आफैले कमाइ गरेको खेतीबारी बाट धान ७ मुरी, मकै १० मुरी, मास १ मुरी त्यस्तै तोरी, गहुँ पनि घरखर्चको लागि आवश्यक उत्पादन हुने गर्दछ । भईसी १, गोरू २, बाख्रा ५, कुखुरा १० वटा पालिएका छन् यिनै कृषिजन्य उत्पादन र पशुपालनबाट पनि घर खर्चको लागि सहयोग पुगिरहेको छ । आफ्नै उत्पादनले ७-१२ महिनासम्म खान पुग्ने अवस्था छ । अहिले परिवार सङ्ख्या बढेको कारण नपुग खाद्यान्न आफ्नै पसलबाट पूर्ति गरिएको छ भनी उनी आफ्नो अवस्था बताउँछन् ।

शैक्षिक अवस्था राम्रो बनाउन विशेष गरी कुन पक्षको भूमिका महत्वपूर्ण भएको ठान्नुहुन्छ ? भन्ने जिज्ञासामा मीनबहादुर दरै भन्दछन्:- “पहिलेदेखि नै घरको आर्थिक अवस्था राम्रो भएको कारण प्राथमिक तहसम्मको पढाइलाई निरन्तरता दिइयो । तर वावुको मृत्यु भएकाले घरको जिम्मेवारी लिनुपर्ने र भाईवहिनीलाई पढाउनका लागि थप आर्थिक भार आफैले वहन गर्नु परेकोले व्यापार शुरू गरेको कुरा उनी वताउछन्” । व्यापारसंगै राजनीति सेवामा पनि लागेका मीनबहादुरले २ पटकसम्म वडाध्यक्ष भएर काम गरेका थिए । उनी सँग समुदायसँग कसरी घूलमिल हुने र सामाजिक सेवासम्बन्धी अनुभव पनि भएका कारण, शिक्षाको महत्त्व बुझाउन र शिक्षा आर्जनका लागि मानिसहरूलाई सचेत

गराउन राष्ट्रिय साक्षरता अभियानजस्ता कार्यक्रममा सहयोग पनि गरेका छन् । शिक्षा आर्जनको लागि अन्य सबै पक्षहरू आ-आफ्नै ठाउँमा महत्त्व राख्न सक्छ, तर निर्णायक भूमिका भने आर्थिक पक्ष नै हो । पढाइका लागि आवश्यक सरसामान खरीद गर्नुभन्दा पनि घर परिवारको लागि आवश्यक आय आर्जनको महत्त्वपूर्ण स्रोत भएन र घरका सदस्यहरू दैनिक गुजारा चलाउन अरूको मेला पर्म, ज्यामी ज्याला, मजदूरी गर्नुपर्ने भएमा त्यस्तो परिवारले आफ्नो केटाकटीहरूलाई विद्यालयमा नियमित बनाउन सक्तैन । हाम्रै दरै समुदायका अधिकांश घर परिवारको आर्थिक स्थिति कमजोर छ । उनीहरू चाहेर पनि काम गर्न सक्ने केटाकेटीलाई काममा पठाउन बाध्य छन् । प्रायजसो बावु, दाजु विदेश भएको अवस्थामा घरको काम गर्नुपर्ने र बावु आमो कमाइ  गर्न नसक्नाले बच्चाहरूलाई नै कमाउने स्रोत मानेका कारण नै पढाइतर्फ  त्यति ध्यान दिन सकिरहेका छैनन् भन्ने आफ्नो समाजप्रतिको उनको धारणा यस्तो छ ।

### ६.३.४ **घटना अध्ययन नं**. ४

**घरमूलीको नामः** कालिमाया दरै (कमजोर आर्थिक अवस्था भएको)

उमेरले ५० वर्ष पूरा भईसकेकि कालिमायाँ दरै एक छोरा, एक बुहारी, ३ जना नातिनी, १ नाति र २ छोरी गरी ९ जना परिवारकासाथ बसेको एउटा ठूलो परिवारको घरमूलि हुन् । उनका छोरा ३७ वर्षीय यजबहादुर दरै भारततर्फ नोकरी गर्दछन् । उनी सामान्य साक्षर भएको र बुहारी यमकुमारी दरै निरक्षर नै छन् । दुईजना छोरीहरू पनि निरक्षर छन् । २ जना नाति र नातिनीबाहेक अन्य सदस्यहरू लेखपढ गर्न जान्दैनन् उमेरले भरखर ७-१० वर्ष भित्रका नाति नातिनीहरू स्कूल पढ्न जान्छन् ।  १८-२० वर्षका दुई छोरीहरू निरक्षर नै छन् ।

कालिमायाँ दरै आफू पनि निरक्षर छन् । विगत ५ वर्ष पहिले आफ्नो श्रीमान्लाई गुमाएकी कालिमायाँ एकल महिला हुन् जसले सिङ्गो ९ जनाको परिवारको नेतृत्व गरिरहेकी छन् । २ वर्षमा एक चोटी दशैंतिहार पारेर घर आउने आफ्नो छोरालाई घर व्यवहारबारे केही पनि थाहा नभएको बताउँछिन् । उनी छोरीहरूको विवाह गर्न बाँकी रहेको, पढ्न नपाएको कारण विहे गर्न कठिन भएको मूल्याङ्कन गर्न सक्ने कालिमायाले छोराछोरीलाई किन पढाउन सकिनन्? पढाउन कुन कुराले बाधा पाऱ्यो भन्ने विषयमा जिज्ञासा राख्दा उनको तर्क यस्तो रहेको पाइयोः- “सानै उमेर करिव १२ वर्षमा विहे भएर आउँदा घरको अवस्था ज्यादै कमजोर थियो । बाजे बज्यैले साहुको घरमा काम गरेर ल्याएको अन्न

अनाजले परिवारको छाक टार्नु पर्थ्यो । घरमा काम गर्न सक्ने सबै जनाले घरको वा साहूको मेलापातमा नै खटिनु पर्थ्यो । एउटैमात्र छोरा भएको कारण बाजेको सम्पत्ति अंशबन्डा गर्नु परेन ६ रोपनी पाखोबारी जहाँ मकै, मासभन्दा अरू खेती हुँदैनथ्यो वर्षभरीमा आफ्नो बारीमा उत्पादन भएको १० मुरी मकै र २ मुरी मासले वस्तुभाउलाई दाना कुँडो आफूले बिहान बेलुकाको छाक टार्नु पर्दा ३-४ महिनासम्म पनि धान्न धौ-धौ पर्ने भएकाले छोरा छोरीलाई ज्याला मजदूरीमा पढाउनु पर्ने बाध्यता थियो । पढ्ने उमेरमा घरमा भाइबैनी हेर्नुपर्ने, काम गर्न सक्ने भएपछि गाईबाखा चराउन गोठालो जानुपर्ने र साहूको घरमा घाँस, दाउरा, मेलापात गरेर ल्याएको खर्चले घर चलाउन पर्ने अवस्था रहेकाले छोरा छोरी पढाउन सकिएन ।"

आफ्नो घरको अवस्था राम्रो भएको भए आफ्नै कमाइले खान लाउन पुगेको भएर बाउ बाजेको पालामा जग्गा जमीन प्रशस्त भएको भए त्यति धेरै दुःख पनि नहुने र छोराले विदेश धाउनु पर्ने पनि थिएन । वर्षको ५०,००० हजार रूपैया जति कमाइ छोराको रहेको छ । घरमा हामीले गरेको खेतीपाती र फुर्सदको समयमा (घरको काम नहुँदा) घरछिमेकीको निमेक गरेर ल्याएको नगद, अन्नपातले घर व्यवहार मुस्किलले धानेका छौं । छोरा छोरीले नपढे पनि नाति नातिनीहरूलाई पढाउनु पर्छ भनेर स्कूलमा पढाएका छौं तर ठूली नातिनी अहिले १४ वर्ष भईसकी उसको पढाइ पनि राम्रो छैन ४ कक्षामा पढेकी छे । कहिले घरको काममा राख्ने कहिले पढाउने गर्दा ३ पटकसम्म फेल भईसकेकीले पढ्ने जान नमानेर छोड्ने अवस्थामा पुगेकी छ ।

यसरी यो कालिमायाँको ठूलो परिवारमा दैनिक घर खर्च चलाउन सबैले काम गर्नुपर्ने बाध्यता र स्कूल मै पढीरहेका बच्चाहरू पनि घरायसी काममा बेला-बेलामा रोकिनु पर्ने साथै नियमित हुन नसक्ने भएकै कारणले शैक्षिक अवस्था कमजोर भएको प्रमाणित भएको छ यसको मुख्य कारक तत्त्व चाहिँ आर्थिक पक्ष नै रहेको पाइयो ।

### ६.३.५ घटना अध्ययन नं. ५

**घरमूलीको नामः** मनीराम दरै वर्ष ५९ (कमजोर आर्थिक अवस्था भएको परिवार)

उमेरले झण्डै ६० वर्ष पुगेका मनीराम दरैको श्रीमती गोमाया दरै, वर्ष ५०, छोरीहरू, भुवानी माया दरै, लीला दरै, यमकुमारी दरै गरी ३ जना र छोराहरू जीवलाल दरै, उमबहादुर दरै र यमबहादुर दरै गरी ३ जना जम्मा ८ जनाको ठूलो परिवारसँगै बसोबास गरेका छन् ।

मानिराम दरै आफू पनि निरक्षर छन्, श्रीमती र तीन छोरी अनि एक छोरा गरी ६ जना निरक्षर रहेका छन् भने २ छोरा उमबहादुर ८, यम बहादुर उमेरले क्रमशः १४ र १२ वर्ष भईसकेका तर कक्षा ३ र २ मा पढेर छोडि सकेको अवस्था छ ।

मनिराम दरैको जेठो छोरा जीवलाल दरै उमेरले १८ वर्ष पूरा भएका छन् । हाल उनी भारतको काश्मीरमा नोकरी गरिरहेका छन् । माइलो र कान्छो छोरा पनि पढाइ छोडेर घरै बसेका छन्, दाजु घर फर्किएपछि उसैसँग काश्मिर जाने तयारी गरिरहेका छन् । छोरी भुवानी विवाह भएर पनि माइतीमा बसेकी छन् त्यस्तै लीला र यमकुमारीले बावुआमाको काममा सघाइरहेका छन् । उनीहरूको विवाह गर्ने उमेर भएतापनि विवाह गर्न बाँकी नै छ । ३ जना छोरीहरू लेखपढ गर्न राम्रोसँग जानेका छैनन् । गएको वर्ष साक्षरता कक्षा पढेका भए पनि राम्रोसँग सिकी नसकेको कारण दिगो हुन सकेन ।

मानिराम दरैले आफ्नो बावुको पैतृक सम्पत्तिबाट ५ रोपनी पाखो बारी प्राप्त गरेका छन् । खेत कत्ति पनि नभएकाले अरूको खेत अधिया कमाउनु पर्ने बाध्यता छ । बावुको पालादेखि नै घरको आर्थिक अवस्था नाजुक भएकाले पढ्न लेख्न पाएनन् उनी पनि सानैदेखि बावुलाई सघाउनुपर्ने साहू महाजनकामा मेलापात जानुपर्ने, ज्यालादारीमा धाउनुपर्ने हुँदा पढ्न जान सकेनन् ।

उनको परिवारको सङ्ख्याको तुलनामा प्राप्त जमीन निकै कम छ । आफ्नै जमीनमा भएको उत्पादन १० मुरी मकै, १ मुरी कोदो, ३ मुरी मास मिलाएर प्रयोग गर्दा ३-४ महिनासम्म खान पुग्ने देखिन्छ । यिनले २ वटा भईंसी, २ बाखा, १ सुँगुर र ८ वटा कुखुरा पालेका छन् । यिनैलाई बेचेर नून तेलको खर्च टार्न सहयोग पुगेको बताउँछन् ।

आफ्नो परिवारका सदस्यहरूले नपढेको र पढ्न नपाएको कारण के होला भन्ने जिज्ञासामा मनिराम भन्छन्:- "पहिले पनि घरमा काम नगरी खान नपुग्ने अवस्था थियो । बावु आमालाई काममा सघाउनु पर्ने हुँदा आफूले पढ्न सकिएन विद्यालयको बारेमा उनी भन्छन् । त्यसैगरी आफ्नो छोरा छोरीको पालामा गाउँमा विद्यालय खुल्यो । विद्यालय खोल्न धेरथोर हामीले पनि सहयोग गऱ्यौं सानो हुँदा पढ्न खोजी गरेनन् तर छोराछोरीलाई अलि कति काम गर्न सक्ने भएपछि घरमा भाइबैनी हेनुपर्ने, वस्तुको गोठालो जानुपर्ने र घरको काममा सघाउनु पर्ने बाध्यता भयो । उनीहरूलाई स्कूल पठाएर घर व्यवहार चलाउन गाऱ्हो पर्थ्यो । त्यतिबेलाको ठूलो समस्या भनेको खान र लाउन नै भएकाले पढाइलाई महत्त्व दिन सकिएन । पढे पनि नपढेपनि हाम्रा दरैहरूले नोकरी पाउँदैनन् । भारततिर गएर दुःख नगरी

हुँदैन त्यसैले, घरको समस्याले पनि पढाउन सकिएन । घरमा राम्रो व्यवस्था भएका दरैहरूले त पढिरहेका छन् । पहिले पनि गरिव नै थियौ, अहिले पनि प्रगति गर्न सकिएन, अब छोरा/बुहारीले नाति नातिनाहरूलाई राम्रो गर्न सके हुन्थ्यो भन्दै दुःखेसो पोख्छन् मनिराम दरै ।"

यसरी माथिका ५ वटा घटना अध्ययनबाट जुन ३ वटा आर्थिक रूपले राम्रो र २ वटा कमजोर भएका परिवारको अध्ययन गरियो । यस अध्ययनले के कुराको पुष्टि गरेको छ भने पूर्ख्यौली अवस्थादेखि र हाल पनि घरको आर्थिक अवस्था राम्रो भएका केटाकेटीहरूले पढ्ने अवसर पाएका छन् कम्तीमा नि.मा.वि. तह पूरा गरेको पाइयो साथै कुनैकुनै परिवारले आफ्ना बच्चालाई बोर्डिङमा पनि बढि लगानी गरेर पढाइरहेका छन् । तिनै राम्रा अवस्था भएका घरकामूलीहरूले बढि लगानी गरेर कतार, साउदी जस्ता समुद्रपारका मुलुकहरूमा नोकरी गरेर आफ्नो आर्थिक अवस्थालाई अझ माथि उठाउन सफल भएका छन् ।

घरको कमजोर आर्थिक अवस्था भएका २ घर दरै परिवारको सङ्ख्या पनि ठूलो पूख्यौली सम्पत्ती पनि कम भएको, अरूको जग्गा कमाइ गरेर, ज्यामी ज्याला गरेर खर्च टार्नु पर्ने धेरै मुख भएपछि धेरै हातले काम गर्नुपर्ने अवस्था छ । उनीहरू चाहेर पनि पढ्न सकेका छैनन् । साक्षरता कक्षामा पनि विहान बेलुका जान नसक्ने अवस्थाले गर्दा निरक्षर भएर बस्नुपर्ने अवस्था देखियो । दिनमा कामको बोझ र हातमुख जोर्ने समस्या नै शिक्षा आर्जनको बाधक रहेको पुष्टि भएको छ । हुनत शिक्षा आर्जनमा अन्य तत्त्वहरू पनि धेर थोर जिम्मेवार हुन सक्छन् तर सबैभन्दा मुख्य कारक तत्व आर्थिक पक्ष नै भएको समग्र अनुसन्धानको निचोडमा पाइन्छ ।

# अध्याय - सातौं

## सारांश, निष्कर्ष र सुझाव

### ७.१ सारांश

यस शोधपत्रको अनुसन्धानकर्ता/शोधकर्ताले समाजमा पिछडिएको जनजाति दरै जाति जुन भौगोलिक रूपमा अत्यन्त पछाडि परेको क्षेत्रमा बसोबास गर्दै आएको छ । शैक्षिक तथा आर्थिक रूपले पछाडि परेको छ । त्यस जातिमा वास्तविकता पत्ता लगाई सुझाव पेश गर्ने उद्देश्यले यो शोधकार्य सम्पन्न गरेको हो ।

प्रथम खण्डमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, अवधारणागत खाका रहेका छन्, जसमा परिचयको क्रम समग्र शिक्षा र शैक्षिक अवस्था एवम् उक्त दरै जातिको शैक्षिक एवम् आर्थिक अवस्थाको संक्षिप्त अवस्था दर्शाउन खोजिएको छ । समस्याको कथनमा उक्त दरै जातिको शैक्षिक अवस्थालाई आर्थिक अवस्थाले पारेको प्रभावलाई मुख्य विषय वस्तु बनाई यससँग सम्बन्धित अन्य पक्षहरूको बारेमा पनि संक्षिप्त जानकारी दिइएको छ । अध्ययनको उद्देश्यअन्तर्गत सामाजिक/साँस्कृतिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्नु, आर्थिक अवस्थाको यथार्थता पत्ता लगाउनु, शैक्षिक अवस्थाको अध्ययन गर्नु र आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभावबारे विश्लेषण गर्नु मुख्य ३ वटा उद्देश्य राखिएको छ । यस अध्ययनले उक्त दरै जातिहरूको शैक्षिक अवस्था कमजोर हुनुमा आर्थिक पक्षको भूमिकालगायत शैक्षिक उत्थानमा थप योगदान पुऱ्याउन सक्ने निष्कर्ष निकाल्नु नै यसको महत्त्व रहेको छ । साथै तनहूँ जिल्लाको गजरकोट गा.वि.स.वडा नं. ५ पुट्टारस्थित दरै गाउँका ४२ घरधुरी परिवारको आर्थिक र शैक्षिक पक्षको खोज अध्ययन यस शोधको सीमा रहेको छ । अवधारणगत खाका आर्थिक, शैक्षिक/सामाजिक/सांस्कृतिक पक्षहरूलाई सम्बन्धित गरी अध्ययन गरिएको छ । अन्त्यमा अन्तर सम्बन्धित संगठनात्मक ढाँचा प्रस्तुत गरिएको छ ।

द्वितीय खण्ड साहित्यिक पुनरावलोकनअन्तर्गत ऐतिहासिक पृष्ठभूमि जसमा मानव सृष्टिको विकास क्रमलाई जोड्दै नेपालका जनजातिमा दरै जातिको उत्पत्ति र विकास, जनसङ्ख्या विवरण, वस्ती विकासलगायत विभिन्न समाजशास्त्रीले खोज अनुसन्धान कर्ताहरूले प्रस्तुत गरेका पुष्टि, प्रमाणहरू, लेखहरू लगायत दरै जतिका शीर्षगत साहित्यिक

अध्ययन समीक्षा शैक्षिक पक्ष, आर्थिक पक्ष, सांस्कृतिक पक्षअन्तर्गत विभिन्न विद्वान् तथा समाजशास्त्रीका साहित्यिक कृतिहरूको पुष्ट्याइलाई पेश गरिएको छ ।

तृतीय खण्ड अनुसन्धान विधि अर्न्तगत अध्ययन क्षेत्रको छनौट, अनुसन्धानात्मक ढाँचा जस्तै वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग । समग्रता र नमुना छनौटमा ४२ घरपरिवारकै घरधूरी सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन भए पनि घटना अध्ययनमा ५ वटा घरपरिवार प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन विधिमा ४२ घरधूरीमा प्रश्नाबलि सूची लिई अनुसन्धानकर्ता स्वयम् घर/घरमा पुगी घरधुरी सर्वेक्षण गरी यथार्थताको खोजी गरिएको छ । साथै अवलोकन, समूहगत छलफल र घटना अध्ययन र आदि रहेका छन् ।

चार खण्डमा अध्ययन क्षेत्रको परिचय सामाजिक/साँस्कृतिक तथा शैक्षिक अवस्थाको बारेमा व्याख्या विश्लेषण गरिएको छ । जसअन्तर्गत अध्ययन क्षेत्रको सामान्य परिचय, भौगोलिक अवस्था, वडागत जनसङ्ख्या विवरण र उनीहरूको सांस्कृतिक अवस्थाभित्र जन्म, विवाह, मृत्युसंस्कार, परिवार, थर, गोत्र, विभाजन, भाषा, धर्म र खेल, चाडपर्व र मनोरञ्जन, स्वास्थ्य र खानेपानीको बारेमा उनीहरूले भोग्दै र परिमार्जन गर्दै आएका विषयवस्तुलाई समावेश गरिएको छ ।  यस खण्डमा दरै जातिको शैक्षिक अवस्थाको बारेमा विश्लेषण गरिएको छ । अध्ययनमा संलग्न ४२ घर परिवारको शैक्षिक अवस्था, साक्षर, निरक्षर सङ्ख्या, उनीहरूको शैक्षिक पृष्ठभूमि, वर्तमान अवस्था, शिक्षा रोजगारीमा उनीहरूको पहुँच, उक्त बस्तीमा रहेको विद्यालयमा अध्ययनरत केटाकेटीहरूको विवरण, शिक्षाको स्तर, निजी क्षेत्र बोर्डिङ्ग तर्फको पढाइलगायत विभिन्न शैक्षिक सूचकहरूमा उनीहरूको पहुँचको स्थितिलाई समेटिएको छ ।

खण्ड पाँचौंमा अध्ययन क्षेत्रका दरैहरूको समग्र आर्थिक अवस्थासँग सम्बन्धित कृषि, पशुपालन, व्यापार, उद्यम व्यवसाय, नोकरी आदिका बारेमा सत्य तथ्य सङ्कलन गरी विश्लेषण गरिएको छ ।

खण्ड छैटौंमा आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई विश्लेषण गरिएको छ । यस अध्यायमा दरै जातिको १२ वटा सम्पन्न र ५ वटा न्यून आर्थिक अवस्था भएका दुवै स्तरबाट उनीहरूको शैक्षिक अवस्थाका विश्लेषणात्मक अध्ययन गरिएको छ । आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई अझ गहन र विस्तृत रूपबाट यथार्थमा पुग्न आर्थिक अवस्था राम्रो भएका ३ घर र कमजोर भएका २ घर परिवार छनौट गरी

घटनाको अध्ययन गरिएको छ । यस घटना अध्ययन कार्य सम्बन्धित घरपरिवारको घरमूलीसँग प्रत्यक्ष बार्तालाप गरी उनीहरूको समग्र आर्थिक पृष्ठभूमी शैक्षिक अवस्था र आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव बारे उनीहरूको दृष्टिकोणलाई समेटेर घटना अध्ययनलाई पूर्णता दिइएको छ । यहाँ वास्तवमै पुर्ख्यौली रूपबाट सम्पन्न भएको परिवारको शैक्षिक अवस्था राम्रो, वर्तमान परिवेशमा विदेशबाट राम्रो कमाइ भएको परिवारले पनि शिक्षा आर्जनमा लगानी बढाइरहेको पाइयो । कमजोर आर्थिक अवस्था भएको परिवारमा सामान्य साक्षर बाहेक धेरै जना निरक्षर नै रहेका छन् भने त्यसमा पनि प्रौढ साक्षरता अभियानबाट साक्षर भएका उनीहरूको कमाइको ठूलो हिस्सा घर खर्चमा नै लगानी भइरहेको देखियो भने पछि विदेशबाट कमाइ गरी आर्थिक अवस्था सुधार भई सरकारी तथा बोडिङ्ग तर्फ आफ्ना बच्चा पढाउने लगानी बढाउने गरेको अवस्था पुष्टि भएको छ ।

सातौं अध्यायमा सारांश र सुझाव शीर्षकमा यस सिङ्गो शोधकार्य भित्र रहेका मुख्य विषयवस्तु र त्यसलाई के कसरी शोधकार्य सम्पन्न गरियो भन्ने बारे सारांशमा पुष्टि गर्न खोजिएको छ र अध्ययनबाट प्राप्त निष्कर्षलाई उक्त जातिको शैक्षिक तथा आर्थिक वृद्धि र विकास र उत्थानको लागि केही महत्वलाई सुझावहरू पेश गर्ने प्रयास गरिएको छ ।

साथै अन्त्यमा यस शोध कार्यलाई सम्पन्न गर्न विभिन्न समाजशास्त्री, मानवशास्त्री, विद्वान्, दार्शनिक, राजनीतिक विशेषज्ञहरूको लेख रचना, शोधपत्र, पुस्तकहरू आदि सन्दर्भ सामग्रीको रूपमा प्रयोगमा ल्याई यो शोधकार्य सम्पन्न भएकाले तिनीहरूलाई सन्दर्भ सूचीको रूपमा अन्तिम पृष्ठमा उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

**सम्पूर्ण शोध अध्ययनबाट निम्न निष्कर्षमा पुग्न सकिन्छ ।**

अध्ययन क्षेत्रमा समेटिएका दरै जातिहरू नेपालका आदिवासी हुन् । उनीहरू नेपालमा सूचीकृत जनजातिमध्ये सीमान्तकृत समूहमा पर्दछन् । आर्थिक र शैक्षिक रूपले पिछिडिएका यो जाति साँस्कृतिक रूपले पनि धनि भएको भएतापनि आफ्नो मौलिक साँस्कृतिक पहिचानलाई हस्तानतरण गर्न  परिवर्तन गर्न सकिरहेको छैन ।

आफ्नो पुरख्यौली जातीय पेशा माछा मार्ने डुङ्गा चलाउने भए पनि यस वस्तीका दरैहरूको आफ्नो मुख्य पेशाचाहिँ कृषि नै भएको बताउँछन् । कृषि पेशालाई व्यवसायीकरण गर्न नसक्नु परम्परागत कृषि प्रणाली, अर्काको खेत कमाइ गर्नुपर्ने खानको लागि जग्गा जमीन बिक्रीसमेत गर्नुपर्दा क्रमशः गरीब बन्दै गएका दरैहरू नगद आर्जन र परिवार पाल्न

विदेश (भारत) तर्फ ज्यालादारीमा जाने पूरानै परम्परा रहेको र हाल अन्य देश (कतार, अरब) तर्फ जाने क्रम बढ्दो छ । यहाँका दरैहरूको पहिला जग्गा जमीन प्रसस्त भएको र पछि अन्य जातिको बसाइ सरांइ र अतिक्रमणले क्रमशः उनीहरूको जमीन घट्दै, टुक्रदै गएको भेटिन्छ । केही चलाख दरैहरूले आफ्नो जमीनलाई जोगाउन सकेकाले नै अहिले उनीहरुको राम्रो आर्थिक अवस्था भएको परिवारमा गनिन्छ, यस बस्तीका दरैहरू हिन्दू धर्मावलम्बी हुन् उनीहरूमा धार्मिक सहिष्णुता एवम् सामाजिक एकता कायम छ ।

यस बस्तीका दरैहरूको शैक्षिक स्तर ज्यादै कमजोर छ । कुनै पनि जागीरमा प्रवेशको लागि आवश्यक योग्यता बनाउन नसकेको कारण सरकारी जागीरमा प्रवेश गरेको भेटिँदैन । हाल आएर केही युवाहरूले १०+२ सम्मको पढाइलाई निरन्तरता दिइएको पाइए तापनि उनीहरूको शैक्षिक गुणस्तर प्रतिस्पर्धामा आउन सक्ने खालको देखिदैन ।

स्थलगत अध्ययनबाट उक्त दरै बस्तीमा शिक्षाको अवस्था कमजोर हुनुमा उनीहरूको आर्थिक अवस्था नै जिम्मेवार रहेको पुष्टि हुन्छ । राम्रो आर्थिक अवस्था भएको परिवार र कमजोर आर्थिक अवस्था भएको परिवारका बीच तुलनात्मक शैक्षिक अवस्थालाई विश्लेषण गर्दा र नमूना घटना अध्ययनबाट पनि थप पुष्टि भएको पाइन्छ ।

## ७.३ सुझावहरू

अध्ययन क्षेत्रमा बसोबास गर्ने दरैजाति पुर्ख्यौली पेशाा(माछा मार्ने डुङ्गा तार्ने) लाई मात्र आफ्नो जीवन निर्वाहको लागि माध्यम नबनाई कृषि पेशालाई मुख्य आधार वनाएका छन् । वाहुन, क्षत्री, ठकुरी, मगर, कुमाल, जातिसँग मिश्रित बसोवास गर्ने दरैहरू उक्त जातिको तुलनामा शिक्षामा पछाडि परेको पाइन्छ । शैक्षिक स्तर पछाडि पर्नुको कारण खोजी गर्ने क्रममा अनुसन्धान विषयवस्तु छनौट गरी सत्यतथ्य सूचनाहरूको सङ्कलन र विश्लेषण गर्दा उनीहरूको आर्थिक अवस्था नै मुख्य तत्व रहेको निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू पेशा गरिन्छ :

१) दरै जातिको आर्थिक अवस्था कमजोर बन्दै गएकाले रोजगारीमूलक कार्यक्रम र योजनाहरू व्यावसायिक कृषि प्रणाली, पशुपालन, फलफूल, तरकारी खेतीजस्ता कार्यक्रम सञ्चालन गरी उनीहरूलाई सक्षम बनाउने ।

२) जातीय उत्थानको लागि दरै विशेष कार्यक्रम ल्याउने विभिन्न NGO, INGO बाट सहयोग उपलब्ध गराउने ।

३) गाउँमा शैक्षिक जागरण ल्याउन प्रत्येक बालबालिकाका लागि विद्यालय र प्रौढ साक्षरता कक्षामा अनिवार्य गराउने ।

४) फजुल खर्च र बढि भोजभोतेर गरी खर्च गर्ने प्रवृत्ति क्रमशः सुधार गर्ने ।

५) जाँड रक्सीको बढि सेवन गर्ने हुँदा यसले अन्न अनाजको बढि खर्च हुन गई अन्नको अभाव हुने र नोकरी गरी कमाइ ल्याएको धन अन्न खरीदमा नै बढि खर्च परीरहेको तर्फ सचेत गराई बचत गर्ने बानीको विकास गर्ने ।

६) कृषि कार्यलाई आधुनिक र पशुपालन कार्यलाई उन्नत प्रविधिबाट अगाडि बढाउनु पर्ने ।

७) महिलाहरूलाई सिलाइ, बुनाइ तथा घरेलु उद्योगहरू सम्बन्धी तालिम र स्वावलम्बन कार्यक्रम सञ्चालन गर्नुपर्ने जसबाट महिलाहरू स्वयं आत्मनिर्भर बन्न सकुन ।

८) युवाहरूमा रोजगारमूलक कार्यक्रमका साथै अभिभावकहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रमहरूको शुरूवात हुन सकेमा गरीबीको कारण पढाइलाई बीचैमा छाड्ने दरमा कमी ल्याउन सकिने छ ।

९) पहिले गरीब भएको कारण शिक्षा आर्जनमा पछि परियो भने अहिले अशिक्षित भएको कारण भोलि गरिब बन्ने प्रायः निश्चित हुने तथ्यलाई राम्रोसँग दरै जातिमा सचेतना ल्याउनु पर्ने ।

१०) उक्त दरै जातिको शैक्षिक अवस्था कमजोर हुनुमा आर्थिक बाहेक अन्य कारणहरूको बारेमा पनि आगामी दिनहरूमा अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, सूर्यमणि (२०५१), *जीवनपुरका दरैहरू,* चितवनः आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ ।

कैनी, प्रभादेवी (२०६३), *दरै जनजीवन,* त्रि.वि. काठमाडौः नेपाल एशियाली अनुसन्धान केन्द्र ।

घिमिरे, विष्णुप्रसाद (२०६४), *चितवनका आदिवासी जनजातिहरूको सामाजिक र साँस्कृतिक अध्ययन,* चितवनः जि.वि.स. सूचना तथा अभिलेख केन्द्र ।

तामाङ, परशुराम (२०५१), *तामाङ जाति, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौः* कावामिता जे.(अनुवादक मल्ल खड्गमान) २०४७, नेपाल हिमालयका जनजातिहरू लुब्र प्रेस, ।

दरै, लक्ष्मण (२०४३), *दरै भाषा नामक पुस्तक,* चितवनः रामु दरै ।

दहित, गोपाल (२०६२), *थारू संस्कृतिको संक्षिप्त परिचय, आदिवासी जनजाति* उत्थान ललितपुरः राष्ट्रिय प्रतिष्ठान ।

दाहाल, डिल्लीराम (२०५६), *नेपालका पिछडिएका जातिहरूको सामाजिक आर्थिक अध्ययन,* काठमाडौः एशियाली अध्ययन केन्द्र, त्रि.वि.।

पाण्डेय, मधुसूदन (२०६५), *नेपालका जनजातिहरू,* काठमाडौ : पैरवी प्रकाशन ।

भुजेल, अमृत सि.थैन, श. (२००५), *भूजेल जाति र सामाजिक सांस्कृतिक जीवन पद्धति,* काठमाडौ : हिसि अफसेट प्रिन्टर्स ।

मिश्र, डिल्लीराम (२०४५), *नेपाल अधिराज्यमा,* तनहूँ ।

रेग्मी, ऋषिकेश (१९९०), *The Dhimals* Nirala Publication Delhi

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलवारी,* काठमाडौः साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन* काठमाडौः साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०३१), *नेपाली जनजीवन,* काठमाडौः साझा प्रकाशन ।

सिग्देल, पद्मराज (२०६३), *दरै जाति (तनहूँ) को सामाजिक, साँस्कृतिक, आर्थिक अध्ययन* शोधपत्र ।

Bista, Dor Bahadru (1980), *People of Nepal*, Kathmandu: Ratna Pustak Bhandar

Homeberg, H David. (1989), O*rder in Paradox-myth Ritual and Exchange Among Tamang.*

Sharma, Prayag Raj (1977), *Cast, Social mobility and Sanskritization*

# परिशिष्ट

## घरधुरी सर्वेक्षण प्रश्नावली सूची

गा.वि.स. : … … … … … … … … … … … … … … प्रश्नसूची नं.:
वडा नं. : … … … … …  मिति:
टोल नं. : … … … … … … … लिङ्ग : … … … पेशा : … … …
शिक्षा … … … … …

(क) पारिवारिक विवरण:

| सि. नं. | नाम थर | लिङ्ग | | उमेर | वैवाहिक स्थिति | उत्तरदाता | नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | पु. | म. | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |

२) तपाईंको परिवारको किसिम कस्तो छ ? एकल , संयुक्त

३) तपाईंको घरको प्रकार कस्तो छ ? कच्ची , पक्की

(ख) आर्थिक अवस्था:

४) तपाईंको परिवारको स्वामित्वमा रहेको जग्गाको विवरण दिनुहोस् ।

| क.सं. | जग्गाको किसिम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १. | खेत | | |
| २. | पाखो बारी | | |
| ३. | घरबारी (करेशा) | | |
| ४. | खोरिया | | |
| ५. | बन | | |

५) तपाईंको हालको पेशा के हो?

उत्तर: ………………………………………………………………………………

६)	तपाईं आफ्नो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ? छु , छैन

उत्तरः .........................................................................................

७)	यदि सन्तुष्ट नभए कस्तो पेशा गर्न चाहनुहुन्छ?

उत्तरः ...................................................................................

८)	तपाईंको जग्गाबाट (वा कमाइ गरेको जग्गा समेतबाट) वार्षिक कति उत्पादन गर्नुहुन्छ ?

| विवरण | धान | मकै | कोदो | गहूँ | तोरी | मास/मुसुरो | आलु | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| माना | | | | | | | | |
| पाथी | | | | | | | | |
| मुरी | | | | | | | | |

९)	तपाईंको पशुपंक्षी विवरण दिनुहोस्:

| विवरण | भैंसी | गाई | गोरु | बाखा | सुँगुर/बंगुर | कुखुरा | हाँस | परेवा | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | | | | | | | | | |

१०)	तपाईंको परिवारको वार्षिक आम्दानी कति छ ?

| विवरण | कृषि | नोकरी | वैदेशिक रोजगारी | फलफूल तरकारी | पशुपंक्षी बिक्री | व्यापार | अन्य |
|---|---|---|---|---|---|---|---|
| आम्दानी | | | | | | | |
| खर्च | | | | | | | |
| बचत | | | | | | | |

११)	तपाईंको आफ्नो उत्पादनले परिवारलाई कति समय खान पुग्छ ?

(क)	१-३ महिना	(ख)	४-६ महिना

(ग)	७ - १२ महिना	(घ)	बिक्री गर्नसमेत

१२)	यदि आफ्नो उत्पादन र आम्दानीले खान नपुगे घर कसरी चलाउनुहुन्छ ?

उत्तरः .........................................................................................

१३)	यदि बढी उत्पादन भएको अन्न, फलफूल, तरकारी बिक्री गर्नुहुन्छ ?
गर्छु , गर्दिन ।

१४)　यदि बिक्री गर्नुहुन्छ भने कहाँ गर्नुहुन्छ ?

उत्तर : ........................................................................................

१५)　तपाईंको गाउँमा विद्यालय कहिले खुल्यो ?

उत्तर : ........................................................................................

१६)　गाउँमा विद्यालय नखुल्दै पढ्न कहाँ जानु पर्दथ्यो ?

उत्तर : ........................................................................................

१७.　गाउँमा विद्यालय खोल्न तपाईंले कही सहयोग गर्नुभयो ?गरें　, गरिनँ

१८　यदि सहयोग गर्नु भएको भए के कस्तो सहयोग गर्नु भयो ?

उत्तर : ........................................................................................

१९)　तपाईंको शैक्षिक अवस्था कस्तो छ ? निरक्षर　, साक्षर

२०)　यदि तपाईं निरक्षर भए किन पढ्नु भएन ?

उत्तर ........................................................................................

२१)　यदि साक्षरमात्र भए किन पढाइ अगाडि बढाउनु भएन ।

उत्तर ........................................................................................

२२)　तपाईंको गाउँमा निजि (बोर्डिङ्ग) स्कूल पनि खुलो छ ? छ　, छैन

२३)　तपाईंको　छोरा/छोरी कुन विद्यालयमा पढ्छन् ? सरकारी　, बोर्डिङ्ग

२४)　यदि तपाईंको परिवारको शैक्षिक अवस्था न्यून छ भने किन पछाडि पऱ्यो होला ? यसको कारण के के हुन सक्छ ?

उत्तरः ...........................................................................

२५)　शिक्षा दिने क्रममा छोरा र छोरी बीच भेदभाव छ कि छैन ? छ　,　छैन

२६)　यदि भेद देखिन्छ भने किन भेद गर्नुभयो ?

उत्तरः ...........................................................................

२७)　छोरा र छोरीमध्ये कसैले पढ्न छोडेको छ भने, छोड्नुको कारण के हो?

उत्तरः ...........................................................................

## सांस्कृतिक पक्ष

२८) तपाईं यहाँ कहाँबाट आउनु भएको हो ?

उत्तरः ....................................................................................................

२९) तपाईं कुन धर्म मान्नुहुन्छ ?

उत्तरः ..............................................................................................

३०) दरैहरूको मुख्य चाडपर्वहर कुन कुन हुन्?

उत्तरः ..........................................................................

३१) दरै जातिको विवाह सम्बन्धी प्रचलन कस्तो छ ?

उत्तरः ..........................................................................

३२) दरै जातिको विवाह दाइजो (खर्च) के कति गर्ने चलन छ ?

उत्तरः ..........................................................................

३३) दरै जातिको जन्मदेखि मृत्युसम्म के के संस्कार गरिन्छ ?

उत्तरः ..........................................................................

३४) तपाईं कुनै सामाजिक सङ्घ संस्थामा संलग्न हुनुहुन्छ ?

उत्तरः ..........................................................................

३५). यदि संलग्न हुनुहुन्छ भने कुन संस्थामा र कुन भूमिकामा हुनुहुन्छ ?

(क) संस्थाको नामः १ (ख) भूमिका १

२ २

३६) तपाईं आफ्नो सामुदायिक भेला बैठकमा उपस्थित भई आफ्नो तर्क वा सुझाव राख्नुहुन्छ ?

राख्दछु राखेको छैन

३७) तपाईंको घरमा शौचालयको अवस्था कस्तो छ ?

कच्ची , पक्की दुवै छैन

३८) तपाईंको घरमा खानेपानीको व्यवस्था के कस्तो छ?

घरमा धारो , टोलमा धारो , कुलो वा मूलको

३९) तपाईंको टोलमा स्वास्थ्यसम्बन्धी सुविधा कस्तो छ ?

स्वास्थ्य चौकी , हस्पीटल , औषधी पसल

४०) तपाईं घरमा इन्धनको रूपमा बढी कुन प्रयोग गर्नु भएको छ ?

दाउरा , गोबरग्यास , विद्युत , अन्य ...

**समूहगत प्रश्नहरू**

१) दरै समाजको पारिवारिक संरचना पुरुष निर्देशित/वा महिलाो बढी भूमिका कस्को देखिन्छ ?

उत्तरः ........................................................................

२) दरै समाजको आधारभूत शिक्षाभन्दा माथि बढ्न नसक्नुमा मुख्य कारण के के हुन सक्छ ?

उत्तरः ....................................................................................

३) दरै जातिको पुर्ख्यौली पेशा आजको समाजमा कति आवश्यक र सान्दर्भिक देखिन्छ ?

छ , छैन

४) यदि छ भने यसलाई बचाई राख्न के गर्नुपर्ला ?

उत्तरः ....................................................................................

५) दरै जातिको उत्थानका लागि कार्यरत **NGO/INGO** कुनै छन् ?

उत्तरः ..................................................................................

६) यदि छन् भने कुन संस्था कहिलेदेखि र कुन क्षेत्रमा काम गरिरहेको छ ?

उत्तरः ..................................................................................

७) दरै जातिले आधुनिक स्वास्थ्य सेवालाई कसरी उपयोग गरिरहेका छन्?

उत्तरः ..................................................................................

८) दरै जातिको परिवार नियोजनसम्बन्धी धारणा कस्तो छ?

उत्तरः ..................................................................................

९) दरै जाति आफ्नो आवश्यकता पूरा गर्न ऋण वा सहयोग लिन परे कुन संस्था वा व्यक्तिसँग जाने गर्दछन् ?

उत्तरः ..................................................................................

१०) दरै जातिको सरकारी नोकरीमा कस्तो पहुँच रहेको छ ?

उत्तरः ..................................................................................

११) दरैहरू वैदेशिक रोजगारीमा कुन देशमा छन् र कस्तो आम्दानी प्राप्त गरेका छन्?

उत्तरः ....................................................................................

१२) बैदेशिक रोजगारीबाट प्राप्त आम्दानी कुन क्षेत्रमा प्रयोग गरी रहेका छन्?

उत्तरः ....................................................................................

१३) दरै समुदायले अन्य जातिहरूसँग कस्तो सम्बन्ध राख्दछन्?

उत्तरः ....................................................................................

१४) दरैहरूको आफ्नो जातीय उत्थानको लागि चेतनाको स्तर कस्तो देखिन्छ ?

उत्तरः ....................................................................................

समाप्त